
संख्या ६, चैत्र २०६२

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

## नागरिकतामा आमाको नाम खोई ?



# एटविन गतिविधि



हामी सक्छौं - हस्ताक्षर अभियान



हामी सक्छौं - हस्ताक्षर अभियान



हामी सक्छौं - हस्ताक्षर अभियान



हामी सक्छौं - हस्ताक्षर अभियान




हामी सक्छौं - जिल्ला स्तरीय अनुशिक्षण कार्यक्रम



हामी सक्छौं - हस्ताक्षर अभियान





जिल्ला स्तरीय गोष्ठी, धनुषा




पश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, पोखरा

ओसारपसार

संख्या ६, चैत २०६२




सम्पादक मण्डल
विष्णु ओझा
सन्ध्या श्रेष्ठ
भगवती नेपाल
सुजिता शाक्य
विमला ज्ञवाली

प्रकाशन सहयोग
अक्सफाम जी.बी.

डिजाइन
ग्राफिक वर्कशप
बागबजार, काठमाडौं ।
फोन : ४२४२०७२

मुद्रक
स्थापित अफसेट प्रेस, ताहाचल ।

प्रकाशक
महिला तथा बालबालिका बेचबिखन विरुद्ध
सहकर्मी समूह (एटविन) ।
पो.ब.नं. १००८६, काठमाडौं, नेपाल ।
फोन : ४२२९७८७/४२४०७०९
फ्याक्स : ४२४०७०९
इमेल : aatwin@wlink.com.np
वेबसाइट : www.aatwin.org

## विषयसूचि

सम्पादकीय


- आमाको नामबाट नागरिकता ........................................ २


लेख/दस्तावेज


- राष्ट्रियताको खोजीमा घरेलु बालश्रमिक - *मिलन धरेल* ......... ३
- मानव कलंक, महिला तथा बालबालिकाको बेचबिखनः समस्या र चुनौति - *शुभराज पोखरेल* ......................... ५
- सार्कका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूलाई चौथो जनसार्कका तर्फबाट दिइने स्मरणपत्र ........................ ९
- नेपाली महिलाहरुको आर्थिक अधिकारमा नागरिकताले पारेको प्रभाव - *शर्मिला कार्की* ............................२०
- नागरिकता विभेदले महिलाको स्तरमा परेको असर - *विष्णु ओझा* ..............................................२३
- नेपाली महिला र घरेलु हिंसा - *सम्झा श्रेष्ठ* .................. २५
- नागरिकता र कानुनी प्रावधान - *लक्ष्मी कार्की* .................. ३१
- महिला तथा बालबालिका बेचविखन र आमाको नामबाट नागरिकताको सम्बन्ध - *भगवती नेपाल* ........३५
- आमाको नामबाट नागरिकता पाउनु सन्तानको नैसर्गिक अधिकार - *उषा खडका* ......................................३७


सात्क्षात्कार


- महिलाहरु घरेलु हिंसा सहेर बस्न बाध्य छन् - *सुनीता दनुवार* ...१७
- सन्तानलाई आमा वा बाबुको नामबाट नागरिकता लिने अधिकार हुनुपर्छ - *तुलसालता अमात्य* ........................... २८


कविता


- नारीको व्याथा - *भूमिका अधिकारी* ............................ ८
- रुन्चेपना छोड्नैपर्छ *(कविता)* - *कल्पना ओली सिटौला* ............१६
- नारीलाई सन्देश - *नारद सिंह विष्ट* ................................३८

एटविन गतिविधि.......................................................................३९

# आमाको नामबाट नागरिकता

नेपाल प्राकृतिक साधन तथा मानवीय स्रोतका हिसाबले ज्यादै सम्पन्न रहेको भएता पनि यसको समुचित परिचालनको अभावका कारण यो क्षेत्र भौतिक विकासका दृष्टिमा पछाडि रहेको छ । दशकौंदेखि गरिबीले जरा गाडेको छ भने समाजमा महिला र पुरुषबीचको सामाजिक लिंगभेदको खाडल पनि कम गहिरो छैन । समाज आमरूपमा पुरुषप्रधान रहेको छ । यिनै कारणले गर्दा यस क्षेत्रमा लैङ्गिक विभेद जटिल समस्याका रूपमा रहँदै आएको छ । यो महिला विरुद्धको विभेद परिवार तहदेखि राज्य र कानुनी विभेदको रूपमा अगाडि आएको छ । यो विभेदको एउटा पाटो नागरिकताका सम्बन्धमा भेदभावपूर्ण कानुनी व्यवस्थाले आमाको नामबाट नागरिकता नहनु हो । आमाको नामबाट नागरिकता दिने व्यवस्था नभएसम्म महिलामाथि हुने हिंसाले निरन्तरता पाइरहने हुन्छ । नेपालको परिप्रेक्षमा महिला तथा बालबालिकाको बेचबिखन, बालविवाह, बलात्कार, जबरजस्ती काममा लगाउने जस्ता कुराहरूलाई लिन सकिन्छ । घरेलु हिंसाका कुरा गर्दा कुटपिट, गाली, हेला, दुर्व्यवहार सम्बन्धविच्छेद, घरबाट निकाली दिने र दाइजो प्रथासँग सम्बन्धित समस्याहरूका आधारमा अंगभंग र हत्यासम्म गरिएका उदाहरणहरू पाउन सकिन्छ ।

यी माथिका हिंसाबाट महिलाहरूले आफ्नो अस्तित्व नै दाउमा लगाउनु पर्ने स्थितिको सिर्जना भएको छ । महिलाले जहिले पनि दोस्रो दर्जाको स्थितिको सामना गर्नुपरेको छ । राज्यले पनि उनी नेपाली भएको पुष्टिको लागि पुरुषकै सहारा लिनुपर्ने स्थितिले गर्दा आफ्नै देशमा कैयौं महिलाहरू राज्यविहीनताको स्थितिमा बाँच्नुपर्ने स्थितिको सिर्जना गरेको छ । यो कस्तो विडम्बना हो- आफ्नो उपस्थितिको आभास आफूले नै दिन नसक्नु ?


यही कुरालाई मनन गरी एटविनको यो अंकमा नागरिकतासम्बन्धी कुरालाई समेटिएको छ । आउनुहोस्, हिंसारहित समाज निर्माणका लागि हामी पनि यसमा संलग्न हौं ।

सम्पादकीय

# राष्ट्रियताको खोजीमा घरेलु बालश्रमिक

## प्रसंग नागरिकताको अधिकार

❑ मिलन धरेल, महासचिव सिविस



सन् २००५ मा विश्वभरिका वालवालिकाहरूसँग वालवालिकाविरुद्धको हिंसा सन्दर्भमा परामर्श कार्यक्रमको आयोजना गरियो । संयुक्त राष्ट्रसंघका महासचिवको कार्यालयको प्रत्यक्ष संलग्नतामा सम्पन्न विश्वस्तरीय वालवालिका विरुद्धको हिंसासम्वन्धी अध्ययनको लागि दक्षिण एसियाली वालबालिकाहरूसँगको परामर्श मे १७ देखि २०, २००५ मा सम्पन्न भइरहँदा आफू छानिएर पनि उक्त कार्यक्रममा आफ्ना आवाजहरू बुलन्द गर्न नपाएकोमा दुःखी हुँदै एक घरेलु बालिका श्रमिक भने काठमाडौँकै एक घरमा भाँडा माझिरहेकी थिइन् । उनी सहभागी हुन नसक्नुको कारण थियो राज्यले उनलाई नदिएको राष्ट्रियता । विना पासपोर्ट विदेश यात्रा गर्न नसकिने, पासपोर्टका लागि परिचयपत्र वा नागरिकता प्राप्त गर्नुपर्ने अनि उक्त परिचयपत्र प्राप्त गर्न उनको मरिसकेका बाबु पुनः पृथ्वीमा फर्कन नसक्ने र बाबु आफै आएर सनाखत नगरेसम्म आमाको नागरिकता नहुने र आमाको नभएपछि उनको पनि नहुने । यो घटना दोलखा घर भएका एक शिवाकोटी थरका बालिकाले यथार्थमा भोग्नुपरेको तीतो यथार्थ हो र पनि उनी कुनै दिन नेपालले उनलाई आफ्नै बालिका मान्नेछ भन्ने पर्खाइमा छिन् ।

यो केवल उनको मात्र समस्या होइन नेपालका सहरी क्षेत्रमा कार्यरत ५५ हजारभन्दा बढी घरेलु बालश्रमिक अनि यस्तै निकृष्ट श्रममा संलग्न हुन वाध्य १ लाख २७ हजार बाल श्रमिकहरू तथा अन्य थुप्रै बालवालिकाहरूको जीवनको तीतो यथार्थ हो ।

नेपालले संयुक्त राष्ट्रसंघका मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नागरिक राजनैतिक अधिकार एवं समानता र न्यायसम्वन्धी महासन्धिहरूका साथै बाल अधिकारसम्वन्धी महासन्धि १९८९ को अनुमोदन गरिसकेको हो । नेपालको सन्धि ऐनले पनि महासन्धिहरू राज्यका कानुनभन्दा माथि हुन्छन् र बाझिएका खण्डमा महासन्धिहरू नै लागू हुन्छन् भन्ने कुरा स्पष्ट गरेको छ ।

यसै बाल अधिकारसम्वन्धी महासन्धिको धारा ७ ले वालवालिकाको राष्ट्रियताको अधिकारको सुनिश्चितता गर्नको निम्ति राज्य पक्षहरूलाई निर्देशन गर्दछ र पनि यस्ता वालवालिकाहरू लाखौंको संख्यामा राष्ट्रियताको अनिश्चिततालाई अंगाल्न बाध्य छन् ।

घरेलु बाल श्रमिकहरू यस किसिमको समस्याबाट झनै वञ्चित छन् । नागरिकताको सन्दर्भमा उल्लेख भएका अव्यवहारिक तथा भेदभावपूर्ण कानुनी सीमितताहरू अनि कानुनमा उल्लेख नभए पनि व्यवहारमा बिरालो बाँध्ने सिद्धान्त झैं अंगालिएका सनाखत जस्ता प्रक्रियाहरू साथै अपराधिक गिरोहद्वारा सञ्चालित नागरिकताको बेचबिखन जस्ता कुरहरूले पछाडि पारिएका, पाखा लगाइएका तथा अवसरको उचित उपभोगबाट बञ्चित गरिएका नागरिक समूहहरू विशेषतः तराई क्षेत्रका बालवालिका, एकल महिलाका वालवालिका, गरिब, ग्रामीण बालवालिका, बेचबखनबाट प्रभावित व्यक्तिका बालवालिका जस्ता समूहहरू नै प्रभावित भएका छन् । यिनै

> **“बालअधिकार सम्बन्धी महासन्धिको धारा ७ ले बालबालिकाको राष्ट्रियताको अधिकारको सुनिश्चितता गर्नको निम्ति राज्य पक्षहरूलाई निर्देशन गर्दछ, र पनि यस्ता बालबालिकाहरू लाखौंको संख्यामा राष्ट्रियताको अनिश्चिततालाई अंगाल्न बाध्य छन् ।”**

समूहहरूभित्रको एक महत्वपूर्ण हिस्साको रूपमा रहेका छन् घरेलु बाल श्रमिकहरू ।

अधिकांश घरेलु बालश्रमिकहरू (८० प्रतिशत) भन्दा बढी १० देखि १४ वर्षकै उमेरमा श्रममा संलग्न भइरहेका छन् । यी बालबालिकाहरू मध्ये अधिकांश त पछि गाउँ फर्कने छैनन् र धेरैलाई त (७.१५ प्रतिशत) आफ्नो घर कहाँ छ भन्ने पनि थाहा छैन । हाम्रो जस्तो देशमा जहाँ व्यक्तिगत घटना दर्ता प्रभावकारी रहेको छैन, यी बालबालिकाहरू मध्ये पनि कसैको पनि जन्मदर्ता भएको छैन । न त काम गर्ने सहरमा नै यिनीहरूको कुनै दर्ता वा अभिलेखीकरण हुने गरेको छ । जसले गर्दा यी आधा लाखको हाराहारीमा रहेका बालश्रमिकहरू र भोलि यिनीहरूबाट जन्मने सन्तानको राष्ट्रियताको प्रश्न अझै पनि अनुत्तरित नै रहेको छ ।

> "न त काम गर्ने शहरमा नै यिनीहरूको कुनै दर्ता वा अभिलेखिकरण हुने गरेको छ । जसले गर्दा यी आधा लाखको हाराहारी रहेका बाल श्रमिकहरु र भोलि यिनीहरुबाट जन्मने सन्तानको राष्ट्रियताको प्रश्न अझै पनि अनुत्तरीत नै रहेको छ ।"

घरेलु बालश्रमिकहरूमध्ये ३४.६६ प्रतिशत बालबालिकाहरू भूमिहीन परिवारबाट आएका छन् र अधिकांश भूमिहीन नागरिकहरू तिनै नागरिकहरू हुन्, जसलाई राज्यले आफ्नो नागरिकको रूपमा स्वीकार गर्न सकिरहेको पनि छैन वा नागरिकताविहीन नागरिकहरू स्वभावैले भूमिहीन रहेका छन् ।

त्यसैगरी घरेलु बालश्रमिकहरूमा २० प्रतिशतभन्दा बढी बालबालिकाहरू टुहुरा वा अभिभावक गुमाएका रहेका छन् । जसमध्ये २.९२ प्रतिशत बालबालिकाहरूले आफ्ना आमा बाबु दुवै गुमाएका छन् भने १०.१५ प्रतिशतले बाबु तथा ७.४० प्रतिशतले आमा गुमाएका छन् । यसले गर्दा पनि घरेलु बाल श्रमिकहरू आफ्नो राष्ट्रियताको अधिकारबाट बञ्चित रहेका छन् ।

टुहुरा बालबालिकाको त आमाबाबु कोही नभएपछि उसले नागरिकताको हक दाबी गर्ने आधार नै रहेन भने कुनै एक अभिभावक गुमाएकाहरू मध्ये पनि आमा गुमाउनेहरू सौतेनी आमा तथा बाबुको दुर्व्यवहार र हिंसा सहन नसकी बाध्य भएर घर छोडिरहेका छन् जसले नागरिकता प्राप्त गर्न उनीहरूको सहयोगको अपेक्षा नै गर्न सक्दैनन् भने बाबु गुमाएकाहरूको लागि राज्य स्वयं नै सौतेनी भएर आमाको नामको आधारमा उसका सन्तानलाई नागरिकता नदिने अड्डी कसेर बसेको छ ।

यस हिसावले अहिले नै घरेलु श्रममा संलग्न ३० हजार भन्दा बढी बालबालिका स्पष्ट रूपमा नै नागरिकताको अधिकारबाट बञ्चित भइसकेको देखिन्छ भने भोलि यिनका सन्तानले पनि नेपाली हुँ भन्न नपाउने अवस्था देखिन्छ ।

राष्ट्रियताको परिचय वा निस्शाले एक व्यक्तिलाई नागरिक बनाउँछ । नागरिकताको आधारमा कानुनी अधिकारहरूको अधिकारी बनाउँछ र न्याय प्राप्त गर्न पहुँचयुक्त बनाउँछ अनि उसको राज्य, अन्य नागरिक, समाज र त्यस राज्यको भविष्यप्रति चिन्तनशील तथा कर्तव्यपरायण बनाउँदछ ।


एक व्यक्ति जब उसको राष्ट्रियता अनिश्चत हुन्छ, उसको अधिकार न्यायको भागिदारी अनि कर्तव्यको जिम्मेवारी सबैबाट उ बञ्चित तथा मुक्त हुन्छ । कर्तव्यबाट विमुख पारिएका व्यक्तिहरूको लागि अरुको अधिकारको पनि कुनै मूल्य रहँदैन अनि के थाहा भोलि राज्यविरुद्धका, समाजविरुद्धका अनि समग्र मानवता विरुद्धका विकृति एवं अपराधहरूमा यी कर्तव्यविमुख व्यक्तिहरू संलग्न भए भने राज्यले के आधारमा यिनीहरूलाई कर्तव्यको पाठ पढाउनेछ ? यो राज्यका निम्ति अवश्यंभावी प्रश्न हो, यदि समयमै सचेत नहुने हो भने ।

नागरिक हक, अधिकार र मानवअधिकार तथा समाज सेवालाई कुण्ठित पार्न रातारात अध्यादेश जारी गर्ने, लुटाहा शैलीमा कारवाही गर्ने राज्यले यी लाखौं नागरिकताबाट विहीन अनि नागरिकताका आशमा बसेका नागरिकहरूका लागि कुनै उल्लेखनीय कदम किन चाल्न सक्दैन ? यदि सक्दैन भने अधिकारको संरक्षण तथा प्रत्याभूति गर्न नसक्ने राज्यसँग कर्तव्यको अपेक्षा गर्ने पनि कुनै हक रहने छैन, सबैलाई चेतना भया ।

*(नोट: यस लेखमा उल्लेख भएका तथ्यांकहरू समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिकद्वारा प्रकाशित काठमाडौं उपत्यकामा घरेलु बाल श्रमिकहरू २००४ बाट उधृत गरिएका हुन् ।*

# मानव कलंक, महिला तथा बालबालिकाको बेचबिखन समस्या र चुनौति

☐ शुभराज पोखरेल, (सिविन) नेपाल



**पृष्ठभूमिः**

दक्षिण एसियामा नै नेपाल चेलिबेटी ओसारपसार गर्ने देशमा अग्रपंक्तिमा पर्छ । नेपालको इतिहासलाई केलाएर हेर्दा सामन्ती सामाजिक संरचना तथा परिवेशले यसमा ठूलो भूमिका खेलेको देखिन्छ । सामन्ती सामाजिक संस्कारले मानव-मानवबीचमा जातीय, भाषिक, सामाजिक, सांस्कृतिक, आर्थिक, लैङ्गिक, रङ्ग र काम आदिका आधारमा भेदभावलाई सामाजिक मान्यता स्थापना गर्न सक्षम भयो । यसरी आदिवासी जनजाति, दलितलगायत श्रम गरेर जीवन निर्वाह गर्ने श्रमजिवीहरूलाई अगाडि बढ्न नै दिएन । यो समुदाय तथा वर्गलाई आफ्नो स्वार्थपूर्तिको लागि प्रयोग गर्न सफल भयो । सोझा, इमान्दार, श्रमजीवी आदिवासी, जनजाति र दलितहरूलाई धर्म-संस्कृतिको आडमा दमन गर्दै अगाडि बढ्ने अवसरबाट वञ्चित गरे । शक्तिको आडमा आफूलाई राजा महाराजा कहलाउन सफल भए र आफ्नो स्वार्थअनुरूप काम, संस्कृति र धर्मको आडमा सामाजिक कानुन निर्माण गरी सोझा जनतालाई आफ्नो अधिनमा राख्न सफल भए । यसैको परिणति देशमा दास प्रथा, कमैया प्रथा, बालविवाह, बहुविवाह, छुवाछुत, महिलालाई पुरुषको दासीलगायत समाजमा आफ्नो अनुकुल संस्कारको संरचना गरी स्थापित गर्न सफल भयो ।

बाइसे र चौबिसे राजा रजौटादेखि उनीहरूका आपेपासेले बालविवाह तथा बहुविवाहमार्फत महिलालाई उपभोग तथा विलासिताको साधनका साथै दासको रूपमा हेर्न थाले । गरिब परिवारका मानिसलाई सारको रूपमा दाइजोमा लिने-दिनेदेखि दासदासीको किनबेच हुन थाल्यो । नेपालको एकीकरणपछि पनि यसमा खासै परिवर्तन ल्याउन सकेन यसलाई निरन्तरता नै दिएको पाइन्छ । १०४ वर्ष जाहानीया राणाशासनले मानिसका सम्पूर्ण अधिकार खोसी आफ्नो हातमा लियो । आदिवासी जनजाति र दलित समुदायलगायत गरीब श्रमजिवीहरूको जमिनमाथिको अधिकार खोस्दै स्थानीय सामन्तीको हातमा सुम्पियो । बहुविवाहलाई पुरुषको पुरुषत्व भनी परिभाषित गर्‍यो । महिलालाई आफ्नो भोगविलासको साधन बनायो । यही समयमा महिलाहरूलाई यौनकार्यमा लाग्न बाध्य बनायो । गरिबहरूलाई दासदासीको रूपमा किनबेच अझ बढ्दै गयो । ब्रिटिसहरूको लागि यौनतृष्णा मेटाउनको लागि महिलाहरू उपलब्ध गराउन थाल्यो ।

यस कार्यलाई नेपालभित्र मात्र सीमित नगरी भारतसम्म पुर्‍याउन कार्यको थालनी भयो । राणा शासनको अन्त्य भएता पनि मानव ओसारपसारबाट आफ्नो स्वार्थ पूरा गर्न र पैसा कमाउन बानी परेका मानिसहरूले यसलाई निरन्तरता दिए । यस्ता मानिसहरूलाई राज्यको संरचनाले संरक्षण दिइरह्यो यसविरुद्ध नीति, नियम र कानुन बनेनन् र बनेका कानुनलाई पनि सही रूपमा कार्यान्वयन हुन नसक्दा हालसम्म पनि मानव बेचबिखन नेपालमा टड्कारो समस्याको रूपमा रहेको छ ।

**बालबालिकाको ओसारपसार (Traficking) भन्नाले**

लिने दिनेको बीच पैसा(नाफा) कमाउने उद्देश्यले १८ वर्ष पूरा नगरेका बालबालिकालाई सामान्यतया हाम्रो समजमा महिला तथा किशोरीहरूलाई देहव्यापारको लागि विदेशमा

" १०४ वर्षे जहानीया राणाशासनले मानिसका सम्पूर्ण अधिकार खोसी आफ्नो हातमा लियो । आदिवासी जनजाति र दलित समुदाय लगायत गरिब श्रमजीवीहरूको जमिनमाथिको . अधिकार खोस्दै स्थानीय सामन्तीको हातमा सुम्पियो । "

पुऱ्याउने कार्यलाई मात्र ओसारपसार (Traficking) भनेर वुझिएको पाइन्छ । वास्तवमा भन्ने हो मानिसलाई डर-धम्की देखाएर, बल प्रयोग गरेर, अपहरण गरेर, नसालु पदार्थ वा औषधि खुवाइ लठ्याएर, झुक्याएर, प्रलोभनमा पारेर नयाँ काम लगाउने वहानामा (recruitment) एक ठाउँबाट अर्को ठाउँमा लैजानु, ठाउँ सार्नु, सिमाना तथा समुन्द्रपार पुऱ्याउनु नै ओसारपसार हो । जसमा ओसारपसारमा पर्ने मानिसको आर्थिक, शारीरिक, मानसिकलगायतको शोषणमा पर्ने गर्दछन् । यसबाट अर्को पक्ष (ओसारपसार गर्नु) ले सदैव फाइदा लिइरहेको हुन्छ । सम्झौता र सहमतिभन्दा थोरै ज्याला र अरुनै काम जवरजस्ती लगाइन्छ वा वाध्य पारिन्छ । यस्तै कार्य आफ्नै गाउँघर, अर्को गाउँ, सहर तथा सीमापार जहाँसुकै पनि हुन सक्दछ । यसलाई ओसारपसार भनिन्छ ।

> " एक ठाउँबाट अर्को ठाउँमा लैजानु, ठाउँ सार्नु, सीमाना तथा समुन्द्रपार पुऱ्याउनु नै ओसार-पसार हो । ओसारपसारमा पर्ने मानिसको आर्थिक, शारीरिक मानसिक लगायतको शोषणमा पर्ने गर्दछन् । यसबाट अर्को पक्ष (ओसार पसार गर्नु)ले सदैव फाइदा लिइरहेको हुन्छ । "

**मानव बेचबिखन** (Human Traficking)

**१८ वर्षका माथिकाहरूको सवालमा**

दैवीप्रकोप, द्वन्द्व, भोकमरी, गरिवी लगायतका कारणले विस्थापित समुदाय तथा मानिसको समस्याको फाइदा उठाई नयाँ काम (recruitment) लगाउने वहानामा देहव्यपारको लागि किनवेच गरी एक ठाउँबाट अर्को ठाउँमा लैजानु, ठाउँ सार्नु, सिमाना तथा समुन्द्रपार पुऱ्याउनु ।

डर, धम्की, त्रास, देखाई, नसालु पदार्थ वा औषधि खुवाई लठ्याएर दवावमा पारी जालझेल गरी एक ठाउँबाट अर्को ठाउँमा लैजानु, ठाउँ सार्नु, सिमाना तथा समुन्द्रपार पुऱ्याउनु ।

पैसाको प्रलोभनमा पारी किनबेच गर्नु, एउटा काम दिन्छु भनी अर्को काम लगाउनु, एक ठाउँ भनी अर्को ठाउँमा पुऱ्याउनु, सम्झौता गरेअनुसारको पैसा नदिनु, पासपोर्ट तथा परिचयपत्र लुकाई दिनु, डर-त्रास र धम्की दिएर जवरजस्ती काम गर्न बाध्य पार्नु । आर्थिक फाइदाको लागि मानिसको किनवेच गर्नु ।

वालवालिकालाई काम लगाउने वहानामा श्रम शोषण, आर्थिक शोषण र दुर्व्यवहार गरी जोखिमपूर्ण काम गर्न बाध्य पार्नु ।

**तस्करी, मानव बेचबिखन** (Traficking) **र बसाइंसराइमा फरक**

**तस्करी** : सामग्री तथा मानिसको आयात तथा निर्यात गर्दा भन्सार नतिरी वा छलेर, गलत नक्कली कागजपत्रको सहायतावाट सीमापार गर्नुलाई तस्करी भनिन्छ । यसमा तस्करहरू दुवै पक्षको सहमतिमा कार्य सम्पन्न हुने गर्दछ ।

**ओसारपसार**: मानिसलाई डर-धम्की देखाएर, बल प्रयोग गरेर, अपहरण गरेर, नसालु पदार्थ वा औषधि खुवाई लठ्याएर, झुक्याएर, प्रलोभनमा पारेर नयाँ काम लगाउने वहानामा (recruitment) एक ठाउँबाट अर्को ठाउँमा लैजानु, ठाउँ सार्नु, सिमाना तथा समुन्द्रपार पुऱ्याउनु नै ओसारपसार हो । ओसारपसारमा पर्ने मानिस आर्थिक, शारीरिक मानसिक लगायतको शोषणमा पर्ने गर्दछ । यसबाट अर्को पक्ष (ओसारपसार गर्नु)ले सदैव फाइदा लिइरहेको हुन्छ । वालवालिकाको सवालमा भन्दा सम्पूर्ण कार्यहरू दवाव तथा जवरजस्तीमा भएको मानिन्छ । तर केहीले वयस्कको सन्दर्भमा सहमतिमा भन्ने गरेको पाइएता पनि वास्तममा यो सहमति नभएर दवाब, डर धम्की र प्रलोभन भएका हुन् ।

**बसाई सराई** : विभिन्न कारणले परिवार वा एकजना मानिस एक गाउँबाट अर्को गाउँ, एक जिल्लावाट अर्को जिल्ला, गाउँबाट सहर वा अन्य राष्ट्रमा कामको लागि वा आफ्नो जीवनलाई अझ व्यवस्थित गर्नको लागि स्थायी तथा अस्थायी रूपमा हुनसक्दछ । यसरी एक राष्ट्रबाट अर्को राष्ट्रमा बसाई सर्ने सन्दर्भमा कानुनी तथा गैरकानुनी कुनै पनि तरिकाबाट हुन सक्दछ । कानुनी रूपमा बसाई सराइको सन्दर्भमा भिसा वा प्रवेशपत्रको माध्यमवाट हुने गर्दछ ।

आफ्ना विभिन्न समस्यावाट छुटकारा पाउन, जीवनमा नयाँ अनुभव र परिवर्तन खोज्न, भविष्य उज्ज्वल बनाउनको लागि नयाँ अवसर र रोजगारी खोज्ने क्रममा दलाल तथा गलत मानिसको चंगुलमा परी बेचबिखनमा पर्ने गर्छन् ।

यसरी बेचविखनमा परेका वयस्क तथा वालवालिकाहरूमा आर्थिक, समाजिक, मानसिक, शारीरिक, यौन शोषण तथा दुर्व्यवहार गर्नुको साथै जवरजस्ती क्षमताभन्दा बढीको काम गर्न वाध्य पार्ने यसको लागि उनीहरूको परिचयपत्र, पासपोर्ट खोस्ने, वाहिर निस्कन

नदिने, गैरकानुनी रूपमा काम लगाउने गरेकाले वाहिर हिंड्दा खतरा हुने जस्ता धम्की दिएर निरन्तर शोषण गरिरहने गर्छन् ।

**मानव तथा बालबालिका ओसारपसार हुने क्षेत्रहरू**

**श्रम क्षेत्र** : वधुवा श्रम, घरेलु श्रम, कृषि मजदुर, निर्माण, गार्मेन्ट, होटल, गलैंचा, ईटाभट्टालगायत अत्यन्त जोखिमपूर्ण श्रमका क्षेत्रहरू (वालवालिकको सन्दर्भमा, पनि)

**यौन क्षेत्र** : दवावपूर्ण यौन व्यवसाय, यौन पर्यटन, मसाज पार्लर, अश्लील चित्र तथा चलचित्र (Pornograpy) आदि ।

**खेल तथा मनोरञ्जन** : सर्कस, नृत्य, डान्स रेष्टुरेन्ट र डिस्को आदि ।

**अन्य** : मागने, अङ्ग प्रत्यारोपण, लागूपदार्थ ओसारपसार, तस्करी ।

**नेपालमा बालबालिका तथा महिला (मानव) ओसारपसारका कारणहरू**

जब राज्यको संरचनाले मानिसका आफ्ना नागरिक, राजनैतिक, समाजिक, आर्थिक, सांस्कृतिक अधिकारको स्वतन्त्र ढङ्गले उपभोग गर्ने अवस्थावाट वञ्चित राख्छ । राज्यले प्रदान गरेका अधिकार समान रूपले उपभोग गर्ने अवसर प्रदान गर्दैन । देशमा बेरोजगारी र भोकमरीको समस्यामा वृद्धि हुन्छ । शिक्षा, स्वास्थ्य, खाना जस्ता आधारभूत अधिकारहरूवाट वञ्चित हुन्छन् । यसैगरी राज्यको साधन, श्रोत र विकासको असमान वितरण हुनु, जोताहा र श्रमजिवीको हातमा जमिन नहुनु वा जमिनको असमान वितरण हुनु । श्रमको सम्मान र उचित ज्याला नपाउनु, श्रमिकको सुरक्षाको सुनिश्चितता नहुनु वा युवा तथा मजदुरको श्रमको अधिकार नहुनु । जाति, पेशा, लिङ्ग, वर्ण, आर्थिक, धर्म, संस्कृति आदिका आधारमा व्याप्त भेदभाव । प्राकृतिक प्रकोपपछि उचित व्यवस्थापनको अभाव । विकास सहर केन्द्रित हुनु । शिक्षाले सबैलाई समेटन नसक्नु । गरिबी निवारण कार्यक्रम गरिबवर्गसम्म पुऱ्याउन नसक्नु । आदिवासी जनजाति, गरिव किसान र दलितहरूका लागि संरक्षण र छुट्टै कार्यक्रम तर्जुमा गरी व्यवहारमा लैजान नसक्नु । कानुनलाई व्यवहारमा प्रयोग गरी मानव वेचविखन र ओसारपसार गर्नेलाई कारवाही नहुनु हो भने वालबालिकाको सन्दर्भमा बालबालिकाको अधिकार समान रूपमा उपभोग गर्न नपाउनु ।

बालश्रमको संख्यामा वृद्धि हुनु । बालकलाई रोजगारदाताले निःशुल्क श्रमिकका रूपमा प्रयोग गरी बालबालिकालाई संरक्षण दिएको गलत व्याख्या हुनु । सवैको लागि शिक्षाले सवैलाई समेटन नसक्नु । वाल स्वास्थ्यमा सफलता पाउन नसक्नु । पारिवारिक दुर्व्यवहार र भोकमरीमा पर्नु । सामाजिक दुर्व्यवहार र तिरस्कारको शिकार बन्नु । महिलामाथि हुने भेदभाव तथा दुर्व्यवहार । बालबालिकालाई श्रममा लगाउनु र उनीहरूमाथि हुने दुर्व्यवहार र शोषणलाई समान्य रूपले हेरिनु ।

ग्रामीण क्षेत्रमा आयमूलक कार्यक्रम र रोजगारीको अभाव । विश्वव्यापीकरणले देश अझ पछाडि धकेलिनु र सबै जानकारीहरू सबैले सजिलै थाहा पाउनु । मानव तथा महिला बालबालिका ओसारपसार वेचविखन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयन तथा प्रचारप्रसारको अभाव साथै यस्तो सामाजिक अपराध जस्तो जघन्य कार्यमा संलग्न व्यक्तिलाई कडा कारवाही नहुनु । खुल्ला सिमा, सहरको आकर्षण तथा नयाँ अवसरको खोजीमा तथा उज्ज्वल भविष्यको सपना बोकी अरुको फन्दामा पर्नुजस्ता कारणले वस्यस्क महिला तथा बालबालिकाहरू ओसारपसारमा पर्ने गर्दछन् ।

**निष्कर्ष**

बालबालिका तथा महिला (मानव) बेचविखन एक नाफामूलक जघन्य अपराध हो । मानवका सम्पूर्ण अधिकारमाथिको कुण्ठा हो । नारकीय र अत्यन्त घृणित अपराध हो । महिला बालबालिका माथिको शोषण हो, देश विकासको बाधक हो । ओसारपसारमा परेको प्रत्येक व्यक्तिको विकासमा पूर्ण रूपमा असर परेको हुन्छ । यस्तै मनोसामाजिक समस्याका कारण आफूलाई कमजोर महसुस गर्ने, आत्मविश्वास गुमाउने, डर त्रास र असुरक्षित महसुस गर्ने, मानसिक सन्तुलनसम्म विग्रन सक्दछ । यसैगरी समाजबाट तिरस्कृत हुने पनि सम्भावना हुन्छ । साथै सिपमुलक शिक्षा र शिक्षाको आधारभूत अधिकारबाट वञ्चित हनाले विकासका सम्पूर्ण अवसरहरू गुमाएका हुन्छन् । सर्कस तथा

> "खुल्ला सीमा, सहरको आकर्षण, तथा नयाँ अवसरको खोजी तथा उज्ज्वल भविष्यको सपना बोकी अरूको फन्दामा पर्नुजस्ता कारणले वस्यस्क, महिला तथा बालबालिकाहरू ओसार-पसारमा पर्ने गर्दछन् ।"

"किशोरकिशोरी तथा युवाहरूको लागि सीपमूलक तथा आय आर्जनको कार्यक्रमका साथ आन्तरिक रोजगारीको व्यवस्था हुनुपर्छ।"

जोखिमपूर्ण श्रममा प्रयोग भएका वालवालिकाको हकमा दुर्घटनामा परी अंगभंग हुने विरामी पर्ने हुन सक्दछ भने अंग प्रत्यारोपको कारण कस्तो असर पर्दछ यसलाई वताउनु नपर्ला..... भने यौन व्यवसायमा परेकाहरूमा विरामी यौनरोग तथा एच.आइ.भी./एड्स जस्ता रोगको शिकार वन्न वाध्य हुन्छन्। यस परिस्थितिको वारेमा परिवार तथा आफन्तसम्म सम्पर्क नहुनु जस्ता अवस्थाको विकास भएको हुन्छ।

वाल श्रमशोषण, भेदभाव, असमानता, छुवाछुत, भोकमरी, गरिवी, अशिक्षा, हाम्रो देशको तीतो यथार्थता हुन्। जव राज्यले यस्ता समस्या समाधानका निम्ति ठोस कार्यक्रम तर्जुमा गरी अगाडि वढाउँदैन, समस्याको समाधान पनि सम्भावना छैन। यसकारण राज्य तथा अन्य सरोकारवाला पक्षहरूले वालवालिकाको शिक्षालाई पहिलो प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नुपर्दछ भने किशोरकिशोरी तथा युवाहरूको लागि सिपमूलक तथा आय आर्जनको कार्यक्रमका साथ आन्तरिक रोजगारीको व्यवस्था हुनुपर्छ।

वालवालिकाले गर्ने कार्यलाई व्यवस्थित गरी वालश्रम शोषणलाई प्रथामिकताका आधारमा न्यूनीकरण गर्दै लैजानु पर्छ। समाजमा हुने सम्पूर्ण भेदभावको अन्तका साथै महिला माथिको भेदभाव अन्तको लागि विशेष कार्यक्रम र सचेतना कार्यक्रम संचालन गर्नुपर्दछ। वालवालिकालाई जोखिमपूर्ण काममा लगाउने कार्यलाई समान्य रूपमा हेर्ने सामाजिक मान्यतामा परिवर्तन गरिनुपर्छ। गरिवी निवारण कार्यक्रमको पहुँच गरिवसम्म पुऱ्याउनुका साथै यसको वास्तविक कार्यान्वयन हनुपर्छ। सवैमा स्वास्थ्यको पहुँच पुऱ्याउनु।

उद्धार गरिएकाहरूलाई सीपशिक्षा मार्फत आत्मानिर्भर वनाई रोजगारीको व्यस्थाका साथ समाजिक पुनर्एकीकरणको व्यवस्था गरिनु पर्दछ। अझ महत्वपूर्ण पक्ष महिला तथा वालवालिका ओसारपसारको विरुद्ध कार्यक्रम सञ्चालन हुनुपर्दछ। यसरी सहरी क्षेत्र तथा ओसारपसारमा परेका महिला तथा वालवालिकाको अवस्थाका वारेमा समाजमा सचेतना अभिवृद्धि गरिनुपर्दछ।

यस्तै वालवालिका ओसारपसार र वेचविखन, मानिसलाई दास वनाउने जस्ता समाजिक अपराधविरुद्ध सम्पूर्ण समुदायलाई सचेत वनाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूलाई सक्रियताका साथ कार्यान्वयन गरी ती अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई समाजिक रूपमा पनि वहिस्कार गर्नुपर्छ। र, नेपाललाई मानव ओसारपसारको कलंकवाट मुक्त गरिनुपर्दछ। ●

कविता

# नारीको व्यथा



– भूमिका अधिकारी

तिमीलाई भनेर मैले यहाँ जीवन
सँगाली राखेकी छु।
विछोडका यी दिनहरूमा पनि
तिमीलाई अंगाली राखेकि छु।
आशा र विश्वासको त्यो डोरीलाई
टुट्न दिएकी छैन कहिले
भोलिको खुशी सँगाल्दै
आजको दुःख झेलिरहेकी छु
जीवनका उतार चढावसँगै
हरेक खुशीलाई वन्धक वनाइकी छु
पानीको प्यास मेटाउनलाई
आँसुको घुटेको पिइरहेको छु
मिलनको सुख भोग्न नपाउँदै
निराशाको वादलले ढाकी दिन्छ
महल वनाउने सपना दिखाई
टाडा वनाए पहिले
त्यहि सपनाको महलले थिचीरहेछ अहिले
मलाई के थाह महल वनाउने चाहनामा ?
मृत्युको आगमन हुन्छ भनेर
एउटा हातमा धनको विटो वोकेर त आयौ
जिन्दगीलाई सखाप पार्ने एड्स पनि ल्यायौ।

# सार्कका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूलाई चौथो जनसार्कका तर्फबाट दिइने स्मरणपत्र

ग्रामीण तहका संघसंस्थाहरू, वौद्धिक जगत, उपभोक्ता, विकाससम्बन्धी संघसंस्था, संचारजगत, किसान, माझी, महिला कार्यकर्ता, वकिललगायतको प्रतिनिधित्व गर्दै पाकिस्तानबाट १० जना, नेपालबाट ६ जना, भारतबाट ६ जना, मलेसियाबाट १ जना, वेलायतबाट १ जना र बंगलादेशबाट ६३ जना गरी जम्मा ८७ जनाको सहभागितामा वंगालादेशको, हृदयपुर टान्गेलमा सम्पन्न चौथो जनसार्कका हामी सहभागीहरू तीन दिनको बैठक र छलफलपछि दक्षिण एसियामा विद्यमान हाम्रो जीवनमा असर गर्ने विभिन्न सवाल विरुद्ध एकतावद्ध आवाज उठाउने उद्देश्यले ३० सेप्टेम्वर २००५ का दिन तल उल्लेखित घोषणा पत्र जारी गर्दछौं। हामीले स्वतन्त्र वा सामहिकरूपमा कार्यान्वयन गर्ने कार्यक्रमहरू, अभियानहरू र अन्य क्रियाकलापहरू यही घोषणापत्रको आधारमा संचालन गर्नेछौं । ढाकामा सम्पन्न हुन गइरहेको आगामी १३ औं सार्क सम्मेलनमा सहभागी राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूलाई चौथो जनसार्कका तर्फबाट दिइने स्मरणपत्र र डब्लुटीओको मन्त्रिस्तरीय बैठकमा सचेतना एवं अभियान संचालनका निमित्त हाम्रो यो भनाई नै आधार हुनेछ।

**कृषि र व्यापार**

१. कृषिजन्य उत्पादनहरू विश्व व्यापारमा मुख्यतया केही अन्तर्गाष्ट्रिय संस्थानहरूको नियन्त्रणमा रहेको छ भने विश्व खाद्य श्रृंखलामा (Global food chain) उनीहरूको पकड बढिरहेको छ, जसका कारण मानिसहरूको खाना र पोषणमा असुरक्षा बढिरहेको छ यस कुराबाट हामी चिन्तित छौं। यसप्रकारको व्यापारले औद्योगिक खानाको उत्पादनलाई बढवा दिनेछ भने कृषिलाई ध्वंश गर्नेछ । यस अर्थमा मानिसको जीवनयापन र विशेषगरी दक्षिणका देशहरू र उत्तरका कृषिमा आधारित परिवारहरूको स्वार्थ संकटमा पर्नेछ। कृषि माथिको यथास्थितिको यस सम्झौताले यही संरचनालाई रक्षा गर्दछ भने विकासशील एवं कम विकसित देशहरूलाई आफना सीमाहरू खोलेर औद्योगिक देशहरूबाट सस्तो मूल्यमा कृषि उत्पादनलाई थन्क्याउने स्थल बनाउन बाध्य गराउने छ। विकासशील एवं कम विकसित देशहरूका ग्रामीण कृषि अर्थतन्त्र ध्वस्त हुनु, गरिवी बढ्नु र कृषकहरू विस्थापित हुनुमा यही नै मुख्य कारकतत्वका रूपमा रहेको छ। गरिबी र बढ्दो ऋणभारको परिप्रेक्ष्यमा कृषकहरू आत्महत्याका लागि उत्प्रेरित हुनुले परिस्थितिको क्रुरतम स्थितिलाई झल्काउँदछ।

२. विकसित देशहरू वित्तियभार घटाउने आफ्नो वचनवद्धतामा कायम रहन नसकेकोमा हाम्रो ध्यान आकृष्ट भएको छ। तर यसको विपरित उनीहरूले कृषि क्षेत्रको सम्झौतामा वाकस प्रक्रियाको (Box system) व्यवस्था गरी यस्ता वित्तीय भारलाई वढाएका छन्। यसै स्थितिमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू वित्तीय सहयोग घटाउन र कृषि बजारलाई उदारीकरणतर्फ लैजान दवाव दिइरहेका छन्।

३. त्यसैले हामी माग गर्दछौं कि ओइसीडी (OECD) देशहरूमा व्यापार ध्वंश गराउने वित्तीय सहयोगको तत्कालै उन्मुलन गरिनुपर्दछ र यसका निमित्त समय सीमा पनि तोकिनुपर्दछ। अर्को मन्त्रिस्तरीय बैठकपछि हङकङको बैठकले यस कुरालाई हटाउनु पर्दछ। खाद्य उत्पादन र आवश्यकता अनि कृषि क्षेत्रलाई ध्वंश हुनबाट बचाउँदै असमान विश्व संरचनालाई सम्वोधन गर्न वलियो इच्छाशक्ति नभैकन सम्भव छैन। यो विषय विश्वभरिका हामी मानव जातिलाई फाइदा पुग्ने कुरा हो र कृषि क्षेत्रका सम्वन्धमा विश्व व्यापार संगठन (डब्लुटीओ) सँग सम्झौता हुनु हुँदैन।

४. जैविक विविधतामा आधारित वातावरणीय कृषिले मात्र विश्वलाई खुवाउन सक्दछ भन्ने कुरामा हामी जोड दिन चाहन्छौं न कि जिएमओहरू (GMOS), असुरक्षित र

"आगामी १३ औं सार्क सम्मेलनका सहभागी राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूलाई चौथो जनसार्कका तर्फबाट दिइने स्मरणपत्र र डब्लुटीओको मन्त्रीस्तरीय बैठकमा सचेतना एवं अभियान संचालनका निमित्त हाम्रो यो भनाई नै आधार हुनेछ।"

अस्वस्थ्यकर बनिवनाउ खानाले । हाल आएर यो सिद्ध भइसकेको छ कि जैविक विविधतामा आधारित वातावरणीय कृषि प्रणाली खाद्य उत्पादनमा लगाइने शक्तिका हिसाबले पनि प्रभावशाली रहेको छ । अहिले सार्क देशहरूका किसानहरू एक ईकाइभन्दा कम शक्ति खर्चिएर खाद्यान्नका रूपमा कम्तिमा पनि तीन इकाई शक्ति उत्पादन गर्दछन् जव कि औद्योगिक देशहरू १० देखि ११ इकाई शक्ति उपयोग गरेर खाद्यान्नका रूपमा एक इकाई शक्ति उत्पादन गर्दछन् । यसले के पुष्टि गर्दछ भने औद्योगिक खाद्य उत्पादन प्राकृतिक र वातावरणीय हिसावले विध्वंसक छ भने यसको मूल्य सवै मानवजातिले विशेपतः दक्षिणमा रहेकाहरूले चुकाउनु पर्दछ । सार्क देशहरूमा कृषि क्षेत्रका मानिसहरूले जैविक विविधतालाई संरक्षण गर्ने, यथावत राख्ने तथा पुर्नउत्पादन गर्ने जस्ता कार्यहरू गरिरहेका छन् ।

"सार्क देशका किसानहरू एक ईकाइ भन्दा कम शक्ति खर्चिएर खाद्यान्नका रुपमा कम्तिमा पनि ३ इकाई शक्ति उत्पादन गर्दछन् जब कि औद्योगिक देशहरू १० देखि ११ इकाई शक्ति उपयोग गरेर खाद्यान्नका रुपमा एक इकाई शक्ति उत्पादन गर्दछन् ।"

५. दक्षिणका सम्पूर्ण जनसंख्यामध्ये ७० देखि ९० प्रतिशत मानिसहरू आफ्नो जीवनयापनका लागि कृषिमा आधारित छन् भने उत्तरतिरका देशहरूको संख्या ३ देखि ५ प्रतिशतमा सीमित रहेको तथ्यलाई हामी जोड दिएर भन्न चाहन्छौं । केही देशहरूमा त हामीले वुझेजस्तो कृषि क्षेत्रमा कृषकहरू नै नरहेको अवस्था पनि छ । यस अवस्थामा उत्तरतिरका देशहरूलाई हाम्रो कृषि प्रणालीलाई एओए **(AOA)** सँगको सम्झौताका आधारमा ध्वस्त पार्ने कुनै अधिकार छैन ।

६. देशका आकारका आधारमा ती देशहरूको आर्थिक तथा प्राकृतिक स्रोत आधारित रहेको हुन्छ भने दक्षिण एसियामा यस्तो विषमता कायम रहेको छ भन्ने कुराले यसप्रकारका असमानताले कृषि क्षेत्रमा पनि असमानता नै ल्याएको छ । यसप्रकारको जनसार्क न्यायिक समताका लागि राम्रो चौतारी हुन सक्तछ ।

७. विकासशील तथा कम विकसित देशहरूले विशेष खाद्यान्न वर्गका आधारमा त्यस्ता खाद्यान्नको उत्पादन बढाउनु पर्दछ जसले मानिसहरूको जीवनयापनमा सघाउ पुऱ्याउँदछ । उदाहरणका निमित्त नेपाल, वंगलादेश तथा भारतका ठूलो संख्याका कृषकहरू आफ्नो जीवनयापनका निमित्त जुटमा भर पर्दछन् । सार्क क्षेत्रका सवै देशहरूमा धानको खेती हुने गर्दछ जसलाई विशेष उत्पादनका रूपमा उल्लेख गर्न सकिन्छ ।

८. कृषकहरूका स्वार्थको रक्षाका निमित्त हामी हाम्रा सरकारहरूलाई तलका कुगहरू प्रत्याभूत गराउन अपिल गर्दछौं ।

(क) खाद्य सम्प्रभुतालाई आधारभूत मानव अधिकारका रूपमा स्वीकारिनु पर्दछ । यो हाम्रो समाजका रूपमा जीवनयापनका निमित्त अत्यावश्यक छ भने यो एओए सँगको सहमतिमा आधारित हुनु पर्दछ ।

(ख) जनताका मुद्दाहरूलाई स्पष्ट र दरिलो रूपमा उल्लेख गराउनका लागि जुलाई फ्रेमवर्कलाई पनः खुला गरिनु जरुरी छ ।

(ग) विश्व अर्थतन्त्रको संरचनागत असमानतालाई कम गराउन तथा भोकमरी निर्मूलनका लागि वहुपक्षीय सम्झौता गरिनु जरुरी छ ।

(घ) कृषकलगायत सवै सरोकारवालाहरूसँग छलफल गरी **WTO** मन्त्रिस्तरीय वैठक अगाडि संसदवाट निर्णय लिइनु पर्दछ । सम्झौता हुन अगाडि सरकारहरूले आफ्नो स्थितिलाई राष्ट्रिय संचार माध्यमबाट वाहिर ल्याउन जरुरी छ ।

(ङ) **WTO** को सम्झौता पारदर्शी र प्रजातान्त्रिक हुनुपर्दछ ।

**प्राकृतिक स्रोतहरू** : जमिन, पानीको मात्रा र नदीहरू **(Natural resources: land, water bodies and rivers)**

(९) वनजंगल, नदीनाला र जमिनजस्ता प्राकृतिक स्रोतहरूमा दक्षिण एसियाली देशहरू अत्यन्त समृद्ध रहेका छन् । अल्पकालीन विकासका कामहरूले यी स्रोतहरूमा जनताको पहुँच पुग्नुमा प्रभाव परिरहेको छ । असमान भूमि वितरण, पानी तथा अन्य प्राकृतिक स्रोतहरूको निजीकरणले मानिसहरूको जीवनयापन र सांस्कृतिक जीवनमा ज्यादै ठूलो नकरात्मक असर परिरहेको छ भने विद्यमान असमान भूमि प्रणालीलाई झन वढवा दिइरहेको छ । वास्तविक उत्पादकका हातमा जमिनको स्वामित्व पुऱ्याउनका लागि अहिलेको शक्ति सन्तुलनको स्थितिलाई भत्काउँदै उपयुक्त भूमि सुधार कार्यक्रम लागू गरिनु जरुरी भैसकेको कुरामा हामी विस्वस्त छौं । यो नै गरिवी तथा

भोकमरी निवारण तथा खाद्य सम्प्रभुता पाउने उत्तम उपाय हो । जमिनको स्वामित्वमा आधारित स्थानीय शक्ति संरचनाले गरीब, सुविधाविहीन तथा जनजाति समुदायलाई शोषण गरिरहेको हुन्छ । प्राकृतिक तथा जैविक स्रोतहरूमा स्थानीय समुदायको पकड, शासन र कानुनी अधिकारले मात्र दक्षिण एसियाका देशहरूको प्रगतिशील आर्थिक परिवर्तन सम्भव छ भन्ने कुरा हामी पुनः दोहऱ्याउन चाहन्छौं ।

(१०) सार्क देशका हाम्रा सरकारहरूसँग तत्कालै भूमि तथा कृषि प्रणालीको सुधारका लागि कदम चाल्न माग गर्दछौं । हामी यो पनि माग गर्दछौं कि सरकारहरूले जनजातिहरूका परम्परागत तथा सांस्कृतिक अधिकारलाई स्वीकार्नु पर्दछ । साथसाथै सार्वजनिक जमिन लगायतका सामुदायिक स्रोतहरूलाई निजीकरण गर्नुको साटो उचित संविधान, कानुन र प्रसासनिक सुधार गर्नुपर्दछ । वातावरणीय पार्कका नाममा परम्परागत भूमिलाई हडप्ने तथा जनजातिको स्वाभिमान तथा अधिकारहरूको हनन् गर्दै वातावरणीय पर्यटन (इको टुरिजम) लाई बढावा दिने सरकारी नीतिहरूको हामी भत्सर्ना गर्न चाहन्छौं ।

(११) दक्षिण एसियाका नदीनालाहरू सदिऔंदेखि समाजको वातावरण, संस्कृति तथा जीवनयापनमा सहयोगी बन्दै आएका छन् भने धार्मिक तथा सांस्कृतिक हिसाबले पवित्र स्थानमा रहेका छन् । बाँधका रूपमा प्राविधिक हस्तक्षेपले नदिनालाहरूको बहावलाई अवरोध पुऱ्याउने मात्र हैन बाँकी पानीलाई सुख्खाग्रस्त क्षेत्रमा लैजान अपनाइएका नीति तथा योजनाहरू हाम्रा मूल्य तथा विवेकसँग एकातिर मेल खाँदैनन् भने भौगभिक जल तथा वातावरणीय सन्तुलनलाई पनि बिगार्ने खालका छन् । वास्तविक रूपमा नदीको बाँकी पानी (Surplus water) को कुरा नदी प्रणाली माथिको हस्तक्षेपलाई वैद्यता दिन र बचेको पानीको पनि निजीकरण गर्न अपनाइएको अनौठो र हास्यास्पद इन्जिनियरी निर्माण मात्र हो । पानीको मात्रा भन्दा पनि नदीहरूमा रहेको बहावले पर्यावरण, इकोसिस्टम, जैविक विविधता, कृषि तथा जीवनयापनमा प्रत्यक्ष सरोकार राख्दछ । प्राविधिक तथा व्यापारीहरूले बढवा दिइआएको बाँकी पानी (Surplus water) को अवधारणालाई हामी अस्वीकार गर्दछौं । नदी किनारमा बस्ने समुदायको पर्यावरण, जैविक विविधता र जीवनयापन नदीको बहाव र जलविद्युतीय चक्रसँग प्रत्यक्ष सरोकार राख्दछ ।

(१२) हामी भारत सरकारसँग नदीहरूलाई जोड्ने परियोजनाहरूको परित्याग गर्न माग गर्दछौं । इन्डुस वाटर ट्रिटीअन्तरगत नदीहरूलाई जोड्ने परियोजनाले गरेको वातावरणीय ध्वंशलाई एउटा सिकाइको घटनाका रूपमा लिनुपर्दछ ।

(१३) जनतामा स्वास्थ्य, शिक्षा, खानेपानी तथा आवास जस्ता आधारभूत सेवाहरू पुऱ्याउने जिम्मेवारी सरकारकै हो भन्ने कुराको हामी सरकारहरूलाई पुनः स्मरण गराउन चाहन्छौं । त्यसैले हामी यी सेवाहरूको निजीकरण गर्ने कुरालाई विरोध गर्दछौं र GATs सँग भएका सबै सहमतिहरूलाई निलम्वन गर्न माग गर्दछौं ।

(१४) हामी हाम्रो जीवनको स्वरूपको रक्षाका लागि लागि पर्दछौं र कुनै पनि स्वरूपको जीवन तथा स्रोतमाथिको निजीकरण विरुद्धमा आवाज तथा संघर्षलाई बुलन्द गर्दछौं ।

**बसाइ सराइ एवं बेचविखन**

(१५) सन् १९९८ मा सार्क पिपुल्स फोरम निर्माण हुँदादेखि नै अंगिकार हुँदै आएको 'सुरक्षित आवागमन र जीवनयापन'को सिद्धान्तलाई हामी पुनः दोहोऱ्याउन चाहन्छौं । सरकारहरूसँग पनि यस क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्नका निमित्त यस सिद्धान्तलाई मानवअधिकारका रूपमा स्वीकार गर्न माग गर्दछौं । सरकारहरूले बसाई सराईबाट आएकाहरूलाई दुरुत्साहन नगर्न, पक्राउ र जवरजस्ती खाली नगराउन पहल गरुन् भन्ने माग गर्दछौं ।

(१६) बसाईं सराई एवं बसाईं सराईबाट आएका मानिसहरूलाई आइपुगेका देशहरूमा आम नागरिकसरह बसोबास गराउने प्रक्रियाका बारेमा स्पष्ट कानुनी प्रावधान हुनुपर्दछ भन्ने माग गर्दछौं । बसाईं सराई मानिसहरूको अधिकारको कुरा हो । वैधानिक एवं आधारभूत अधिकार नदिएर उनीहरूलाई अमानवीय पीडामा पर्न बाध्य गराउने 'राज्यविहीन नागरिक'का रूपमा व्यवहार गर्ने सरकारी नीतिको हामी आलोचना गर्दछौं ।

"वातावरणीय पार्कका नाममा परम्परागत भूमिलाई हडप्ने तथा जनजातिको स्वाभिमान तथा अधिकारहरूको हनन् गर्दै वातावरणीय पर्यटन (इको टुरिजम) लाई बढावा दिने सरकारी नीतिहरूको हामी भत्सर्ना गर्न चाहन्छौं ।"

(१७) बसाईं सराई र बेचविखनका सम्वन्धमा राज्यका नीतिहरू राम्ररी परिभाषित गरिएको हुनुपर्दछ । यी दुई शब्दावलीहरू एकअर्कामा अन्तरसम्बन्धित रहेका छन् तर वसाई सराई मानिसको अधिकारको कुरा हो भने बेचविखन अपराधिक क्रियाकलाप एवं मानव अधिकारको ठाडो उल्लघंन हो ।

(१८) **SANFEC** र रेसिस्टेन्स नेटवर्कले आयोजना गरेको सार्क पिपुल्स फोरमले स्वीकार गरेको वेचविखनसम्बन्धी परिभाषा यसप्रकार रहेको छ ।

"महिलाहरूको बेचविखनको परिभाषाभित्र सरसामान ?, यातायात, बलपूर्वक हिँडाउने, महिलाहरूको देशभित्र वा सीमापारि गरिने खरिद-बिक्री जस्ता सबै प्रकारका क्रियाकलापहरू पर्दछन् । यसमा महिलाको इच्छाविरुद्ध र उनको सहमति बेगर शोषणयुक्त र दुर्व्यवहार हुने स्थान खासगरी वेश्यावृत्ति, जबरजस्ती विवाह, बधुवा एवं जबरजस्ती श्रम, मागने, अंग प्रत्यारोपण जस्ता काममा लगाउन गलत तरिका अपनाउने, छलछाम, ललाइ फकाइ गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, अख्तियारको दुरूपयोग गर्ने जस्ता हतकण्डा अपनाएर लगिएको हुन्छ ।"

"बालबालिकाको बेचबिखनभित्र सरसामान ?, यातायात, बलपूर्वक हिँडाउने, महिलाहरूको देशभित्र वा सीमापारि गरिने खरिद-बिक्री सबै प्रकारका गतिविधिहरू पर्दछन् । यसमा महिलाको इच्छाविरुद्ध र उनको सहमति बेगर शोषणयुक्त र दुर्व्यवहार हुने स्थान खासगरी व्यापारिक यौन शोषण, बधुवा एवं जबरजस्ती श्रम, मागने, उँट दौड जस्ता खेलहरू, अंग प्रत्यारोपण आदि काममा लगाउन गलत तरिका अपनाउने, छलछाम, ललाइ फकाइ गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, अख्तियारको दुरूपयोग गर्ने जस्ता हथकण्डा अपनाएर लगिएको हुन्छ ।"

वेश्यावृत्तिका लागि हुने महिला तथा बालवालिकाको बेचबिखन विरुद्धको महासन्धिलाई वेश्यावृत्तिको दायराभन्दा फराकिलो बनाउनका लागि यी परिभाषाहरूलाई सार्क महासन्धिमा समावेश गरिनु पर्दछ । सबै प्रकारका उद्देश्यका लागि हुने बेचविखनलाई समेट्नका लागि महासन्धिको परिमार्जनका निमित्त हामी सरकारहरूलाई आग्रह गर्न चाहन्छौं ।

(१९) बेचविखन पीडितहरूको सहयोग एवं अपराधीहरूलाई कारवाही गर्नका निमित्त हामी सार्क देशका सरकारहरूलाई सार्क महासन्धिको कार्यान्वयन गर्न आग्रह गर्दछौं । दक्षिण एसियाका देशहरूवीच दुईपक्षीय सम्झौताको हामी विपक्षमा छौं । यसले सार्क महासन्धिको कार्यान्वयनमा कमजोरी ल्याउने छ फलतः सार्क एउटा क्षेत्रका रूपमा भन्दा पनि आपसी दुईपक्षीय मुद्दामा समस्या उत्पन्न हुनेछ । वेचविखन दुई देशहरूका बीचमा हुने व्यापार मात्र हैन । यो त अन्तर्राष्ट्रिय यौन व्यापारसँग सम्बन्धित रहेको छ तसर्थ दक्षिण एसियाले यसलाई क्षेत्रीय समस्याको रूपमा लिनु पर्दछ ।

"बेचविखन दुई देशहरूका बीचमा हुने व्यापार मात्र हैन । यो त अन्तर्राष्ट्रिय यौन व्यापारसँग सम्बन्धित रहेको छ तसर्थ दक्षिण एसियाले यसलाई क्षेत्रीय समस्याको रुपमा लिनु पर्दछ ।"

(२०) महिलाहरूको बेचविखनलाई यौन व्यापार विशेषतः वेश्यावृत्ति, अश्लील चित्र, संचार क्षेत्रमा दुरूपयोग र मानवलाई विशेषतः महिलाहरूलाई वस्तुसरह व्यवहार गर्ने प्रवृत्तिले प्रोत्साहन गरिरहेको छ । हामीले व्यक्तिको बेचविखन गर्न प्रेरित गर्ने जुनसुकै क्रियाकलापहरूलाई पनि रोक्नु पर्दछ ।

(२१) हामीलाई युएस डिपार्टमेन्ट अफ स्टेटले तयार गरेको मानव बेचविखन सम्बन्धी प्रतिवेदन अस्वीकार्य छ । यसमा सरकारहरूले बेचविखन विरुद्ध गरेका प्रयासहरूका आधारमा देशहरूलाई वर्ग १ देखि ३ सम्म वर्गीकृत गरिएको छ । वर्ग ३ मा पर्ने देशहरू कालो सूचीका देशहरू हुन् जसलाई अमेरिकाले विशेषतः गैरमानवीय सहयोग र अमेरिकन सहयोगसँग सम्वन्धित गैर व्यापारिक क्षेत्रमा आर्थिक नाकाबन्दी गर्न सक्ने छ । यस प्रतिवेदनले अनुचित हिसाबले बेचविखनका स्रोत देशहरूलाई आरोप लगाएको छ तर उपयोग गर्ने वा ग्राही देशलाई केही भनिएको छैन ।

(२२) समस्याहरूलाई किनारा लगाउन कुनै उपयुक्त स्थानमा एउटा क्षेत्रीय अदालतको स्थापना गरिनु पर्दछ जसलाई आवश्यकता अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा अपराधिक व्यापारको जालो रोक्नका लागि सार्न पनि सकिने छ । बेचविखनमा परेका मानिसहरूलाई निरपराधिक ? ठान्ने नीतिहरू लागू गरिनु पर्दछ ।

(२३) सरकारी निकायहरूको सहयोगमा हुने

सांस्कृतिक आदानप्रदान कार्यक्रमका नाममा भैरहेको वेचविखनप्रति पनि हाम्रो सरोकार रहेको छ । यस प्रकारको गतिविधि रोकिनु पर्दछ ।

**खाद्य सम्प्रभुता**

(२४) अन्यायपूर्ण नीतिको शासनका कारण खाद्यान्न उत्पादन गर्ने व्यक्ति र समुदायको क्षमतामा ह्रास आउने अवस्थाको सिर्जना भएको छ । यसको फलस्वरूप गरिवी र भोकमरीमा वढोत्तरी भैरहेको छ । हामी स्थानीयस्तरमा खाद्य सम्प्रभुता र जनतासँग आफ्नो समुदायमा आफ्नो संस्कृति र वातावरण सुहाउँदो खाद्य उत्पादनको अधिकार हुनुपर्दछ माग गर्दछौं । हामी हाम्रा सरकारहरू, दातृ संस्थाहरू, द्वीपक्षीय र वहुपक्षीय संस्थाहरूलाई जैविक विविधतामा आधारित वातावरणीय उत्पादन प्रणाली र संलग्न ज्ञान जसले मुख्यतया पुनर्उत्पादन र हाम्रो जैविक, परम्परागत र प्राकृतिक विश्वको संरक्षणमा जोड दिउन् भन्ने माग गर्दछौं ।

(२५) हामी तल्लो तहसम्मका जनताका अभियानहरू र संस्थाहरूलाई स्थानीय खाद्यान्नको उत्पादन गर्न प्रोत्साहन गर्न आह्वान गर्दछौं । खाद्यान्न आयात गर्ने देशहरूमा खाद्यान्नको आयात स्थानीय समुदाय लगायतका सरोकारवालाहरूसँगको छलफलबाट हुनुपर्दछ । अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले खाद्यान्न आयात गर्न रोक्नु पर्दछ वरु स्थानीय रूपमा क्षेत्रभित्रबाट जम्मा पार्नु पर्दछ ।

(२६) स्थानीय र मौलिक ज्ञानले स्थान पाउन ढिला भैसकेको छ । हामी स्थानीय संस्कृति, ज्ञान र सीपलाई असर गर्ने कुनै पनि प्रविधिको प्रयोगको विरोध गर्दछौं । हामी हाम्रा सरकारहरूलाई हाम्रो संस्कृति, ज्ञान र सिपको नाश गर्ने कुनै पनि आधुनिक प्रयोग नगर्न अनुरोध गर्दछौं ।

(२७) दक्षिण एसियाका दिदी बहिनीहरूको संघर्ष र आह्वान जसलाई व्यापक रूपमा "दिदी बहिनीहरू बिउलाई आ-आफ्नो हातमा राख ......." भनिन्छ लाई हामी समर्थन गर्दछौं । बिउ जिन, वंशानुगत स्रोतहरू र ज्ञान सम्बन्धी बौद्धिक सम्पत्ति विरुद्धको संघर्षलाई हामी समर्थन गर्दछौं । SANFEC सदस्यहरूले मार्च ८ मा कृषि क्षेत्रका महिलाहरूको विवेकलाई प्रशंसा गर्ने अवसरका रूपमा लिएको कार्यबाट हामी ज्यादै खुसी छौं र यसरी महिला कृषकहरू महिलाहरूको विश्व अभियानमा समाहित हुन पुगेका छन् ।

(२८) SANFEC ले तयार गरेको खाद्य सम्प्रभुता सम्वन्धी अवधारणापत्रमा हामी सहमति जनाउन चाहन्छौं । यो नै हङकङमा हुने मन्त्रिस्तरीय बैठकका सन्दर्भमा गरिने अभियानका लागि आधार बनोस् भन्ने प्रस्ताव गर्दछौं ।

(२९) माथिका कुराहरूलाई ध्यानमा राख्दै यो मञ्च खाद्य सम्प्रभुताको समर्थनमा वृहत अभियानको सिफारिस गर्दछ । यस अभियानका क्रममा प्रकाशनहरू, स्थानीय तहमा कार्यशालाहरू, राष्ट्रिय तहमा छलफल र संचार माध्यमहरूको परिचालन एवं अन्तर्राष्ट्रिय स्तरमा समान विचार राख्नेहरूबीचको सन्जाल विस्तार गर्ने कार्यक्रमहरू समावेश हुनेछन् ।

**प्रविधि र जनसंख्या**

(३०) हामी ऐतिहासिक (परम्परागत) ज्ञान र समुदायको विवेकसम्मत विज्ञान र प्रविधिको विकासको सम्मान गर्दछौं । सँगसँगै यो तर्क र रचनात्मक तत्व जो मानव मात्रको खुशी र हित अनि उनीहरूको वातावरण अनुकुल काम गर्ने वैज्ञानिक अध्ययन र व्यवहारसम्मत हुनु पर्दछ । चाहे जे होस हामी नाफामुखी व्यापारिक क्षेत्रबाट प्रोत्साहन गरिँदै आएको तथाकथित विज्ञान र प्रविधिको विपक्षमा छौं । बहुसंख्यक मानिसहरूलाई भोकमरी, अन्याय, सैनिकीकरण, हिंसा र युद्धमा धकेल्दै केही मानिसहरूले जैविक तथा प्राकृतिक संसारलाई उपनिवेश कायम गर्न यसप्रकारको विज्ञान र प्रविधिलाई आफ्नो नियन्त्रणमा राखेका हुन्छन् ।

(३१) खाद्य उत्पादनको सन्दर्भमा मानिसहरूलाई खुवाउने सर्तमा प्रविधिको विकास गरिएको हो । तर तल उल्लेखित कुराहरू देखिदै आएका छन् (क) स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वस्तरमा खाद्यान्नको बचत भइरहेको प्रशस्त प्रमाणहरू छन् तर (ख) मानवको एउटा ठूलो भाग भोकमरीबाट पीडित रहेको छ । यो समस्याको जड खाद्य वितरणसँग जोडिएको छ त्यसैले यसको समाधान व्यापारबाट हैन राजनीतिक इच्छा शक्तिले मात्र सम्भव छ । खाद्यान्नको पर्याप्तता प्राविधिक विषय होइन बरु प्रकृतिले आर्थिक विषय हो ।

> "रचनात्मक तत्व जो मानव मात्रको खुशी र हित अनि उनीहरूको वातावरण अनुकुल काम गर्ने वैज्ञानिक अध्ययन र व्यवहार सम्मत हुनु पर्दछ । चाहे जे होस् हामी नाफामुखी व्यापारिक क्षेत्रबाट प्रोत्साहन गरिँदै आएको तथाकथित विज्ञान र प्रविधिको विपक्षमा छौं ।"

> खनजोत नगरिकनै उत्पादन हुने खाद्यान्नहरूको स्थानमा केही अनाजलाई मात्र खाद्यान्नका रूपमा प्राथमिकता दिएको छ । त्यसैगरी प्रविधिले पनि गरीब निमुखा मानिसहरूलाई मात्र लक्षित गरेको छ ।

Genetitcally Modified Organizatiosm (GMOs) ले हाम्रो क्षेत्रमा भोकमरीको समाधानमा अनिच्छा देखाइरहेको छ ।

(३२) हामी मानव जातिले आफ्नो परिवारको स्वरूप निर्धारण गर्ने अधिकार र उनीहरूको स्वाभिमानलाई अस्वीकार गर्दै उनीहरूलाई संख्यामा मूल्यांकन गर्ने कुराको आलोचना गर्न चाहन्छौं । जनसंख्या नियन्त्रण र वर्खास्तीको नीतिलाई ठीक देखाउने नाममा मानिसहरूलाई संख्यामा खुम्च्याइएको छ ।

(३३) आधुनिक परिवार नियोजनका साधनहरूको विकास र प्रयोगले महिला र पुरुषहरूमा बढिरहेको बाँझोपनप्रति हाम्रो ध्यान आकृष्ट भएको छ । यसैगरी किटनाशक औषधीको व्यापक प्रयोगले पनि उस्तै प्रकारका समस्याहरू (महिला र पुरुषमा बाँझोपन र गर्भवती महिलाहरूमा गर्भपतन आदि) देखिएका छन् ।

(३४) आधुनिक कृषि प्रणालीले परम्परागत प्रणालीमा रहेको खाद्य विविधता र खनजोत नगरिकनै उत्पादन हुने खाद्यान्नहरूको स्थानमा केही अनाजलाई मात्र खाद्यान्नका रूपमा प्राथमिकता दिएको छ । त्यसैगरी प्रविधिले पनि गरीव निमुखा मानिसहरूलाई मात्र लक्षित गरेको छ ।

(३५) उत्तरका देशहरूमा अस्वीकृत मानव र वातावरणीय स्वास्थ्यमा नकारात्मक असर गर्ने भनेर प्रमाणित भैसकेका प्रविधिहरूलाई विकासशील देशहरूमा पटक पटक थुपारिरहेको छ । यस कार्यको हामी भर्त्सना गर्दछौं ।

(३६) व्यवसायिक प्रविधि मानिसहरूलाई खाना खुवाउनका लागि हो भन्ने हल्ला (प्रोपोगाण्डा) वास्तवमा झुट सिवाय केही होइन । व्यापारिक क्षेत्र मुनाफा नहुने स्थानमा काम गरेको कम मात्रै छ । यसरी नै जेनेटिकल्ली मोडिफाइड अर्गानिजमस् (GMO) पनि हाम्रो क्षेत्रका भोकमरी पिडितलाई खुवाउन संकोच मानिरहेका छन् ।

(३७) GMOs का कारण स्वास्थ्यमा पर्ने नकारात्मक असरका बारेको प्रतिवेदनप्रति यस मञ्चको गहिरो असहमति रहेको छ । GMOs को सहमतिमा व्यापारिक वर्गको दबाववाट सार्क क्षेत्रका सरकारहरूले गरेका कार्यहरूबाट पर्यावरण र जैविक विविधतामा व्यापक नकारात्मक असर परेको छ ।

३८. GMOs कृषिको मूल्यलाई पुष्टि गर्न असक्षम भएको छ वा यसलाई अझ राम्रो गर्न सकिन्थ्यो वा संसारभरिको विभिन्न जाति र वर्गलाई अहिलेभन्दा बढाउन सकिन्थ्यो । उनीहरू सांस्कृतिक रूपले विशेषगरी दक्षिण एसियामा हस्तक्षेपकारीका रूपमा पेश भएका छन् र यो हामी अस्वीकार गरेको हाम्रो जीवनलाई एकाधिकार गर्ने कुराको अभिन्न तत्वका रूपमा रहेको छ ।

३९. अमेरिकाको राज्य विभाग GMOs लाई जैविक विविधतासम्बन्धी महासन्धिमा हस्ताक्षर नगरिकनै प्रोत्साहन गरिरहेकोमा हामी चिन्तित छौं । यहाँ जैविक संरक्षण (Biosagety) अभिसन्धिले GMOs लाई जैविक संरक्षण नियमावलीको अभावमा व्यावसायिक रूपमा नै प्रोत्साहन गरिरहेको छ । CBD र CArtegen Protocal मा उल्लेख भए बमोजिम पूर्व सतर्कताको सिद्धान्तलाई सम्बोधन गर्न केही रणनीतिक व्यवस्था गरिएको छ ।

४०. Bio-safety माथिको CArtegn Protocl ले GMOs का सातवटा मार्गदर्शक सिद्धान्तका रूपमा समाविष्ट गरेको छ जसलाई विशेषगरी युएसएले GMOs लाई क्रियाशील गराउन अनदेखा गरिरहेको छ । हामी यस प्रोटोकलमा हस्तक्षर गर्ने सार्कका देशहरूलाई पूर्व सतर्कताको सिद्धान्तलाई अपनाउन माग गर्दछौं र GMIO को उत्पादन, आयात र प्रोत्साहन गर्न बन्देज लगाउनु पर्दछ ।

४१. अस्वस्थ्यकर प्रविधिहरू विरुद्ध उत्रनका लागि सूचना ज्यादै महत्वपूर्ण रहेको छ । त्यसकारण जेनेटिक इन्जिनियरिङको भ्रमलाई तोड्न सूचनालाई मानिसहरूबीच प्रवाह गर्नका लागि ज्यादै आवश्यक रहेको छ । कृषकहरूलाई उनीहरूको मौलिक तथा स्थानीय ज्ञान र सिपको थप विकास गरी प्रविधिहरूमाथिको पहुँच पुऱ्याउन उनीहरूलाई सशक्तिकरण गरिनु पर्दछ ।

४२. हामी लघु वित्त कार्यक्रम र अन्य ऋण प्रवाह कार्यक्रमको विरोध गर्दछौं जसले कृषकहरूलाई कृषि कार्यलाई बिगार्ने र मानव एवं वातावरणीय स्वास्थ्यलाई हानी गर्ने व्यवसायिक प्रविधिलाई स्वीकार गर्न बाध्य

गराउँदछ । व्यवसायिक प्रविधिहरूलाई गरिबीका कार्यक्रमहरूका नाममा प्रोत्साहन गरिनु एउटा व्यंग जस्तै लाग्दछ ।

**सम्प्रभुता र सुरक्षा**

४३. हामी स्वनिर्णय गर्नका लागि भैरहेका संघर्षहरूलाई हामी समर्थन गर्दछौं ।

४४. संयुक्त राष्ट्रसंघीय चार्टरले संसारका सबै देशहरूलाई सम्मान, स्वीकार र उनीहरूको भौगोलिक अखण्डता र सार्वभौम सत्ताको प्रत्याभूत गरेको छ । हालका दिनहरूमा मानवीयताको नाममा सैनिक हस्तक्षेप भैरहेको दरिरहेका छौं । असफल राज्यको अवधारणा शक्तिशाली देशहरूका निमित्त अन्य साना र कमजोर देशहरूको सम्प्रभुता र भौगोलिक अखण्डताको सिद्धान्तको वेवास्ता गर्दै उनीहरूमाथि हस्तक्षेप गर्ने वहाना बनिरहेका छन् । यस हस्तक्षेपकारी कार्यलाई शक्तिशाली देशहरूले नेतृत्व दिइरहेका छन् ।

४५. हामी सार्क देशहरूसँग दक्षिण एसियाको शान्ति र स्थायित्वका लागि पूर्व शर्तका रूपमा चाहिँदो मात्रामा साना राज्यहरूको सुरक्षा सम्बन्धमा विषयवस्तुहरू (Agenda) रहन् भन्ने चाहन्छौं ।

४६. सार्क क्षेत्रका जनताको सबै सदस्य राष्ट्रको अधिकार, आफ्नो राष्ट्रमाथिको सार्वभौम सत्ताप्रति पूर्ण समर्थन रहेको छ । सार्क परिवारका सदस्यका हैसियतले जनताका नागरिक अधिकारहरूको पूर्ण प्रयोगका हामी नैतिक समर्थन गर्दछौं ता कि उनीहरूले आफ्नो भविस्य आफै निर्धारण गर्न सकून् ।

४७. हामीलाई बलियो र बन्दिलो बनाउने दक्षिण एसियाका समुदायहरूका रूपमा विद्यमान विविधताको आदर र सम्मान गर्न चाहन्छौं । वास्तविक रूपमा संस्कृतिको विविधताले नै हाम्रो जीवनमा सुरक्षा र प्रगति भित्र्याउँदछ । यसलाई सम्वर्धन गर्नुपर्दछ ।

४८. रजनीतिक स्वार्थ र कथित ज्ञान धम्की (perceived threats) ले यस क्षेत्रको सुरक्षामा समस्या खडा गरेको छ । जनताको एकता, साझेदारी र समझदारी नै प्रत्येक देशहरूबीच आपसी समझदारी कायम गर्ने सबैभन्दा राम्रो माध्यम हो । कट्टरवाद र यथास्थितिवादलाई समायोजन गर्न जनता जनतावीचको सु-सम्वन्धले मात्र सक्दछ । यस अवधारणालाई दक्षिण एसियाका सबै देशहरूमा विस्तार गर्दा नै यसले साझा र बलियो आधार पाउन सक्दछ ।

४९. दक्षिण एसियाई हुनमा दक्षिण एसियाका जनता ज्यादै गर्ववोध गर्दछन् । यसो हुनुको प्रमुख कारणमा हामीवीच रहेका अन्तरसम्वन्धित समानताहरू नै हुन् । त्यसैले हामी सार्कलाई सबै प्रकारका साझा सरोकारका विषहरूको छलफल गर्ने साझा मञ्चका रूपमा विस्तारित हुन सिफारिस गर्दछौं । अन्य युनियनहरू र युएन मञ्चहरूमा जस्तै दक्षिण एसियाका नागरिक समाजलाई सार्कभित्रै समान्तर मञ्चका रूपमा स्वीकार र व्यवहार गर्नु पर्दछ ।

५०. सार्कले आफ्ना सदस्य राष्ट्रहरूले अनुमोदन गरेका सबै मानवअधिकार कानुनहरूलाई कार्यान्वयन गर्न संयोजित प्रोत्साहन गर्नु पर्दछ ता कि क्षेत्रीय कार्य योजना तर्जुमा र कार्यन्वयन गर्न सकियोस् ।

५१. दक्षिण एसियामा चलिरहेको आणविक दौड र केही देशहरूमाझ सुरक्षा व्यवस्थामा हुँदै गरेको तयारी जसलाई एकअर्को देशले धम्कीका रूपमा लिएको छ । त्यसप्रति हामी अत्यन्त सम्वेदनशील भएका छौं । यी पक्षहरूले हाम्रो क्षेत्रको सुरक्षा र स्थायित्वलाई नराम्ररी असर पार्न सक्दछ । यी तथ्यहरूले पनि सार्कसँग किन साना देशहरूको सुरक्षा सम्वन्धमा विषयवस्तुहरू (agendas) हुनु महत्वपूर्ण छ भन्ने कुरालाई पुष्टि गरेका छन् । यसका निमित्त साझा सहमतिमा आउन हामी सबैले मेहेनत गर्न जरुरी छ ।

५२. यिनै वास्तविकतालाई ध्यान दिँदै यी विषयहरूलाई अझ व्यवस्थित तवरले हेर्न यिनको अनुसन्धान र अन्वेषणका निमित्त हामीले हामीवीचबाट एउटा समूहको गठन गरेका छौं । हाम्रो समझदारी र विश्लेषणलाई अझ घनिभूत पार्न समूहले कार्यशाला र सेमिनारहरूको आयोजना गर्नेछ भने दक्षिण एसियामा असैनिकीकरण, सुरक्षा र मानव अधिकारका विषयका संघसंस्थाहरू र विज्ञहरूसँग सम्पर्क गर्ने छ । यस समूहका संयोजकका रूपमा डा. बुद्धदेव चौधरी (सेरिड भारत) हुनुहुनेछ भने सदस्यहरूमा सुबोधराज प्याकुरेल (इन्सेक

> "हालका दिनहरूमा मानवीयताको नाममा सैनिक हस्तक्षेप भैरहेको दरिरहेका छौं। असफल राज्यको अवधारणा शक्तिशाली देशहरूका निमित्त अन्य साना र कमजोर देशहरूको संप्रभुता र भौगोलिक अखण्डताको सिद्धान्तको बेवास्ता गर्दै उनीहरुमाथि हस्तक्षेप गर्ने बहाना बनिरहेका छन् ।"

नेपाल), डा. सहिद जिया (लोक सन्झ, पाकिस्तान), अडिलुर रहमान खान (ओधिकार, बंगलादेश), फराड मजहर (उविनिंग, बंगलादेश) । यस समूहले गतिविधिहरूको संयोजन गर्नेछ र आउँदो सार्क पिपुल्स फोरममा विस्तृत प्रतिवेदन प्रस्तुत गर्नेछ ।

**मानव अधिकार र शान्ति निर्माण**

५३. हामी सार्क क्षेत्रमा राज्यपक्ष र गैर राज्य पक्षबाट भैरहेको मानव अधिकारको व्यवस्थित उल्लघंनप्रति गम्भीर चासो व्यक्त गर्दछौं र सबै मानव अधिकारकर्मीहरूलाई मानव अधिकार सिद्धान्तप्रति अडिग र एकबद्ध भएर लागिरहन आह्वान गर्दछौं । हामी मानव अधिकारकर्मीका नाताले कुनै पनि सामाजिक, आर्थिक स्थिति, राजनीतिक वा अन्य विश्वास र राज्य वा अन्य पक्षले लगाएका कुनै पनि आरोपका आधारमा भेदभाव नगरी पीडितका पक्षमा उभिनु पर्दछ । प्रत्येक व्यक्तिको पूर्वाग्रहरहित निष्पक्ष सुनवाइ र न्यायको अधिकार हुन्छ ।

> "हामी मानव अधिकारकर्मीका नाताले कुनै पनि सामाजिक, आर्थिक स्थिति, राजनीतिक वा अन्य विश्वास र राज्य वा अन्य पक्षले लगाएका कुनै पनि आरोपका आधारमा भेदभाव नगरी पीडितका पक्षमा उभिनु पर्दछ ।"

५४. शक्तिशाली देशहरूले कमजोर संरचनाका देशहरूमाथि हस्तक्षेप गर्न मानव अधिकारका कुरालाई दुरूपयोग गर्न सक्दछन् भन्ने कुरामा हामी सजग छौं । हामीले त्यस्ता दुरूपयोगका विरुद्ध खबरदारी गर्नु पर्दछ र साँचो अर्थमा नागरिकहरूको विश्व समुदाय निर्माण गर्न मानव अधिकारका सिद्धान्तहरूलाई विश्वव्यापी सिद्धान्तका रूपमा अपनाउनु पर्दछ ।

५५. सार्क पिपुल्स फोरमको मञ्चबाट मानव अधिकारका क्षेत्रमा निरन्तर काम गर्न हामी दक्षिण एसिया यातना र दण्डहिनता विरुद्धको संजाल नामक यातना र दण्डहिनता विरोधी संजालको निर्माणको समर्थन गर्दछौं । अर्को सार्क पिपुल्स फोरम नभइन्जेलसम्म संजालसँग एउटा समिति हुनेछ जसले संजाललाई मजबुत र दर्बिलो बनाउन सबै प्रकारका प्रयास र प्रक्रियाहरू अपनाउने छ । यस समूहका संयोजकका रूपमा डा. बुद्धदेव चौधरी (सेरिड भारत) हुनु हुनेछ भने सदस्यहरूमा सुबोधराज प्याकुरेल (इन्सेक नेपाल), डा. सहिद जिया (लोक सन्झ, पाकिस्तान), अडिलुर रहमान खान (ओधिकार, बंगलादेश), फराड मजहर (उविनिंग, बंगलादेश) । यस समूहले गतिविधिहरूको संयोजन गर्नेछ र आउँदो सार्क पिपुल्स फोरममा विस्तृत प्रतिवेदन प्रस्तुत गर्नेछ ।

५६. यातना तथा दण्डहिनता विरुद्धको दक्षिण एसियाली संजाल (शान्ति) आउँदो सार्क पिपुल्स फोरम आयोजक संस्थाहरूमध्ये एक हुने प्रस्तावको हामी समर्थन गर्दछौं । यस कार्यले मञ्चलाई विस्तृत गराउने हाम्रो अभियानलाई सघाउ पुर्‍याउने छ । ●

कविता

## रून्चेपना छाड्नुपर्छ

– कल्पना (ओली) सिटौला, मेची नगरपालिका - १०



बर्का धुम्टो त्याग्नुपर्छ
रून्चेपना छाड्नुपर्छ
चेतनाको दियो बाल्न
पहिला आफैं बल्नुपर्छ
गर्जी उठौं नारी अब
सुस्ताउन छोड्नुपर्छ
लैङ्गिकताको विभेद अब
जरैदेखि मास्नुपर्छ
दाइजो तिलक माग्नेलाई
कानुनले छेक्नुपर्छ
देउकी झुमा प्रथालाई
सबै मिली मास्नुपर्छ
चेली बेच्ने दलाललाई
हत्कडी नेल ठोक्नैपर्छ
कुसंस्कारको संजाल अब
समातेर च्यात्नुपर्छ
आफ्नो हक लिनलाई
संघर्षमा जुट्नुपर्छ
विद्रोहको बिगुल अब
सबैतिर बज्नुपर्छ ।

# महिलाहरू घरेलु हिंसा सहेर बस्न बाध्य छन्



**शक्ति समूह बेचबिखनबाट प्रभावित एवं जोखिममा पर्नसक्ने महिलाहरूद्वारा २०५४ सालमा स्थापित सामाजिक संस्था हो । स्थापनाकालदेखि नै महिला तथा बालबालिका बेचबिखन विरूद्धमा निरन्तर क्रियाशील शक्ति समूहले स्थापनाको छोटो अवधिमा नै आफ्नो छुट्टै पहिचान बनाइसकेको छ । प्रस्तुत छ संस्थाको अध्यक्ष सुनीता दनुवारसँग आमाको नामबाट नागरिकताको विविध पक्ष"बारे ओसार पसारको लागि *बेनुमाया गुरूङले* गर्नुभएको कुराकानीको सारसंक्षेप)**

० तपाईको परिचय दिनुस न ?

- मेरो नाम सुनीता दनुवार, घर उदयपुर, बसाई काठमाडौंमा । अहिले शक्ति समूहमा अध्यक्ष तथा कार्यक्रम संयोजकको रूपमा कार्यरत छु ।

० महिला बेचबिखनको क्षेत्रमा काम गर्न थाल्नु भएको कति भयो ?

- यो क्षेत्रमा काम गर्न थालेको लगभग नौ वर्ष जति भयो ।

० यस सबाललाई कसरी हेर्नुहुन्छ ?

- हाम्रो सामाजिक संरचना तथा पितृसत्तात्मक संस्कार र मान्यताले गर्दा महिलाहरू बाहिर निस्कनु हुँदैन भन्ने सोच छ । सानैदेखि छोरी बाहिर निस्कनु हुँदैन, कसैसंग बोल्नु हुँदैन जस्ता आमा बाबाको कुराले उसको मनमा कसरी फुत्किन पाउँ, कसरी बाहिर जाउँ भन्ने कुरा चासोको विषय बन्न पुग्दछ र बेचबिखनमा पर्न सक्ने धेरै सम्भावना हुन्छ । विश्वको अन्य देशहरूमा यौन व्यवसायलाई मान्यता प्राप्त भएको हनाले तथा त्यसबाट सरकारलाई पनि कर धेरै आउनाले पनि बेचबिखन बढिरहेको छ । वर्तमानको कुरा गर्दा अहिले हाम्रो देशमा दोहोरो द्वन्द्वले गर्दा विदेश पलायन आदिले गर्दा बेचबिखन अझै बढिरहेको छ भन्ने मलाई लाग्छ ।

० तपाई आफै महिला अधिकारको क्षेत्रमा कार्यरत हुनुहुन्छ । आमाको नाममा नागरिकतालाई कसरी हेर्नुहुन्छ ?

- हाम्रो कानुन तथा नीति नियममा महिलाहरूलाई जसरी पनि तल पार्ने । यो कुरा कानुनमा होस वा व्यवहारमा होस भइरहेको छ । यदि आमाको नामबाट नागरिकताको कानुन भएको भए बाबुलाई नै गुहार्नु पर्ने स्थिति हुँदैन थियो होला जसले गर्दा पितसत्तात्मक सोचमा केही कमी आउँथ्यो र हामीलाई काम गर्दा पनि एकदम सजिलो हुन्थ्यो । अहिले कतिपय ठाउँहरूमा हाम्रो सदस्यहरूको नागरिकता नभएको कारणले गर्दा, व्यवसाय गरे पनि दर्ता गर्न नपाइरहेको र अन्य ठाउँमा जागिर खान्छु भन्दा पनि नपाइरहेको अवस्था छ । यदि आमाको नामबाट पनि नागरिकताको व्यवस्था भएको भए यी विविध समस्याहरू हुँदैन हुन्थ्यो होला ।

अर्को कुरा विवाहपछि नागरिकताको लागि पतिलाई नै गुहार्नु पर्ने व्यवस्था भएको हुनाले महिलाहरू घरभित्र विभिन्न प्रकारको हिंसा सहेर बस्न बाध्य छन् । किन कि पतिलाई छोड्ने बित्तिकै आमाको नामबाट नागरिकता हुँदैन र बच्चाको जन्मदर्ता पनि हुँदैन यदि आमाको नामबाट नागरिकताको व्यवस्था भइदिएको भए महिलाहरूलाई यसप्रकार हिंसामा पिल्सिएर बस्नु पर्ने अवस्था हुँदैन थियो

० आमाको नामबाट नागरिकता लिनको

"पतिलाई छोड्ने बित्तिकै आमाको नामबाट नागरिकता हुदैन र बच्चाको जन्मदर्ता पनि हुदैन ।"

**लागि कस्ता प्रयासहरू भइरहेको छ ? तपाईको विचारमा यसको लागि कस्तो प्रकारको प्रयासहरू गर्न आवश्यक छ ?**

- विभिन्न संघ संस्थाहरूले आमाको नामबाट नागरिकता लिन पाउने व्यवस्था हुनु पर्छ भन्ने कुरामा जोड दिइरहेका छन् । शक्ति समूहले पनि यो हुनैपर्छ भन्ने कुरामा जोड दिइरहेको छ किन कि जबसम्म यो हुँदैन तबसम्म बेचविखनको जोखिम पनि रहिरहन्छ र यस कुरामा लागिरहेको छ । हाम्रो देशमा सरकारले समानताको कुरा गरिरहन्छ र समानता गर्नुपर्छ भनिरहेको छ यो अवस्थामा आमाको नामबाट नागरिकता पाउनु पर्ने विषयलाई पनि हेर्नु पऱ्यो किन कि कुरा मात्र गरेर भएन, महिलाहरूलाई समान अधिकार दिनु छ भने नियम अथवा कानुनीरूपमा पनि यो हुनुपर्छ जस्तो मलाई लाग्छ ।

**० तपाई मानव बेचविखनविरुद्ध कार्यरत संस्थाको अध्यक्ष हुनुहुन्छ । मानव बेचविखन र नागरिकताको बीच कस्तो सम्बन्ध पाउनुहुन्छ त ?**

- यो एकदमै सम्वन्धित विषय हो । आमाको नामबाट नागरिकता पाउने भएको भए यो समस्या केही कम हुन्थ्यो होला जस्तो मलाई लाग्छ । हाम्रो सदस्यहरू जुन बेचबिखनबाट प्रभावित छन्, उनीहरूको नागरिकता बनाउनु पर्दा बाबुहरूले नै स्वीकृति नदिएको, तँ बेचिएर आएकी हो तँलाई किन नागरिकता बनाई दिने ? भन्ने गरिएको र आमाको नामबाट नागरिकताको व्यवस्था नभएको जसले गर्दा केही गर्छु भन्दा पनि रोजगारीको अवसरहरूमा बाधा पर्ने स्थिति छ । एउटा सानो उदाहरण दिनु पर्दा बेचिएकै कारणले पनि नागरिकता नपाउने यस्तो स्थिति पनि छ अहिले । शक्ति समूहले पनि यसको स्थापनाकालमा यो समस्या भोगेको छ । संस्था दर्ता गर्न जाँदा पनि कति साथीहरूको नागरिकता थियो कतिको थिएन, अर्काको नागरिकता सापट लिएर संस्था दर्ता गर्नु परेको थियो । बाबुलाई नागरिकता बनाई दिनुपऱ्यो भन्दा पनि किन बनाई दिनु मैले तिम्रो भनेको र केही साथीहरूले बाबुलाई घुस खुवाएर, पैसा दिएर पनि नागरिकता लिएका छन् ।

देशको वर्तमान अवस्थाको कारण महिलाहरूको पनि विदेशिने क्रम बढिरहेको छ । सबैसँग नागरिकता भएको भए वैधानिक तरिकाले कानुनी प्रक्रियाले विदेश जानु हुन्थ्यो होला । अहिले कस्तो भइरहेको छ भन्ने यहाँबाट दिल्ली, दिल्लीबाट अरब मुलुकहरूमा जाने भएको हुँदा महिला एक ठाउँमा मात्र नभएर ठाउँ ठाँउमा बेचिरहेको छन् । कानुनी रूपमा नगएर उनीहरू लुकेर गएका हुनाले उनीहरू बेचविखनमा परिरहेका छन् । यदि उनीहरूसँग नागरिकता भएको भए शायद उनी कानुनी रूपमा पत्रहरू लिएर जान्थे होला । जसले गर्दा बेचविखनको समस्या कम हुन्थ्यो होला ।

**० यस क्षेत्रमा कार्य गर्दा नागरिकता विहिनताले के-कस्ता समस्याहरू पर्ने रहेछन् । त्यस्तो केही घटना छोटकरीमा भनिदिनु हुन्छ कि ?**

- यसले गर्दा हामीहरूलाई एकदमै ठूलो समस्या पनि परेको छ । म यहाँ शक्ति समूहको उदाहरण दिन चाहन्छु । शुरुमा हामीसँग नागरिकता नभएको र संस्था दर्ता गर्नुपर्ने तथा दातृ संस्थाहरूले पनि दर्ता नभएसम्म सहयोग नदिने । दर्ता गर्दा पनि सात जनाको अनिवार्य नागरिकता चाहिने भएको हुनाले र हाम्रो कतिपय साथीहरूको नागरिकता नभएको हुनाले कर्मचारीहरूको नागरिकता सापट लिएर दर्ता गरियो । हाम्रै साथीहरूको नागरिकता भइदिएको भए यस्तो समस्या आउने थिएन । नागरिकता विहीनताकै कारण धेरै अवसरहरूबाट बञ्चित हुनपर्ने छ जस्तै कार्यक्रमहरूमा विदेश जाने अवसर, रोजगारीको अवसर आदि धेरै समस्याहरू भोगिरहेका छौं र अझै पनि यो समस्याहरू छन् हामीमा ।

> “ नागरिकता विहिनताकै कारण धेरै अवसरहरूबाट बञ्चित हुनु पर्ने छ जस्तै कार्यक्रमहरूमा विदेश जाने अवसर, रोजगारीको अवसर आदि धेरै समस्याहरू भोगीरहेका छौ र अझै पनि यो समस्याहरू छन् हामीमा । ”

**० तपाई आफू आवद्ध संस्था शक्ति समूहले कस्तो सवालमा काम गरिरहेको छ ?**

- मुख्य रूपमा शक्ति समूहले मानव बेचविखनकै क्षेत्रमा काम गरिरहेको छ । त्यस बाहेक आमाको नामबाट नागरिकता, बेचविखन र श्रीमान्‌बाट एचआईभी/एड्स भएकालाई हेर्ने एकदम भिन्न दृष्टिकोण भएको तर हामीले होइन एचआईभी/एड्स भनेको त एउटै हो । किन यसलाई भिन्न दृष्टिकोणले हेर्ने । जति श्रीमानबाट एचआईभी/एड्स सरेको महिलाले अधिकार पाउँछ त्यति नै अधिकार बेचविखनबाट

एचआईभी/एड्स सरेको महिलालाई पनि पाउनु पर्छ भनेर शक्ति समूहकै मार्फत हामीले शक्ति मिलन केन्द्रको स्थापना गरेका छौं । बेचविखनकै सम्वन्धमा विभिन्न केसहरू आउंदा र ती बाट प्रभावितहरूलाई राख्ने समस्या हुँदा शक्ति केन्द्र नामको संरक्षित वासस्थानको स्थापना गरेका छौं जसमा धेरै दिदी बहिनीहरू आउने जाने क्रम भइरहेको छ ।

**० शक्ति मिलन केन्द्रमा कस्ता व्यक्तिहरू आउन सक्छन् वा यसको सदस्य बन्न सक्छन् ?**

- शक्ति मिलन केन्द्रमा सदस्य हुन संक्रमित महिला हुनुपर्छ । उहाँहरूलाई हामीले विभिन्न सेवाहरू प्रदान गर्छौं । अहिले हामीले यसको एउटा समूह बनाएका छौं जसमा अहिले २५ जना जति हुनुहुन्छ । त्यस समूहको वैठक महिनापिच्छै हुन्छ तथा जसमा उहांहरूको संगठन र सशक्तिकरण गरिन्छ तथा पौष्टिक आहारको आश्यकता भएको हुनाले त्यसको व्यवस्था पनि हुन्छ ।

शक्ति समूहलाई दक्षिण एसियाकै प्रभावितहरूको पहिलो संस्थाको रूपमा चिनिएको छ । हामी के चाहन्छौं भने दक्षिण एसियामा मात्र नभई विश्वमा नै शक्ति समूहलाई चिनाउनु पर्छ । दक्षिण एसियामा चिनेको भए पनि नेपालकै कतिपय ठाउंहरूमा चिनिएको छैन जसले गर्दा अहिले विस्तारै चारवटा जिल्लामा शक्ति समूहको सूचना केन्द्र खोल्दैछौं । त्यसमा हामीले जुन जुन दिदी बहिनीहरू बेचविखनमा परेर फर्केका छन् उहाँहरूलाई परिवार तथा समाजले कसरी हेरेको छ ? उहांहरूलाई कस्तो खालको सहयोग आवश्यक छ ? बुझ्ने तथा उहाँहरूको अधिकारको लागि लड्ने र विस्तारै शक्ति समूहमा आवद्ध गर्ने भनेर स्रोत केन्द्रको स्थापना गर्न लागेका हौं । हाम्रो लक्ष्य संस्थालाई विस्तारै ७५ वटै जिल्लामा लग्ने र प्रभावितहरूलाई संगठित गर्ने रहेको छ । हेरौं कहाँसम्म सफल हुन्छौं ।

**० अन्तिममा केही भन्न चाहनु हुन्थ्यो कि ?**

- जति पनि मानव बेचविखन विरुद्ध काम गर्ने संस्थाहरू छन्, सबै आ-आफ्नै तरिकामा छन् । आखिर सवाल एउटै हो, एउटै उद्देश्य छ तर एउटा संस्थाले यस्तो गर्‍यो भने अर्को संस्थाले खुट्टा तान्ने प्रवृत्ति बढिरहेको छ । म के चाहन्छु भने त्यसो नगरेर वरु एउटै सवालमा काम गर्ने मिलेर कुन कुन सवालमा गर्ने ? कसरी गर्ने ? र के गर्दा वास्तवमै प्रभावितहरूलाई सहयोग मिल्छ भन्ने कुरामा समभ्रुदारी भएको भए प्रभावितहरूलाई सहयोग पुग्थ्यो । अर्को कुरा प्रभावितहरूको हक हितको लागि लडेको हो भन्ने सभा-गोष्ठीहरूमा हामी सुन्छौं । यति जनालाई सहयोग गर्‍यो भनिन्छ तर वास्तवमै त्यो गाउंमा गएर हेर्‍यो भने छैन । सहयोग गरेपछि त्यो कुरा त्यतिकै पनि आउँछ ।

**० तपाईको विचारमा प्रभावितहरूलाई कस्तो सहयोग गर्दा भविष्यमा वास्तवमै उहाँहरूलाई सहयोग हुन्छ ?**

- मलाई के लाग्छ भने प्रभावितहरूलाई भनेर जति पनि पैसा आएको छ, काठमाडौंमा बसेर यति-उति जनालाई गर्‍यो भन्दा पनि त्यही प्रभावितहरूकै ठाउँमा पुगेर वास्तवमै प्रभावितहरूले के चाहेका छन् त ? जिविकोपार्जन महत्वपूर्ण हुन्छ किन कि जवसम्म उ आफ्नो खुट्टामा उभिदैन उसलाई परिवारले पनि हेर्दैन समाजले पनि हेर्दैन । जब उ आफ्नो खुट्टामा उभिन्छ त्यसलाई सबैले हेर्छन् । तर प्रभावितहरूको लागि खोई त त्यो ? जति पनि पैसा भाषण र सेमिनारमा बगेको छ । त्यसैले गाउँमै प्रभावितहरूलाई संगठित र सशक्तिकरण गरेको भए उहाँलाई सहयोग हुन्थ्यो ।

**० कुनै पनि व्यक्ति बेचविखनमा नपरोस भन्न तपाईको संस्थाले कस्ता कार्य गरिरहेको छ ?**

- यसको लागि हामीले चेतनामूलक नाटक देखाउँछौ जुन पहिला काठमाडौंमा मात्र सीमित थियो भने अहिले जिल्ला-जिल्लामा पनि देखाइरहेका छौं । काठमाडौंमा पनि बस्ती-बस्तीमा किशोरी समूह र गलैंचा कारखानामा पनि समूहहरू गठन गरेका छौं । यस्ता समूहका व्यक्तिहरू बेचविखनमा पर्ने धेरै सम्भावना हुन्छ । उहाँहरूलाई तालिमहरू दिने गरेका छौं र अहिले उहाँहरू आफै नाटक देखाउन सक्षम भएका हुनुभएको छ । यसप्रकार उहाँहरू सचेत भयो भने केही हदसम्म मानव बेचविखन नियन्त्रण हुन्छ । ●

" काठमाडौंमा बसेर यति-उति जनालाई सहयोग गर्‍यो भन्दा पनि प्रभावितहरुकै ठाउँमा पुगेर वास्तवमै प्रभावितहरुले के चाहेका छन् त ? जिविकोपार्जन महत्वपूर्ण हुन्छ किन कि जबसम्म उ आफ्नो खुट्टामा उभिदैन उसलाई परिवारले पनि हेर्दैन समाजले पनि हेर्दैन । "

# नेपाली महिलाहरूको आर्थिक अधिकारमा नागरिकताले पारेको प्रभाव

❑ शर्मिला कार्की



> "महिलाको मानव अधिकारका संरक्षण र सम्बर्धनको विषयलाई धेरै क्षेत्रीय र अन्तर्राष्ट्रिय सन्धि सम्झौताले जोड दिएता पनि व्यवहारमा तिनको कार्यान्वयन पक्ष निकै कमजोर देखिन्छ।"

*पृष्टभूमि*

महिला र पुरुषबीच सामाजिक, आर्थिक, राजनैतिक हर क्षेत्रमा समानुपातिक रूपमा सहभागिता आजको अपरिहार्य आवश्यकता हो। सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएपश्चात मानव अधिकारको कुरा अत्यधिक रूपमा उठदै आएको छ। १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्रले झन प्रत्येक मानवको मानव अधिकारलाई संरक्षण गर्नुपर्ने कुरालाई झन बढी प्रष्ट पारेको छ। विश्वव्यापी रूपमा मानव अधिकारको घोषणा भएको ५७ वर्ष भइसकेको छ, । तर पनि महिलाहरूले मानव अधिकारको पूर्णरूपमा उपयोग गर्न पाएका छैनन्।

महिलाको मानव अधिकारका संरक्षण र सम्वर्द्धनको विषयलाई धेरै क्षेत्रीय र अन्तर्राष्ट्रिय सन्धि सम्झौताले जोड दिएता पनि व्यवहारमा तिनको कार्यान्वयन पक्ष निकै कमजोर देखिन्छ। यसै सन्दर्भमा नेपाली महिलाहरूको आमाको नाममा नागरिकता नपाउने हालसम्मको मुद्दा नेपाली महिलाहरूको मानव अधिकारमाथि भएको प्रत्यक्ष हननको रूपमा रहेको देखिन्छ।

**नेपाली महिलाहरूको हालको अवस्थामाथि नागरिकताले पारेको प्रभाव**

नेपाली महिलाहरूको आजको सबैभन्दा ठूलो समस्या भनेको नै पहिचानको समस्या हो। एउटा महिलाले १० महिनासम्म बच्चा पेटमा राखेर हुर्काएर बढाएर उसको लागि आफ्नो नाममा नागरिकता माग्न जाँदा बाबु वा पति देखाउनु पर्दछ। हाम्रो राज्य संरचनाले महिलालाई २१ औं शताब्दीमा पनि दोस्रो दर्जा र स्तरहीन नागरिकको रूपमा हेरिरहेको छ भने हाम्रो सामाजिक संरचनाका कारण महिला यो वा त्यो ढंगले हिंसाको शिकार भई अधिकारबाट बञ्चित भएको पाइन्छ। छोरा नपाएर अर्की स्वास्नी ल्याउनु पर्दा उसलाई आफ्नो अधिकार दिनुपर्ला भनी नागरिकता नदिने धेरै मुद्दाहरू हाम्रा साम् छन्।

श्रीमानको मृत्युपश्चात विधवा बुहारीको सवैभन्दा पहिलो र ठूलो लडाई भनेको नै श्रीमानको सम्पति आफ्नो नाममा गर्नु नै हो। नागरिकता नभएको र सकारात्मक ढंगले धेरैजसो परिवारले नबनाई दिने हुनाले एउटी विधवा महिला ज्यादै बिचल्ली अवस्थामा रहन्छिन्। आजको द्वन्द्वको कारण द्वन्द्वरत दुबै पक्षमा मानिसको मृत्यु हुँदा ठूलो संख्यामा पुरुषहरू मरेका छन् र विस्थापित भएका छन्। विभिन्न अनुसन्धानले देखाएअनुसार २०-३० वर्ष भित्रका महिलाहरू अत्यधिक विधवा भएका छन्। त्यहाँभित्र पनि नागरिकताको समस्या ज्यादै प्रवलरूपमा रहेको छ। एकल तथा विधवा महिलाहरूको आफ्नो सम्पतिमाथिको नियन्त्रण र पहुँचमा पनि नागरिकताले समस्या ल्याएको छ।

गाउँ गाउँमा धेरै विशेष गरी युवा वर्गहरू रोजगारीका लागि विदेश जाने क्रममा पनि आमाको अभिभावकत्वमा बसेका युवाहरू नागरिकता नपाएर भौतारिइरहेको धेरै भेटिन्छन्। जसले महिला र युवा दुवैको मानसिक तथा सामाजिक तनाव बढाइरहेको हामी पाउँछौं। साथै महिला स्वयम् पनि रोजगारीका लागि मुलुक बाहिर तथा भित्र जान पनि नागरिकताको आवश्यकता पर्ने हुन्छ। जन्म दर्ता, विवाह दर्ता जस्ता अति आवश्यक कामहरू पनि हाम्रो मुलुकमा कमै मात्रामा भएका छन्। जुन नागरिकता पाउनका लागि सहयोगी सामग्री बन्न सक्दछन्। तर यस्तो धेरै नभएको र त्यसमा पनि महिलाहरूको त झनै नभएको हुनाले यसबाट हुने नकारात्मक असर महिलाहरूलाई नै बढी परेको छ।

विशेषगरी अंशवण्डाका मुद्दाहरूमा भूमिमाथिको अधिकारका कुराहरू गरिरहँदा नेपाली महिलाका नाममा नागरिकता हुनु अत्यन्तै आवश्यक देखिन आउँदछ । नेपाल कृषिप्रधान देश भएको र अत्यधिक महिलाहरू पनि कृषिमा संलग्न रहेका छन् तर जमिनमाथिको अधिकारमा भने महिलाहरूको पहुँच ज्यादै कम छ । जसमा आफ्नो नाममा नागरिकता नहुनु पनि एउटा ठूलो कारण बनेको छ । संस्थागत रूपमै रहेको नेपालका पश्चिमी भेगमा देउकी तथा वादी प्रथाअन्तर्गत जन्मेका सन्तानहरू जसको बाबुको ठेगान छैन उनीहरूको नागरिकताको सवाल अत्यन्तै ठूलो समस्याको रूपमा रहेको छ । यसबाट पनि महिलाहरू नै मानसिक तथा सामाजिक रूपमा पीडित रहेका छन् । नागरिकताको महत्व महिला स्वयंले अशिक्षा र घर बाहिरको काममा महिलाहरूको पहुँच नहुनुले गर्दा अत्यधिक महिलाको नागरिकता छैन । हाम्रो समाजमा एउटा पुरुष जब वालिग हुन्छ उसको कामको प्रवृति सबभन्दा पहिले उसको नागरिकता बन्दछ तर महिलाको बन्दैन ।

समग्रमा भन्नुपर्दा नेपाली महिलाहरूको व्यक्तित्व विकास र समग्र आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक सबै क्षेत्रका विकासमा नै नागरिकताले असर पारेको छ ।

**नागरिताको सवालमा देशमा विद्यमान संविधान र कानुनमा रहेको लैङ्गिक विभेदहरू**

१. नेपाल अधिराज्यको संविधान २०४७ को भाग २ धारा ९ (१) मा "यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक हुनेछ" भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

२. धारा ९ (२) मा "नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगान नभएको प्रत्येक नावालक निजको बाबु पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।"

३. धारा ९ (५) अनुसार नेपाली नागरिकसँग वैवाहिक सम्वन्ध भएकी विदेशी महिलाले विदेशको नागरिता त्यागने कारवाही चलाएपछि ती महिलाले नेपालको नागरिकता प्राप्त गर्न सक्छिन् तर नेपाली नागरिक महिलासँग वैवाहिक सम्वन्ध भएको विदेशी पुरुषले विदेशी नागरिकता त्याग्ने कारवाही चलाए, नेपालमै बसोवास गर्न चाहेर पनि संविधानको धारा ९ (४) को शर्त पूरा नगरी नागरिकता प्राप्त गर्न सक्दैन ।

**नेपाली नागरिकता ऐन २०२०**

१. दफा ३ (१) मा "यो ऐन प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।"

२. दफा ३ (१) मा "नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगान नभएको प्रत्येक नावालक निजको बाबु पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने व्यवस्था गरेको छ ।"

३. दफा ३ मा (५) मा "बाबुको मृत्यु भएको मनासिव माफिकको अवधिभित्र जन्मेको नावालकको नागरिकता कायम गर्दा निजको बाबुको मृत्युको अवस्थामा जे जस्तो हैसियत थियो सोही बमोजिमको हैसियत कायम रहेको मानिने छ ।"

> "संस्थागत रूपमै रहेको नेपालका पश्चिमी भेगमा देवकी र वादी प्रथा अर्न्तगत जन्मेका सन्तानहरू जस्को बाबुको ठेगाना छैन उनीहरूको नागरिकताको सवाल अत्यन्तै ठूलो समस्याको रूपमा रहेको छ ।"

## हामीले अनुभव गरेको घटना

जागरण नेपाल महिला अधिकारका लागि काम गर्ने संस्था हो । यस संस्थाले काम गर्दा महिला समुहहरूलाई आर्थिक सशक्तिकरणका लागि बिउ पूंजी खातामा जम्मा गर्ने प्रक्रिया छ । बैंकमा खाता खोल्न बोलाउँदा कसैले पनि नागरिकता नलिई आउनु भएको पाइन्छ । किन कि उहाँहरूलाई खाता खोल्दा नागरिकता चाहिने बारेमा थाहा नै छैन यस कुरालाई महसस गरी हाल जागरण नेपालले आफूले काम गर्ने महिला समूहको नागरिकता बनाउन पहल र सहयोग गरिदिने गरेको छ । हालसम्म झण्डै ५ सय जति महिलाको नागरिकता बनिसकेको छ भने धेरै अफठयारा र परिवारले महिलाहरूको नागरिकता नबनाई दिनका लागि विभिन्न बहानामा रचेका षडयन्त्रहरू पनि पाइएका छन् ।

४. दफा ६ अनुसार विदेशी पुरुषसँग वैवाहिक सम्वन्ध कायम भइ जन्म भएको नेपाली नागरिक महिलाको सन्तानले अङ्गिकृत नागरिकता पाउनु पर्दछ तबसम्म निजहरूबाट जन्मेको सन्तानले आमा नागरिक भएर पनि नेपालको नागरिकता लिनलाई निवेदन दिनसम्म सकिन्न ।

**नागरिताको सवालमा रहेका अर्न्तराष्ट्रिय सन्धि, सम्झौता नागरिकता सम्बन्धी प्रावधानहरू**

नागरिकता र राष्ट्रियताको सवाल विश्वमा नै एक मानवीय मुद्दा बनेको छ । राष्ट्रियता पाउनु कुनै पनि नागरिकको मौलिक अधिकार हो र यो अधिकार नागरिकता प्राप्त गरेपछि मात्र हुन्छ । यिनै अवधारणा अनुसार राष्ट्रियताको सम्वन्धमा लैङ्गिक विभेद गरिनु हुँदैन भन्ने सोचअनुसार विभिन्न अर्न्तराष्ट्रिय महासन्धिहरूमा उल्लेख गरेको पाइन्छ ।

१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन १९४८ को धारा २ र १५ ले प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै धारा १५ (१) ले प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार र १५ (२) अनुसार कुनै पनि व्यक्तिलाई मनोमानी ढङ्गले निजको नागरिकता परिर्वतन गर्ने अधिकारलाई इन्कार गरिने छैन भनेर उल्लेख गरेको पाईन्छ ।

२. विवाहित महिलाको राष्ट्रियता सम्बन्धी महासन्धि १९५७ को धारा १ र २ अनुसार महिलालाई नागरिकता प्राप्त गर्ने र समाप्त गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।

३. नागरिक तथा राजनीतिक अधिकारको अन्तराष्ट्रिय अनुबन्ध १९७६ को धारा २४ अनुसार महिला र पुरुषलाई आफ्नो बासस्थान छान्ने र आवत जावत गर्ने समान अधिकार हुन्छ भन्ने उल्लेख गरिएको छ ।

४. महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धिको धारा ९ ले राष्ट्रियता सम्वन्धि व्यवस्था गरिएको छ जसअनुसार धारा ९ (१) ले "राष्ट्रले महिलाले पुरुषसरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा समान अधिकार प्रदान गर्नेछन् तिनीहरूले खास गरेर विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहित अवस्थामा पतिले राष्ट्रियता परिवर्तन गरेको कारण पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने निजलाई राज्यविहीन नतुलाइने वा पतिको राष्ट्रियता ग्रहण गर्न बाध्य हुनु नपर्ने सुनिश्चित गर्ने छन् ।"

धारा ९(२) "पक्ष राष्ट्रहरूले बालवालिकाको राष्ट्रियताको सम्वन्धमा महिलालाई पुरुष सरहको समान अधिकार प्रदान गर्नेछ ।" यसले गर्दा राष्ट्रियता सम्वन्धमा समान अधिकार दिनु राज्यको उत्तरदायित्व हुनेछ ।

५. बाल अधिकार सम्वन्धी महासन्धि १९८९ को धारा ७ मा बालवालिका जन्मेपछि जन्मदर्ता गर्नुपर्ने, नाम राख्न पाउने र राष्ट्रियताको अधिकार राज्यपक्षले सुनिश्चित गरिदिनु पर्ने कुरा उल्लेख गरिएको छ । बालवालिका राष्ट्रविहीन हुने भएमा राष्ट्रियताको अधिकार राज्यले नै दिनुपर्ने कुरा समेत उल्लेख गरिएको छ ।

**अन्त्यमा**

स्मरणरहोस, नेपालले CEDAW महासन्धी विनाशर्त २२ अप्रिल १९९१ मा र CRC महासन्धी १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरी राज्यपक्ष भएको सन्धि सम्झौता नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल कानुनसरह लागू हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धि सम्झैता परस्परमा बाझिएमा सन्धिको प्रावधान लागू हुने कुरा प्रष्ट किटान गरिएको छ ।

वंशाणुगत हिसाबले पनि बाबुभन्दा आमाको सम्वन्ध सन्तानसँग प्रत्यक्ष हुन्छ किनभने बच्चाले १० महिनासम्म आमाको कोखमा रहेर आफ्नो अस्तित्वको विकास गरेको हुन्छ । जुन आमासँगको सम्वन्ध तुलनात्मक रूपमा ज्यादा छ भन्नुमा अत्युक्ति नहोला ।

नागरिकता सम्वन्धमा समान अधिकार दिनु भनेको महिलाहरूको अस्तित्वको सम्मान र उनीहरूको समानता र न्यायिक अधिकारको प्रत्याभूति हो । यसमा हामी सबैले यथास्थानबाट पहल गर्नु आवश्यक छ ।

आमाको नामबाट पनि नागरिकता दिने सवालमा नेपालका प्रजातन्त्रवादी सामाजिक न्याय र समानतामा विश्वास गर्ने हरेक राजनैतिक दल नागरिक समाज कानुन व्यवसायी महिला अधिकारवादी संचारजगत आदि सबैको संयुक्त पहल प्रतिबद्धतामा आमाको नामबाट नागरिकता दिलाउने हर सम्भव प्रयास गर्नु पर्दछ । ●

"नेपालका प्रजातन्त्रवादी सामाजिक न्याय र समानतामा विश्वास गर्ने हरेक राजनीतिक दल नागरिक समाज कानुन व्यवसायी महिलाअधिकारवादी संचारजगत आदि सबैको संयुक्त पहल प्रतिबद्धतामा आमाको नामबाट नागरिकता दिलाउने हरसम्भव प्रयास गर्नु पर्दछ ।"

# नागरिकता विभेदले महिलाको स्तरमा परेको असर

❑ विष्णु ओझा, एटविन संयोजक



### पृष्टभूमि

मानव सभ्यताको गतिलाई मूर्तरूप दिन सवल, सक्षम र प्रतिस्पर्धी समाज निर्माण गर्न महिला पुरुष दुवैको भूमिका समान हुनु जरुरी छ । समान भूमिकाको लागि राज्यले समान अवसर प्रदान गर्नुपर्छ । महिलाहरू समाज निर्माणको क्षेत्रमा पुरुषसरह समान हैसियत र क्षमता बोकेका मानव प्राणी हुन् । २०४७ सालको संविधानले लिङ्गको आधारमा भेदभाव गरिने छैन भनेता पनि संविधानले तीन ठाउँमा, मुलुकी ऐनले ३८ ठाउँमा, अन्य ऐनले २९ ठाउँमा र विभिन्न नियमावलीले ८८ ठाउँमा गरी १ सय ५६ ठाउँमा महिला पुरुषवीच विभेद गरेको छ । उक्त कुरा महिला तथा बालबालिका मन्त्रालयका उपसचिवले महिला विरुद्ध हुने हिंसा विषयक एक कार्यक्रममा प्रस्तुत कार्यपत्रमा उल्लेख गरेका हुन् । सबैभन्दा पहिला राज्यले महिलालाई मानवको स्थानमा राखेको छैन । आफ्नै सन्तानको नागरिकता बनाउन सिफारिश गर्ने अधिकारवाट समेत बञ्चित गरी महिलालाई दोस्रो दर्जाको नागरिक बनाएको छ ।

विद्यमान पितृसत्तात्मक सामाजिक संरचनाले महिलाहरूको हैसियत र क्षमतालाई कमजोर बनाएको छ । मानव विकासको क्रमलाई अध्ययन गर्दा महिलाहरू वैदिक कालदेखि नै सबै क्षेत्रमा पुरुषसरह नै सक्षम र सवल थिए । मुलुकको सिंगो शक्तिको आधा शक्ति महिलाहरू नै हुन् । महिलाहरूको सशक्त सहभागिता विना सामाजिक परिवर्तन हुँदैन । राष्ट्रिय उत्पादनको आधाभन्दा बढी हिस्सामा महिलाहरूको योगदान रहँदै आएको छ । श्रमको क्षेत्रमा पुरुषहरूले भन्दा बढी श्रम महिलाहरूले नै गर्दै आएको कुरा विभिन्न अनुसन्धानले उजागर गर्दै आएको छ । तर श्रोत र साधनमाथि स्वामित्व छैन । नीतिनिर्णयका प्रक्रियाहरूमा महिला सहभागिताको आवश्यकता महसुस गरेको पाइँदैन । नीतिनियम बनाउने सवालमा स्थानीय निकायदेखि राष्ट्रिय निकायसम्म पुरुषहरूकै बाहुल्यता छ । जसले गर्दा हरेक नीतिनिर्णयहरू पुरुषहरूको हितको पक्षमा बनेका छन् । २०४७ सालको संविधानले पनि नेपाली महिलाहरूलाई धेरै नै ठगेको छ । केवल आरक्षणमा सीमित गरिएको छ । नागरिकतामा सिफारिश गर्ने आमाको अधिकारबाट समेत बञ्चित गरिएको छ ।

संयुक्त राष्ट्रसंघले १९७९ मा पारित महिला विरुद्ध हुने सबै प्रकारको भेदभावको उन्मूलन गर्ने महासन्धि (CEDAW) लाई नेपाल सरकारले विनाशर्त हस्ताक्षर गरी अनुमोदन गरेको छ । CEWAW ले धारा १ देखि १६ सम्म महिला र पुरुषवीच सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक रूपमा भएका सम्पूर्ण विभेदहरू हटाउनु पर्ने प्रावधान राखेको छ । नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुनहरूसँग बाझिएका राष्ट्रिय कानुनहरू स्वतः अमान्य हुने अन्तर्राष्ट्रिय कानुनसँग बाझिएका राष्ट्रिय कानुनहरू संशोधन नहुञ्जेलसम्म अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुन लागू हुने व्यवस्था ०४८ को संसदवाट पारित सन्धि ऐनले गरेको छ । तर प्रायः सबै कानुनहरू कागजमा मात्र सीमित बन्न पुगेको छ ।

### नागरिकता

नागरिकता भनेको म फलानो देशको नागरिक हुँ भनेर प्रमाणित गर्ने प्रमाण हो । प्रत्येक नागरिकको पहिचान गर्ने प्रमाण नै नागरिकता हो । नागरिकता भएन भने त्यो व्यक्ति राज्यविहीन हुन्छ । नागरिकता भएपछि मात्र त्यो व्यक्ति देशको पक्का नागरिक बन्छ । नागरिकता त्यस्तो प्रमाण हो तपाइं केही गर्न चाहनु हुन्छ भने नागरिकता नै पहिला चाहिन्छ । किन कि नागरिकताले तपाई नेपाली भएको प्रमाणित गर्छ । जागिर खान, व्यापार गर्न, घरजग्गा किन्न वा बेच्न, बैंकमा खाता खोल्न, बैंकबाट ऋण निकाल्न, विदेश जान, उद्योग धन्दा खोल्न लाइसेन्स नागरिकता चाहिन्छ । तपाई समूहमा बसेर केही गर्न, समूहबाट ऋण निकाल्न समेत नागरिकता चाहिन्छ । त्यति महत्वपूर्ण नागरिकता बनाउन सजिलो छैन नागरिकता बनाउन बाबु नै चाहिन्छ । आमाले हुँदैन । पितृत्वको ठेगान नलागेकोले नागरिकता पाउँदैन ।

> “सबैभन्दा पहिला राज्यले महिलाहरूलाई मानवको स्थानमा राखेको छैन । आफ्नै सन्तानको नगरिकता बनाउन सिफारिश गर्ने अधिकारबाट समेत बञ्चित गरी महिलाहरूलाई दोश्रो दर्जाको नागरिक बनाएको छ ।”

नागरिकता बनाउन आमा वा बुवाको सिफारिश हुनुपर्छ भन्ने कानुनी व्यवस्था हुनु पर्नेमा बाबुको मात्र पहिचान हुनुपर्छ भन्ने कुराले कानुनी रूपमा आमा हुनुको पहिचान गुमेको छ। समाजमा महिलाहरूको स्थानलाई दोस्रो दर्जाको रूपमा स्थापित गरेको छ। बाबुले जसको सन्तान भए पनि मेरो हो भनेर भन्ने हो भने उसको सजिलै नागरिकता बन्छ। तर आमा आफूले जन्माएको सन्तानको नागरिकता बनाउन पनि लायक भइनन्। यसले समाजमा पुरुष वर्गलाई नराम्रो काम गर्न पनि प्रेरित गरेको छ भने महिलालाई आफ्नो सन्तानको नागरिकता बनाउन पनि अयोग्य बनाउने नेपालको कानुनी व्यवस्था अत्यन्त लज्जाजनक छ।

नागरिकतामा भएको विभेदले एकातिर महिलाको स्थान समाजमा सम्मानित छैन र अर्कोतिर नागरिकता पाउने सन्तानको अधिकार गुमेको छ। नागरिकता लिनको लागि जतिबेला पनि पुरुषको शरण लिनुपर्ने बाध्यात्मक व्यवस्थाले महिला र पुरुषबीचको विभेदको खाडल निकै गहिरो बन्न पुगेको छ। महिला पुरुषबीचको विभेदले परिवार, समाज र देश विकास असन्तुलित हुँदै गएको छ। नेपालको नागरिकता पाउनको लागि के सबै विदेशीले नेपाली महिलासँग विवाह गर्छन्? भारतीयहरू सजिलैसँग नेपाली नागरिकता लिएर बस्नेहरूको संख्या बढ्दै गइरहेको छ। भान्जा भान्जीहरू बढ्छन् भन्ने तर्कहीन छ। सवाल नागरिकताको मात्र होइन, सवाल महिला र पुरुषबीचको विभेदको हो र कानुनी पहिचान र सामाजिक मर्यादाको हो। सबै नागरिकलाई राज्यले समान हैसियत, दर्जा, सम्मान दिनु पर्दछ।

> "राज्यले सम्पूर्ण जनताको अधिकारलाई कुनै पनि तरिकाले कुनै पनि ऐन कानुन र विभिन्न नियमावलीहरूमा भिन्नता नगरी अधिकारको सुनिश्चितता गर्नुपर्छ।"

विवाहपूर्व नागरिकता बनाउन बाबु लानुपर्ने, विवाह पछाडि नागरिकता बनाउन श्रीमान्लाई लानुपर्ने। छोराछोरीले नागरिकता बनाउन आफ्नी आमा लानु नपर्ने, बाबु नभए बाबुपट्टिका बाबुहरू लानुपर्ने। कुनै व्यक्ति बाबुबाट मात्र जन्मन सक्छ? उसको आमा को हो भनेर आमाको नाम समेत नागरिकतामा लेखिँदैन भने पुरुषले त जसको बच्चालाई पनि नागरिकता दिनसक्ने भयो। तर आमाले आफैले जन्माएको छोरा छोरीलाई पनि नागरिकता दिन नसक्ने बनाइयो। यस्तो विभेदयुक्त कानुन तत्कालै संशोधन गर्नु पर्दछ। सन्तान उत्पादनमा महिलाको महत्वपूर्ण भूमिकालाई कानुनले निस्तेज गरिदिएको छ। बाबु बन्न जति सजिलो छ आमा बन्न त्यतिकै गाह्रो छ। नौ महिना गर्भमा राखेर जन्माउँदा, रगतको आहालमा डुब्नु पर्ने त्यति मात्र हैन मृत्युसँग संघर्ष गर्दै अर्को मानिसलाई जन्म दिने काम संसारमा सबैभन्दा कठिन काम हो। एउटा बाबु बन्न कति पनि समय लाग्दैन तर आमा बन्न भने धेरै महिना मात्र हैन धेरै वर्ष लाग्छ।

पुरुषप्रधान पितृसत्तात्मक सामाजिक संरचनाले आज मुलुक दिन प्रतिदिन पछाडि पर्दै गएको छ। सिङ्गो शक्तिका आधा शक्ति महिलालाई कमजोर बनाउनु, पछाडि पार्नु भनेको व्यक्ति, समाज अनि राष्ट्रलाई नै पछाडि पार्नु हो। समाज महिला र पुरुष मिलेर बनेको छ। प्रकृतिले समाज रूपान्तरणको लागि महिला पुरुषबीच शारीरिक भिन्नता बनाएको हो। महिलालाई कमजोर बना( उनको लागि होइन। यो कुरा हामी सबैले बुझेका छौं। तर प्रकृतिले गरेको भिन्नतालाई दुरूपयोग गरेर भेदभाव गर्न पाईदैन। राज्यले सम्पूर्ण जनताको अधिकारलाई कुनै पनि तरिकाले कुनै पनि ऐन कानुन र विभिन्न नियमावलीहरूमा भिन्नता नगरी अधिकारको सुनिश्चितता गर्नुपर्छ।

विद्यमान ऐन कानुन र विभिन्न नियमावलीहरूमा भएको विभेद तत्काल खारेज गरी समय, परिस्थिति र चेतनाको स्तर हेरी आवश्यक संशोधन गर्दै जानुपर्छ। अन्यथा परिवार, समाज र देशको सर्वाङ्गीण विकासमा ठूलो क्षति पुग्न जान्छ। आज देशले भोग्नु परेको परिस्थितिको कारकतत्व यिनै हुन्। राज्य संचालनका संरचना, समानुपातिक वितरण प्रणाली सबै पुरुषवाद र बाहुनवाद नै छन्। शक्तिको अत्यन्त दुरूपयोग मुलुकको सन्तुलित विकासको अवधारणा तथा योजना नबन्नु, सत्ताको शक्तिमा पुगेपछि कमजोर वर्गलाई दबाउनु।

मुलुक बनाउनको लागि नयाँ नयाँ प्रविधिको विकास र योजना नबनेको कारणले आज देशले द्वन्द्वको अवस्था व्यहोर्दैछ। शरीरको एउटा हात वा आँखा नहुँदा त्यसको असर सिङ्गै शरीरमाथि पर्न जान्छ। परिवारमा एकजना व्यक्ति अपाङ्ग हुँदा त्यसको पुरै असर परिवारको विकासमा पर्दछ। टोलमा एउटा व्यक्ति बदमास हुँदा टोलको विकासमा त्यसको पूरै असर पर्दछ। देशको आधा शक्ति महिलाहरू हुन्। महिलाहरूलाई कमजोर बनाउने नीति नियम र कानुन भएपछि त्यसको पुरै असर देशको सर्वाङ्गीण विकासमा पर्न जान्छ। व्यक्ति, परिवार र समाजको विकासले मात्र मुलुकको विकास हुन्छ। महिला विरुद्धको अर्थात भेदभावपूर्ण कानुन तत्काल संशोधन गरी आमाको पहिचानका साथ सन्तानको नागरिकता बन्नु पर्छ। बाबु को हो र आमा को हो? नागरिकतामा उल्लेख हुनु पर्दछ। पुरुषसरह महिलाको सामाजिक हैसियत बनाउन राज्यको पहिलो भूमिका हुनुपर्छ। ●

# नेपाली महिला र घरेलु हिंसा

❑ सम्झना श्रेष्ठ (इन्सेक)



गत नोभेम्बर २५ मा महिला विरुद्ध हुने हिंसा अन्त्यका लागि छैटौं अन्तर्राष्ट्रिय दिवस सम्पन्न भएको छ । संयुक्त राष्ट्रसंघले यो दिवसलाई १६ दिने अभियानको रूपमा सम्पन्न गरेको छ । नेपालमा पनि महिला अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूले नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनाएका छन् । लिङ्गको आधारमा हुने हिंसा व्यक्तिको जिउन पाउने अधिकारको उल्लंघन हो र सबै प्रकारका भेदभाव, यातना तथा अमानवीय व्यवहारबाट मुक्त हुने अधिकार उल्लङ्घनको विरुद्धमा यस दिवसलाई लिइएको छ ।

विश्व एक्काईसौं सताब्दीमा पुगिसक्दा पनि हिंसा र शोषणले नेपाली महिलाहरूलाई पछयाउन छोडेको छैन । नेपालको कुल जनसंख्याको आधाभन्दा बढी महिला भए पनि उनीहरू अनेकौं विभेद, असमानता र अन्यायको शिकार भैरहेका छन् । परम्परागत धार्मिक तथा सांस्कृतिक मान्यताहरूले महिलालाई असमान बनाएको छ । देशको संविधान, नियम, कानुनले पनि पुरुष र महिलालाई समान बनाउन सकेको पाईदैन । हरेक उमेर समूह र वर्गका महिलाहरू हिंसा र शोषणबाट मुक्त हुन सकेका छैनन् । राज्यले महिलाका हक अधिकार रक्षाका लागि बनाएका कानुनहरू पनि व्यवहारमा लागू हुन सकिरहेका छैनन् । यस्तो अवस्थामा राज्यले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसार देशको कानुन बनाउने र तिनीहरूलाई कडाईकासाथ व्यवहारमा लागू गर्ने प्रश्न झन परको विषय हुन गएको छ ।

## घरेलु हिंसा

घरेलु हिंसा महिलाविरुद्धको एउटा सबभन्दा पुरानो रूप हो । यो प्राय: सबैजसो समाजमा कुनै न कुनै रूपले विद्यमान रहेको पाइन्छ । घरेलु हिंसा भन्नाले महिलाविरुद्ध घरपरिवार तथा नजिकको नाता सम्बन्धभित्र हुने सबै प्रकारका अवान्छित तथा अमर्यादित व्यवहार भन्ने बुझ्नु पर्दछ । यस दृष्टिबाट घरपरिवार र नाता कटुम्बभित्र महिलाका विरुद्ध हुने आर्थिक, सामाजिक, मानसिक तथा यौनजन्य नकारात्मक व्यवहार र भावनात्मक दुर्व्यवहारलाई घरेलु हिंसाभित्र राख्न सकिन्छ । सामान्यतया: संसारभर नै महिलाहरूले कुनै न कुनै रूपमा घरेलु हिंसा, बलात्कार, कार्यस्थल तथा सार्वजनिक स्थानमा यौनजन्य दुर्व्यबहार भोग्ने गरेका छन् ।

## घरेलु हिंसाका रूपहरू

**शारीरिक चोट पुऱ्याउने हिंसा :** महिलालाई हत्या गर्नु, कुटपीट गर्नु, शारीरिक चोट पुऱ्याउनु, थुन्नु, खान लाउन नदिनु र घरबाट निकाल्नु जस्ता दुर्व्यवहारहरूलाई शारीरिक रूपमा असर पुऱ्याउने हिंसाभित्र राख्न सकिन्छ । यस्तो हिंसाबाट महिलाको ज्यानै पनि जान सक्दछ । यसले महिलालाई जीवनभर अपाङ्ग भएर बाँच्न बाध्य पनि बनाउँदछ । कतिपय देशमा परिवारको मर्यादा राख्ने नाममा मारिनु, दाइजो नल्याएको आरोपमा हत्या गरिनु, शरीरमा एसिड खन्याउनु जस्ता अपराधपूर्ण कार्यबाट पनि महिलाहरू पीडित हुने गरेका छन् । महिलाहरू गर्भमा आएदेखि नै हिंसाको शिकार हुने गर्दछन् । गर्भमा यदि बालिका भए गर्भ तुहाउने विकृतिले कालान्तरमा समाजमा लैङ्गिक असन्तुलन हुने संभावना समेत बढ्न गएको छ । कतिपय अविभावकहरूले बालिकाको स्वास्थ्यप्रति यथोचित ध्यान नदिने, राम्रो लालन पालन नगर्ने र उमेर नपुग्दै विवाह गरिदिने गर्नाले बालिकाको स्वास्थमा नकारात्मक असर परेको छ । त्यसैगरी वयस्क महिलाहरू समेत इच्छा विपरित बच्चा जन्माउन बाध्य छन् । कतिपय वृद्धा र एकल महिलाहरू परिवारको माया र स्नेहका अभावमा निरास भइ आत्महत्या गर्न बाध्य हुने गरेका घट्नाहरू पनि पाइएका छन् ।

**मानसिक हिंसा:** महिलालाई मानसिक रूपमा क्षति पुऱ्याउने डर, धाक, त्रासपूर्ण

“ महिलाहरू गर्भमा आएदेखि नै हिंसाको शिकार हुने गर्दछन् । गर्भमा यदि बालिका भए गर्भ तुहाउने विकृतिले कालान्तरमा समाजमा लैंगिक असन्तुलन हुने संभावना समेत बढ्न गएको छ । ”

व्यवहार, गाली गलौज, भुटा आरोप आदिलाई मानसिक हिंसाभित्र राख्न सकिन्छ। महिलालाई बोक्सीको आरोप लगाएर शारीरिक तथा मानसिक यातना दिने कार्यलाई पनि यही शीर्षकमा राख्नु पर्दछ । कतिपय समाजमा महिलाहरू महिला भएर जन्मेकै कारणले हिनताबोधबाट ग्रस्त भएर बाँचिरहेका छन् । समाजमा एकल महिलामाथि भौतिक तथा मानसिक पीडा दिने व्यवहार गर्ने गरिएको छ। यसरी अनेकौ प्रकारले महिलालाई मानसिक पीडा दिएर व्यक्तिको आत्म सम्मानपूर्वक बाँच्न पाउने हक छिन्ने व्यवहारलाई मानसिक हिंसा मान्नु पर्दछ ।

**आर्थिक हिंसा:** महिलालाई आर्थिक स्रोत-साधनमाथिको पहुँच र नियन्त्रणबाट बञ्चित गर्नु, परिवारको साधन स्रोत उपभोग गर्न नदिनु, आय आर्जन गर्नबाट बञ्चित गर्नु जस्ता विषयहरू आर्थिक हिंसाका रूप हुन् । हाम्रो समाजमा महिलाहरूले स्वतन्त्र रूपले आर्थिक कारोबार गरी आत्मनिर्भर भइ सम्मानपूर्वक बाँच्न पाउने परिस्थिति अहिलेसम्म बन्न सकेको छैन ।

**यौनजन्य हिंसा** : महिलाको ईच्छा र मञ्जुरी विना उनीहरूमाथि यौनजन्य आसय लागने मौखिक, शारीरिक, सांकेतिक वा अन्य यस्तै व्यवहारहरू यौनजन्य हिंसा हो । महिलालाई जबरजस्ती यौन व्यावसायमा लाग्न बाध्य पार्ने, आर्थिक प्रलोभनमा आफ्नै अभिभावक र नजिकका नातेदारबाट यौन बजारमा बेचिनुपर्ने अवस्थालाई पनि यसैभित्र राख्न सकिन्छ ।

**घरेलुहिंसाका कारणहरू**

घरलु हिंसाका अनेकौ कारणहरू छन् । तिनीहरूमध्ये विभेदपूर्ण कानुन, लैङगिक असमानता, आर्थिक परनिर्भरता, अशिक्षा आदिलाई महिला विरुद्धको घरेलु हिंसाका प्रमुख कारण मान्न सकिन्छ । महिला विरुद्ध घरेलु हिंसाका प्रमुख रूपहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**१. सामाजिक तथा सांस्कृतिक कारण**

समाजमा व्याप्त पितृसत्तात्मक परम्परागत मान्यता महिला हिंसाको मुख्य कारण हो । समाजमा लैङ्गिक श्रम विभाजनका मान्यताले पनि घरेलु हिंसालाई वढावा दिएको छ । त्यसैगरी समाजमा विद्यमान अन्धविश्वास महिला हिंसाको प्रमुख कारकहरू मध्ये एक हो । छोरीको विवाह नावालक अवस्थामा नै गरिदिए स्वर्ग पुगिन्छ भन्ने अन्धविश्वासले महिला हिंसालाई वढावा दिएको छ । त्यसैगरी घरेलु द्वन्द्व समाधानका नाममा हिंसालाई स्वीकार्न महिलामाथि थोपरिएको संस्कारले पनि महिलामाथि हुने हिंसालाई बल पुगेको छ । महिलामाथि हुने हिंसाहरू लोकलाज, पारिवारिक प्रतिष्ठा आदि कारणले गर्दा प्रायः वाहिर आउने गरेको छैन ।

२. **आर्थिक कारण** : आर्थिक परनिर्भरता महिला हिंसाको अर्को महत्वपूर्ण कारण हो । आर्थिक रूपबाट परनिर्भर हुनु पर्दा आफूमाथि हुने अत्याचारलाई पनि उनीहरूले चुपचाप सहन गर्नु परिरहेको छ। त्यसो त आर्थिक रूपले आत्मनिर्भर महिलाहरू घरेलु हिंसाबाट पीडित नभएका भने होइनन् । उनीहरूमा कामको दोहोरो बोझ त छँदैछ, त्यस बाहेक पनि उच्च मान-मर्यादा भएका कतिपय श्रीमतीहरूले त्यही कारणले गर्दा श्रीमानबाट मानसिक र कतिपय अवस्थामा शारीरिक यातना समेत भोग्ने गरेका छन् । आर्थिक साधन र श्रोतमा स्वामित्व वा पहुँच नहुनु, रोजगारीका क्षेत्रमा अवसर कम हुनु र महिलाका लागि रोजगारमुलक शिक्षा तथा तालिमहरूका अवसर कम हुनु पनि महिला हिंसाको कारण हुन गएको छ ।

> “ आर्थिक साधन र श्रोतमा स्वामित्व वा पहुच नहुनु, रोजगारीका क्षेत्रमा अवसर कम हुनु र महिलाका लागि रोजगारमुलक शिक्षा तथा तालिमहरूका अवसर कम हुनु पनि महिला हिंसाको कारण हुन गएको छ । ”

३. **कानुनी कारण** : महिलालाई राज्यले पर्याप्त कानुनी संरक्षण दिन सकेको छैन । विभेदपूर्ण कानुनी व्यवस्थाले महिला हिंसामा बढावा दिइरहेको हुन्छ । असमान कानुनले पीडकको मनोबल बढाउने काम गरेको छ । समान कानुनको अभाव र भएका कानुनी व्यवस्थाका बारेमा पनि चेतना र ज्ञान या त हुँदै नहनु या कम हुनु महिला हिंसाको अर्को कारण हो । यसले गर्दा पीडित महिलाहरू कानुनी उपचारमा लाग्नुको सट्टा हिंसा सहेर बस्ने प्रवृत्ति आम बन्न गएको छ ।

४. **राजनैतिक कारण** : राज्यको नीति निर्माण तथा निर्णायक तहमा महिला प्रतिनिधित्व हुँदै नहनु वा न्यून हुनु जस्ता विषय नै महिलामाथि हुने घरेलु हिंसाका प्रमुख

राजनैतिक कारणहरू हुन् । त्यसैगरी प्रमुख राजनैतिक दलहरूका नीति निर्माण तहमा महिलाहरूको अनुपस्थिति वा न्यून उपस्थिति पनि महिला हिंसाको अर्को कारक हो । राज्य तथा अन्य जिम्मेवार क्षेत्रले घरेलु हिंसालाई गम्भिरतापूर्वक नलिनाले घरेलु हिंसामा कमी आउन सकेको छैन ।

५. **सशस्त्र द्वन्द्व** : नेपाल अहिले सशस्त्र द्वन्द्वको माथिल्लो विन्दुमा छ । यसको नकारात्मक असर मात्रात्मक दृष्टिबाट महिलामा बढी परेको छ । सशस्त्र द्वन्दमा आफ्ना श्रीमान्, छोराछोरी गुमाएपछि उत्पन्न हुने मानसिक पीडा त छँदैछ, त्यसमाथि कम उमेरमै श्रीमान् गुमाएका महिलामाथि हुने पारिवारिक र सामाजिक अत्याचार पनि त्यत्तिकै हुन्छ । सशस्त्र द्वन्दमा परेका महिलाहरू पारिवारिक जीवनबाट वञ्चित हुनु परिरहेको छ । परिवारको पुरुष सदस्यको मृत्यु वा विस्थापनले महिलामाथि अतिरिक्त कार्यबोझ थपिएर स्वास्थमा नकारात्मक असर परेको छ । लगातारको बन्द र नाकाबन्दीको कारणले समयमा नै स्वास्थ उपचारबाट बञ्चित हुँदा कतिपय महिलाको ज्यान समेत जाने गएको छ । एकातिर सर्वसाधारणको हत्या हुँदा राज्यले उचित क्षतिपूर्ति दिन सकिरहेको छैन भने अर्कोतर्फ सुरक्षाकर्मीको मृत्यु हुँदा समेत उनीहरूका श्रीमतीहरूले सहज तरिकाले क्षतिपूर्ति पाउन सकिरहेका छैनन् । क्षतिपूर्तिको रकम परिवारभित्रै राख्न पति गुमाएका महिलाहरूमाथि परिवारबाटै विभिन्न लान्छाना लगाएर घरबाट निकाल्ने गरेको पाइएको छ ।

**अन्त्यमा**

नेपालमा घरेलु हिंसा सम्बन्धी निश्चित कानुन नभए पनि नेपाल अधिराज्यको संविधान २०४७ ले आफ्नो प्रस्तावनामा प्रत्येक नागरीकको आधारभुत मानव अधिकारको प्रत्याभूति गरेको छ । त्यसैगरी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ ले महिला र पुरुषबीच समानता कायम गर्नुको साथै महिला, वृद्ध, बालबालिकाहरूका लागि विशेष कानुन बनाउन सक्ने व्यवस्था गरेको छ । मुलुकी ऐनका विभिन्न महलहरूले सीमित रूपमै भए पनि देवानी र फौजदारी उपचारको व्यवस्था गरेको छ । मुलुकी ऐनले लोग्नेले स्वास्नीमाथि शारीरिक हिंसा गरेमा कुटपीटमा मुद्दा चलाउन सक्ने व्यवस्था छ । यसैगरी श्रीमान्बाट उचित व्यवहार नपाएमा महिलाले सम्बन्ध विच्छेद गर्न सक्ने व्यवस्था छ । महिलालाई परिवारले घरबाट निकाला गरेमा माना चामल भराउन पाउने व्यवस्था पनि ऐनले गरेको छ ।

महिला विरुद्धको घरेलु हिंसा केवल व्यक्तिगत र पारिवारिक समस्या मात्र होइन । यो त सिङ्गो समाज र राष्ट्रको समेत सरोकारको विषय हो । यसको अन्त्यका लागि व्यक्ति, परिवार, राज्य र सिङ्गो समाजले आफ्नो भूमिका सक्रियताका साथ निर्वाह गर्नु पर्दछ । महिला-अधिकारलाई मानव अधिकारको रूपमा स्थापित गर्ने अभियानमा केही प्रगति भए पनि महिलाको ठूलो हिस्सा अझै पनि समानताबाट बञ्चित छ । महिलाको आत्मसम्मान नै खतरामा पर्ने प्रकृतिका लैङ्गिक हिंसा कायम रहेको परिस्थितिमा अन्यायका विरुद्ध महिलाहरू आफै जागरुक बन्न जरुरी छ । यसका लागि महिलाहरूले संगठित रूपमा घरेलु हिंसाको विरुद्ध अभियान चलाउनु पर्दछ । अर्कोतर्फ राज्यले महिलाहरूलाई सशक्तिकरण गर्न ठोस नीति निर्माण गरी कार्यान्वय गर्नुपर्दछ र विभेदपूर्ण कानुनमा परिवर्तन गर्नुपर्दछ । ●

> "महिलाको आत्मसम्मान नै खतरामा पर्ने प्रकृतिका लैङ्गिक हिंसा कायम रहेको परिस्थितिमा अन्यायका विरुद्ध महिलाहरू आफै जागरुक बन्न जरुरी छ । यसका लागि महिलाहरूले सँगठित रुपमा घरेलु हिंसाको विरुद्ध अभियान चलाउनु पर्दछ ।"

## महिलामाथि हुने हिंसासम्बन्धी तथ्याङ्क

नेपालमा भएका विभिन्न अध्ययनहरुले देखाएअनुसार ६६ प्रतिशत महिलाहरू दुर्वाच्य सहन (मौखिक दुव्यवहार) र ३३ प्रतिशत महिलाहरू मानसिक दुर्व्यवहार सहन वाध्य छन् । यी मध्ये ७७ प्रतिशत पीडकहरू परिवारकै सदस्यहरू रहेका छन् । (युनिसेफ, २००१)

केन्द्रीय महिला प्रहरी सेल काठमाडौंबाट उपलब्ध तथ्याङ्कअनुसार सन् १९९८ देखि २००४ सम्ममा सेलमा जम्मा ५६९३ वटा महिला विरुद्धका हिंसाका घटनाहरू दर्ता भएका छन्, जसले महिला विरुद्ध हुने हिंसाका घटनाहरुको बढ्दो क्रमलाई इंगित गर्दछ ।

# सन्तानलाई आमा वा बाबुको नामबाट नागरिकता लिने अधिकार हुनुपर्छ

**(तुलसालता अमात्य, महिला तथा बालबालिका सम्बन्धी विषयमा लागेको लगभग २ दशक भइसकेको छ । महिलाहरूको मुद्दाहरूमा वकालत गर्ने, वर्तमानमा CAC नेपालको अध्यक्ष, विभिन्न नेटवर्कहरूमा संलग्नता तथा तीन वर्षको लागि SAARC Prominent Women को रूपमा श्री ५ को सरकारबाट मनोनित गरेको र त्यस अन्तर्गत लैङ्गिक सवालहरूलाई हेरिरहनु भएको छ । आमाको नामबाट नागरिकताको विविध पक्षबारे ओसार पसारको लागि *बेनुमाया गुरुङले* गर्नुभएको कुराकानीको सारसंक्षेप)**



> "जबसम्म वैवाहिक सम्बन्ध राम्रो हुन्छ त्यसमा समस्या आउँदैन । हिजोको जमानामा पुस्तौ पुस्ताले पनि नागरिकता बिना बाँचिरहेको थियो त्यसमा समस्या थिएन तर हिजोको अवस्था र आजको अवस्था फरक छ ।"

**आमाको नाममा नागरिकताको सवाललाई कसरी हेर्नुहुन्छ ?**

महिलाहरूको हक अधिकारको कुरा गर्दा हामी जस्ता शिक्षित अथवा यसमा पैरवी तथा चेतनामूलक कार्य गर्ने नै यस देशमा दोस्रो दर्जाको नागरिकको रूपमा छौं । अहिले कानुन पल्टाएर हेर्ने हो भने हरेक दफा उपदफाले महिलाहरूको अधिकार लङ्गडो बनाएर राखिदिएको छ । खासगरी नागरिकताको सवाललाई CAC Nepal ले विगत ६-८ वर्षदेखि पहल गर्दै यस मुद्दालाई उठाउँदै आएको छ । जुन समुदायमा हामी काम गर्छौं त्यहाँ यसको ठूलो समस्या छ । हाम्रो कानुन नै त्रुटिपूर्ण देखिएको छ । हामीले २०१९ को कानुन हेर्ने हो भने त्यहाँ आमा अथवा बाबुको नामबाट नागरिकता पाउँछ भन्ने प्रष्टसँग लेखिएको छ र पाइरहेको पनि थियो । जन्मसिद्ध अधिकार अन्तर्गत जन्मेको आधारमा पनि नागरिकता पाउँथ्यो । प्रजातन्त्रको पुनर्स्थापनापछि अर्थात २०४७ सालमा संविधान संशोधनको समय आमाको नाम तथा जन्मसिद्ध अधिकार हटाइयो । संविधान तथा कानुनी प्रावधानहरूमा समय परिस्थिति अनुसार त्यसलाई अझ बढी फराकिलो र परिष्कृत गर्दै ल्याउने ठाउँमा अहिले महिलाको हक अधिकारलाई झन् संकुचित र कुण्ठित गरेर मुट्ठिभित्र बन्द गरेर राखेको छ । यो एकदम गलत हो र नीति निर्माण तहमा बस्ने कानुनविद्हरूले पनि यसलाई लैङ्गिक विभेद नगरिकन आमाले नौ महिना गर्भमा राख्छ त्यो आमाले आफ्नो बच्चाको एउटा पहिचान दिन नसक्नु भनेको त्यो जतिको दुःखदायी अवस्था कुन हुन सक्छ ? खास आमालाई नै थाहा हुन्छ । बाबु को हो भन्ने बाबुलाई थाहा हुँदैन यो मेरो सन्तान हो कि होइन भनेर । यसरी आमाले आफ्नो बच्चाहरूलाई पहिचान दिन नसक्नु, राज्यविहीन गराएर राख्नु भनेको साह्रै नै कष्टदायक र महिलाहरूमाथि घोर अन्याय नै हो ।

**आमाको नामबाट पनि नागरिकता पाउनु पर्छ भन्ने कुरामा तपाईका तर्क के-के छन् ?**

जबसम्म वैवाहिक सम्बन्ध राम्रो हुन्छ त्यसमा समस्या आउँदैन किन भने बाबु अगाडि गएर बसिदिन्छ, बाबुले नागरिकता दिन्छ । हिजोको जमानामा पुस्तौं पुस्ताले पनि नागरिकता बिना बाँचिरहेको थियो त्यसमा समस्या थिएन तर हिजोको अवस्था र आजको अवस्था फरक छ । किनभने अहिले विश्वव्यापीकरणको कुराहरू हामी गर्छौं । मान्छेहरूको गतिशीलता एक ठाउँबाट अर्को ठाउँमा बढेको छ, उनी जाने आउने भए । अहिले के छ भने स्कुलमा सानो किन्डरगार्डेनमा भर्ना हुनको लागि पनि जन्मदर्ता चाहिन्छ । जसको जन्मदर्ता छैन उसले स्कुलमा भर्ना गर्न पाउँदैन । जसको बाबुको पत्ता छैन अथवा बाबुले आमालाई छोडदिएको छ अथवा बहुविवाह गरेर अर्को श्रीमती ल्याएको छ भने त अंशको लागि पनि यिनीहरूलाई नागरिकता नभई हुँदैन । अंश दिने बहानाले पनि यिनीहरूले नागरिकता दिइराखेको छैनन् । नागरिकताकै कारण धेरै महिलाहरू हिंसाको शिकार भएर यातना सहेर बसेका छन् । भोलि मेरा छोराछोरीले पाउँदैन म कहाँ जाउँ भनेर । यसमाथि पुरुषहरूले उसको त्यो अधिकारको संरक्षक भएर मुट्ठीमा सबै अधिकार लिइरहेको छ कि मैले नदिए त यसको बच्चालाई नागरिकता पाउँदैन र यसलाई पनि नागरिकता पाउँदैन

जसले गर्दा यसले मलाई छोडेर जान सक्दैन भन्ने अहम् हाम्रो समाज पितृसत्तात्मक समाजमा छ । सबै हक अधिकार, नीति निर्माण उनीहरूले गर्ने, घरका निर्णयहरू सबै पुरुषले गर्ने घर सम्पत्ति र पैतृक सम्पत्तिमाथि पनि उनीहरूकै अधिकार हुनाले यी सबै भइरहेको छ । अहिले जागरुक भइसके, जनचेतना फैलिसक्यो । अब उनीहरूले मैले आफ्नो खुट्टामा उभिनुपर्छ, काम गरेर खानु पर्छ भन्ने भइसकेको छ । जस्तो ड्राइभिङ्ग लाइसेन्सको लागि नागरिकता चाहियो, बैङ्कमा आफूले कमाएको दुई पैसा जम्मा गर्नको लागि पनि नागरिकता चाहिन्छ, एउटा आय आर्जनको लागि पसलै खोलेर बस्न पनि नागरिकता चाहि( यो । अर्को कुरा द्वन्द्वको कारणले हाम्रा धेरै दिदी बहिनी तथा दाजु भाइहरू विभिन्न क्षेत्रबाट विस्थापित भएर आउनुपर्‍यो । कतिको बाबु मर्‍यो र परिवारका विभिन्न सदस्यहरूको पनि मृत्यु भयो भन्दाखेरी उहाँसँग नागरिकता छैन अथवा कति नष्ट भएर गए । अब उनीहरू कहाँ जाने त ? राज्यले उनीहरूलाई पहिचान नदिने र उनीहरू राज्यविहीन भएर कसरी बस्ने ? उनीहरू **Traumatize** हुने र विभेद हुने जसले गर्दा उसको हरेक गतिशीलतामा नै एउटा पूर्णविराम आइदियो । यसले गर्दा पेट पाल्नको लागि कि त त्यो चोर हुनु पर्‍यो, यौन पेशामा संलग्न हुनु पर्‍यो वा यस्तै अन्य कुनै काम गर्नु पर्‍यो । यसले गर्दा पनि किन बाबुको नामबाट मात्रै नागरिकता चाहियो ? जस्तो जुन एउटा बाबुले आफ्नो छोरीलाई बलात्कार गरेको छ त्यो बलात्कृत छोरीलाई बाबुको नामबाट मात्र किन नागरिकता चाहियो ? उसलाई बाबु अथवा आमाको नामबाट नागरिकता छनौटको अधिकार हुनु पर्‍यो जसले गर्दा लैङ्गिक समानता पनि भयो । जुन श्रीमानले श्रीमतीलाई बेचेर यौन पेशा गर्न बाध्य तुल्याउँछ त्यो श्रीमतीलाई श्रीमान किन चाहियो ? यदि श्रीमान् भागेर जान्छ र मेरो छोराछोरी होइन भन्छ भने त्यो अवस्थामा आमाले नागरिकता दिन पाउनु पर्‍यो । अहिले नेपालमा टेस्टट्यूब बेबी आइसकेको छ जसले गर्दा कतिको समस्या अहिले नै आइसक्यो । किन भने विवाह गर्न मन लाग्दैन तर आमा हुन मन लाग्छ । त्यो उसको अधिकार हो । यसरी उसले जन्माएको बच्चालाई किन आमाले नागरिकता दिन नपाउने ? हाम्रा नेपालीहरू विभिन्न देशमा गइरहेका छन् र ग्रीनकार्ड लिएर उताको नागरिकता ल्याएको छन् र यहाँ आएर नेपाली भएर बसेका छन् । त्यस्तो कुरामा श्री ५ को सरकारले अनुगमन र निरीक्षण गर्नु पर्‍यो । तर एउटा बाबु अथवा आमाले आफ्नो बच्चालाई दिन चाहन्छ भने, एउटा आमा अथवा बाबु नेपाली छ भने श्री ५ को सरकारले अफठ्यारो मान्नु पर्दैन किनभने दक्षिण एसियामा हाम्रो नेपाल बाहेक सबै देशमा आमा अथवा बाबुको नामबाट नागरिकता दिने प्रावधान छ । हामी ठूला ठूला वरिष्ठ राजनीतिज्ञहरूलाई अथवा कानुनविद्हरूलाई पनि हेर्‍यौं भने उहाँहरूको मानसिकता के छ भने, हामीले आमाको नामबाट नागरिकता दियौं भने भारतका खर्लप्पै ओर्लेर हाम्रा चेलीबेटीहरू विवाह गर्छन । यो तर्क ठीक होइन । हाम्रा नेपाली दाजु भाइले भारतीय विवाह गर्दा भारतीयबाट जन्मेको अथवा अन्य विदेशीसँग विवाह गर्दा विदेशीबाट जन्मेको सर्लक्कै नेपाली हुने । नेपाली आमाको कोखमा नौ महिना बसेको बच्चा नेपाली नहुने । यो एकदमै विभेदपूर्ण कानुन हो । यसलाई खारेज गरेर परिवर्तन गर्नुपर्छ । सन् १९९४ मा मैले ३० औं CEDAW Session मा भाग लिएर तीन मिनेट बोल्ने मौका पाएको थिएँ । त्यसमा मैले नागरिकताको सवाललाई उठाएको थिएँ । त्यहाँ श्री ५ को सरकारको महिला मन्त्रालयबाट मन्त्रीज्यू र सहसचिवज्यू हुनुहुन्थ्यो । त्यहाँ Concluding Remark miniature मा भनेको थियो भने तिमीहरूको Article 9 लाई परिवर्तन गर्नुपर्छ । जसमा हाम्रो नागरिकता सम्बन्धी छ । नेपालले जुन CEDAW मा अनुमोदन गरिसकेको छ त्यसलाई तुरुन्त कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने कुरा प्रतिवेदनमा समेत आइसकेको छ तर श्री ५ को सरकारले यसलाई पहल गरेको छैन । जबसम्म वंश हुँदैन अंश मात्र के गर्नु ? वंश भएपछि अंशका धेरै कुराहरू आउँछन र धेरै महिलाहरू हिंसाको शिकार हुनुबाट बच्छन् ।

> "हामी ठूला ठूला वरिष्ठ राजनीतिज्ञहरुलाई अथवा कानुनविद्हरुलाई पनि हेर्‍यौं भने उहाँहरुको मानसिकता के छ भने, हामीले आमाको नामबाट नागरिकता दियौं भने भारतका खर्लप्पै ओर्लेर हाम्रा चेलीबेटीहरू विवाह गर्छन । यो तर्क ठीक होइन ।"

**यस सवाललाई महिलामात्रको सवालमा हेरेको पाउँछौं । के यसले महिलालाई मात्र प्रभाव पारेको छ ?**

होइन, महिलाको मात्र होइन । महिलाको बढी किन भयो भने आमाले आफ्नो सन्तानलाई एउटा पहिचान दिन न सकेर । मैले यस्तासम्म नागरिकता नभएको पुरुषहरू भेटेको छु । ल ठीक छ, छोरीलाई आमाको नामबाट नागरिकता भएन, छोरीलाई नेपालीसँग विवाह गरिदिएर उसले नागरिकता पाउँछ तर छोराले कोसँग विवाह गरेर नागरिकता पाउने त ? नेपाली बाबु आमा छ अथवा विदेशी बाबु छ तर वंशजको

आधारमा भनेर तोकिएको छ त्यसले गर्दा छोराले नागरिकता कसरी पाउने त ? एउटा वंशजको आधारमा पुरुषले मात्र त सृष्टि गर्दैनन् त ? त्यसैले यो महिलाहरूको मात्र सवाल होइन, पुरुषहरूको पनि हो । साथसाथै भोलि राज्यमा यसले ठूलो संकट ल्याउँछ भन्ने मलाई लागेको छ । किनभने यसले आन्दोलनको रूप लियो भने नराम्रो हुन्छ । शान्तिद्वारा हामीले हाम्रो हक अधिकारको माग गरेको हो । यो हाम्रो मौलिक अधिकार हो

**राज्यविहीनताले महिलामाथि पारेको मानसिक लगायत अन्य असर के के छन् होला ?**

मानसिक र शारीरिक असर भन्दा उनीहरूले आफ्नो शरीर बेचेर कमाएको पैसा लोग्नेले लगेर रक्सी खाइदिने अथवा त्यो पनि यौनकर्मीकोमा जाने । चुट्ने, पिट्ने । समाजमा देखाउनको लागि पनि श्रीमान त चाहियो बस्नु पर्‍यो । हरेक ठाउँमा जाँदा पनि हेयको दृष्टिले हेरिनुपर्ने । उनीहरूलाई मानसिक तनावग्रस्त अवस्थामा बाँच्नुपरेको छ । आफ्नो देशमा पनि दोस्रो दर्जाको नागरिक भएर बस्नु, राज्यविहीन भएर बस्नु भने एउटा मृत्युदण्ड सरह हो । आफ्नो पहिचान नै न हुनु, जसले भोगेको छ उसलाई मात्र व्यथा थाहा हुन्छ ।

> **"आफ्नो देशमा पनि दोस्रो दर्जाको नागरिक भएर बस्नु, राज्यविहीन भएर बस्नु भने एउटा मृत्युदण्ड सरह हो । आफ्नो पहिचान नै न हुनु, जसले भोगेको छ उसलाई मात्र व्यथा थाहा हुन्छ ।"**

**आमाको नामबाट नागरिकता सम्बन्धी छोटकरीमा कुनै अनुभव भन्नुहुन्छ कि ?**

यसको बारेमा भन्दा मैले आफ्नै उदाहरण पनि दिनसक्छु । किन भने मैले आफ्नो छोराछोरीलाई पनि नागरिकता दिन सकिरहेको छैन । मेरो विवाहको २३ वर्ष हुन लाग्यो र म यही settle भएर बसेकी छु । मेरो छोराछोरी पनि ठूलो हुँदै आए, गृह मन्त्रालयबाट गरेको उनीहरूको जन्मदर्ता यही छ । पाँच पाँच वर्षमा उनीहरूले नेपाली पासपोर्टमा यात्रा गरे ।

आफ्नो बाबुको देशमा जादाँ यहाँ भिसा शुल्क तिरेर गए । पछि नवीकरण गर्ने बेलामा बाबुको नागरिकता चाहिन्छ भने । किन कि मैले त एकदम पूरै प्रक्रियाबाटै गरेको थिए । मैले यताउता भनसुन गरेर गरेको होइन । मेरा बच्चाहरू आठ वर्षसम्म राज्यविहिन भएर बसे । यसको लागि लडदै लडदै गएँ । मेरो लडाई के थियो भने धेरै मान्छेहरूले त मामाघरबाट लिएर राखेका छन्, अनेक छन् नी त त्यहाँ उपायहरू तर होइन हामीले अधिकारको लागि लड्नुपर्छ भनेर आफ्नो अधिकारकै लागि लडें तर साह्रै गाह्रो हुँदोरहेछ । सत्य र इमानदारीका जीवन बिताएर बस्ने मान्छेलाई सधैं गाह्रो हुँदोरहेछ । मेरो छोरी बाहिर पढ्न जानलाई सबै कुरा मिल्यो अब पासपोर्ट पनि बनाइदिएन, नागरिकता दिउँ भन्दा पनि उता आफ्नो देशको नागरिकता त्यागेको परिपत्र ल्याउनु पर्छ । मैले भने जुन बच्चा यही जन्मेको, हुर्केको र पढेको आफ्नो बाबुको देशमा जाँदा उसले भिसा लगाएर गएको छ त्यो परिपत्र उसले कसरी लेखिदिन्छ र कसरी दिन्छ । त्यो त्यागेको बराबरै हो, त्यो पनि मानेन । यति मन्त्रालय मन्त्रालय गएँ यसको सीमा छैन ।

मानसिक पीडा/यातना र आत्मग्लानीको पराकाष्टाको त बयानै छैन । मैले के भनें- ठिक छ कम से कम पढ्न जानको लागि हो । त्यसकै लागि यहाँबाट निस्कन मात्रको लागि Travel document त दिउँ भनेको त्यति पनि दिएन । मैले भने गैरकानुनी रूपमा बसेको छ भने समातदेउ थुनदेउ न त उसलाई । यति पनि नमानेपछि मैले उसलाई १६ वर्ष पछाडिको शतप्रतिशत Penalty दिएर late fee दिएर Travel document एउटा बनाएर देशबाट निकाले । हामी जस्तो एउटा Activist को यस्तो अवस्था छ भने, देशका कुना काप्चाका दिदी बहिनी, जसले आफ्नो अधिकार के छ ? भन्ने थाहा छैन ।

**अहिले धेरै संघ संस्थाहरूको मुख्य सवालको रूपमा आमाको नामबाट नागरिकताको कुरा आइरहेको छ । तपाईको विचारमा यो अभि(यानमा भइरहेका प्रयासहरू पर्याप्त छ अथवा यसलाई अझै सशक्तरूपमा अगाडी बढाउन आवश्यक छ ?**

यस सवालमा के भइरहेको छ भने अलिकति आयो फेरि सेलायो यसरी भइरहेको छ । म के भन्छु भने हामी ५२ प्रतिशत महिलाहरू, महिलाहरूको सवालमा, हक अधिकारमा हातेमालो गर्दै, राजनीतिभन्दा माथि उठेर सबै जना गएर सम्बन्धित ठाउँमा दवाव दिनसक्यो भने हामी जित्छौं र यो कायम हुन्छ, होइन भने दुई चारजना कराएर केही हुनेवाला छैन । कानुनविद्हरूको भनाई के छ भने अहिले संसद छैन । संसदबाट यसलाई दुई तिहाई मतबाट पारित गर्नु पर्छ भन्ने कुरा छ । त्यसकारणले यो नभएको होइन, नौलो चिज पनि होइन, पाइरहेको अधिकार खोसेकोले त्यसलाई फुकुवा गरिदिने हो । मेरो विचारमा गाह्रो हुँदैन । यसलाई सशक्त रूपबाट बुलन्द आवाजमा सडकमै जानुपर्छ । ●

# नागरिकता र कानुनी प्रावधान

❑ अधिवक्ता, लक्ष्मी कार्की, आरआरएन



राज्यको प्रमुख आधार नागरिकहरू हुन् । राज्यले उपलब्ध गराउने स्वतन्त्रता र समानता लगायतका हक र अधिकारको उपभोग गर्ने आधार नागरिकता हो । राज्यका लागि नागरिकहरू नै सबैभन्दा महत्वपूर्ण आधार हुन भने व्यक्तिका लागि नागरिकता सार्थक जीवनको आधार हो । नागरिकले राष्ट्रभित्र स्वतन्त्रता र समानताको हकका आधारमा अवसर प्राप्त गर्दछ । यी कुराहरू नै कुनै पनि व्यक्तिको जीवन सार्थक बनाउने प्रारम्भिक र प्रथम महत्वपूर्ण तत्वहरू हुन् । किन कि राज्यले नागरिक र अनागरिकका बीच भेदभाव गर्न र अनागरिकलाई स्वतन्त्रतामा बन्देज पनि लगाउन सक्दछ । राज्यले यसरी उपलब्ध गराउने प्रमुख स्वतन्त्रता र समानताका हक र अधिकारहरू निम्नानुसार रहेका हुन्छन् ।

**समानताको हक**

यी समानताका हकहरूलाई बेलायती मान्यतामा कानुनको अगाडी समानता (Equality Before Law) र अमेरिकी मान्यतामा कानुनको समान संरक्षण (Equal Protection of Law) को सिद्धान्तले प्रत्याभूती गरेको छ । नेपाल अधिराज्यको संविधानले समानताका यी हकहरूलाई निम्नानुसार व्यवस्था गरेको छ ।

- नागरिक समानता (Civil Equality) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।
- राजनैतिक समानता (Political Equality) राज्यले नागरिकहरूका बीच वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।
- सामाजिक समानता (Social Equality) कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुतको भेदभाव गरिने छैन ।

प्राकृतिक समानता (Natural Equality) राज्यले धर्म, वर्ण, लिङ्ग आदिको आधारमा भेदभाव गर्ने छैन ।

आर्थिक समानता (Economic Equality) समान कामका लागि महिला र पुरुषबीच पारिश्रमिकमा भेदभाव गरिने छैन ।

**स्वतन्त्रताको हक**

- विचार र अभिव्यक्तिको स्वतन्त्रता विना हात हतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता ।
- संघ, संस्था खोल्ने स्वतन्त्रता ।
- अधिराज्यभर आवत जावत र बसोबास गर्ने स्वतन्त्रता ।
- कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

**नागरिक**

राज्यले जसलाई वैयक्तिक एवं राजनीतिक अधिकारहरू उपलब्ध गराएको हुन्छ उ नागरिक हो ।

**नागरिकता**

- नागरिकको पहिचान गराउने परिचय वा नागरिकको हक र अधिकारको स्थापना र प्रत्याभूती गर्ने निस्शा वा प्रमाण नै नागरिकता हो ।
- अर्को वाक्यमा नागरिकता व्यक्तिको कानुन बमोजिम राष्ट्रियता सुनिश्चित गर्ने घोषणा हो ।
- नागरिकता व्यक्तिको पहिचान र राष्ट्रियताको वास्तविक प्रतिफल दिने कानुनी आधार हो ।
- कुनै पनि व्यक्ति कानुनले तोकेको उमेर पूरा नभएसम्म नागरिक हुन सक्तैन । त्यसैले बालबालिकाहरू नाबालक रहेसम्म उनीहरूले राजनैतिक अधिकार प्राप्त गरेका हुँदैनन् ।

> "कुनै पनि व्यक्ति कानुनले तोकेको उमेर पूरा नभएसम्म नागरिक हुन सक्तैन । त्यसैले बालबालिकाहरू नाबालक रहेसम्म उनीहरूले राजनीतिक अधिकार प्राप्त गरेका हुँदैनन् ।"

> "नेपाली नागरिकसँग बैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्यागने कारबाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।"

**नेपाल अधिराज्यको संविधान, २०४७ मा भएको नागरिकता सम्बन्धी व्यवस्था**

- संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।
- नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने छ ।
- नेपाल अधिराज्यमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोवास भएको व्यक्ति प्रचलित कानुनका अधिनमा रही नेपालको नागरिक हुनेछ ।
- यो संविधान प्रारम्भ भएपछि विदेशीलाई नेपालको नागरिकताको प्राप्ति अन्य कुराका अतिरिक्त देहायका कुराका आधारमा हुनसक्ने गरी कानुनद्वारा व्यवस्था गर्न सकिनेछ ।

**नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको**

- नेपालमा कुनै व्यवसाय गरी बसेको
- अन्य राज्यको नागरिकता त्यागेको
- कम्तिमा पन्ध्र वर्षसम्म नेपालमा बसोवास गरेको ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने छ ।

साथै नेपालको नागरिकको छोराछोरी वा वंशजको हकमा त्यस्तो व्यक्तिले नेपालमा दुई वर्षसम्म बसोवास गरेको भए कानुनद्वारा निर्धारित शर्त र अवस्थामा नेपालको नागरिकता प्राप्त गर्न सक्ने छ । तर अंगीकृत नागरिकको सन्तानको हकमा यो व्यव्यस्था लागू हुने छैन ।

**सम्मानार्थ नागरिकता**

अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिनेछ ।

**नागरिकता ऐन र नियम**

नेपालको नागरिकताको प्राप्ति र समाप्तिको सम्बन्धमा व्यवस्था गर्न बनेको नेपाल नागरिकता ऐन, २०२० ले संविधानमा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने अवस्था र सर्तहरू निश्चित गरेको छ । यस ऐनको दफा ३ (१) (४) व्यवस्था माथि उल्लेख गरिएको संविधानको प्रावधानसँग मिल्दोजुल्दो रहेको छ ।

नागरिकता ऐनको दफा ३(५) मा बाबुको मृत्यु भएको मनासिव माफिकको अवधिभित्र जन्मेको नाबालकको नागरिकता कायम गर्दा निज बाबुको मृत्युको अवस्थामा जे जस्तो हैसियतमा थियो, सोही बमोजिमको हैसियत कायम रहेको मानिने छ भन्ने व्यवस्था रहेको छ ।

ऐनको अवस्था र सर्तहरूलाई व्यवहारमा उतार्ने कार्यविधिको निर्धारण नेपाल नागरिकता नियमावली २०४९ ले गरेको छ । जस अनुसार नागरिकता प्राप्तिका लागि आवश्यक सिफारिश प्रमाण सहित प्रमुख जिल्ला अधिकारी कहाँ निवेदन दिनु पर्दछ । अंगिकृत नागरिकताको लागि भने प्रमुख जिल्ला अधिकारीमार्फत गृह मन्त्रालयमा निवेदन दिनु पर्दछ ।

सम्मानित सर्वोच्च अदालतले अधिवक्ता चन्द्रकान्त ज्ञवाली समेतको मुद्दामा "संविधानको धारा ९ बमोजिम नागरिकता ऐन रहेको, संविधान र कानुनको निर्माण तथा संशोधनको कार्यक्षेत्र अदालतको कार्यक्षेत्र भित्र नपर्ने र संविधानको धारा ९(१) र (२) वृहत्तर दृष्टिबाट मुलुकको हितको लागि बनेको हुँदा संविधानका उद्देश्य प्रतिकूल हुने गरी व्याख्या गर्नु संविधान सम्मत हुँदैन" भन्ने निर्णय गरी संविधान र नागरिकता ऐनको व्यवस्थालाई मान्यता प्रदान गरेको छ ।

**बालबालिका सम्बन्धी ऐन २०४८**

यस ऐनको दफा १० ले आमा र आमाको बाबुको नाम उल्लेख गर्न पाउने सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ ।

कुनै औपचारिक काम कारबाही वा लिखतमा कानुन बमोजिम बाबु र बाजेको नाम खुलाउनु पर्ने अवस्थामा बाबुको पत्ता नलागेसम्म बालकले आमा र आमाको बाबुको नाम उल्लेख गर्न सक्नेछ । बाबु र आमा दुवै

पत्ता नलागेको बालकको हकमा निजलाई पाल्ने व्यक्ति वा संस्थाले बाबु आमा पत्ता नलागेको भनी लेखिदिएमा त्यस्तो बालकले बाबु, आमा वा बाजेको नाम उल्लेख नगरे पनि हुन्छ। तर यो व्यवस्था नागरिकताको सम्बन्धमा पनि लागू गर्न भने सकिएको छैन।

**अन्तर्राष्ट्रिय सन्धि, सम्भौताहरू**

नेपालले १६ वटा मानव अधिकार सम्बन्धी सन्धिहरू अनुमोदन गरेको छ। अनुमोदन गरेका त्यस्ता सन्धिहरूको व्यवस्था लागू गर्न राज्यले कानुनको निमार्ण गर्नु पर्दछ। नेपालको सन्धि ऐन अनुसार अनुमोदित सन्धिको हैसियत कानुन सरह हुन्छ र त्यस्तो कानुन र सन्धिको व्यवस्था बाभिएमा सन्धिको व्यवस्थाले मान्यता पाउँछ।

बालबालिकाहरूको नागरिकताको हकसँग सम्बन्धित केही प्रमुख व्यवस्थाहरू निम्नानुसार छन्।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५ अनसार हरेक मानिसलाई राष्ट्रियताको अधिकार छ र कसैलाई पनि राष्ट्रियताबाट जथाभावी बञ्चित गरिने छैन र निजको राष्ट्रियता परिवर्तन गर्ने अधिकारलाई इन्कार गरिने छैन।

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २४ अनुसार हरेक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ। यही अनुबन्धले बासस्थान छान्ने स्वतन्त्रताको समेत प्रत्याभूति गरेको छ। यो व्यवस्था अनुरूप आमा वा बाबुको जे हैसियत भए पनि बच्चाको नागरिकताको अधिकार कुण्ठित हुन नसक्ने स्पष्ट छ।

महिला विरुद्धको सबै भेदभाव उन्मुलन सम्बन्धी महासन्धि, १९७९ को धारा १६ (१)(घ) ले वैवाहिक स्थिति जे जस्तो रहे तापनि बालबच्चा सम्बन्धी कुरामा आमा बाबु दुवैलाई समान अधिकार प्रदान गरेको छ।

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ७ ले बालबालिकाको राष्ट्रियताको अधिकारलाई सुनिश्चित गरिदिएको छ। महासन्धीले बालबालिकालाई राज्यविहीन हुनबाट संरक्षण गर्ने दायित्व राज्यलाई तोकेको छ।

आमाको नामबाट नागरिकता प्राप्त गर्न नसक्नाले बालबालिकाको राष्ट्रियताको अधिकारलाई कुण्ठित बनाएको छ। आमाको नामबाट नागरिकता प्राप्त गर्ने कुरा महिला अधिकारको मात्र कुरा नभई प्रथमत बालबालिकाको राष्ट्रियताको अधिकार हुन पुगेको छ। राष्ट्रियता र नागरिकता एक बालकको निमित्त कति आवश्यक कुरा हो भन्ने विषयमा बालबालिकाले आमा र बाबु दुवैको जे जस्तो हैसियत भए पनि राष्ट्रियताबाट बञ्चित हुनु नपर्ने कुराको ग्यारेन्टी गर्ने अन्तर्राष्ट्रिय कानुनले गरेको उल्लेखित व्यवस्थाहरूले स्पष्ट गर्दछन्।

> "आमाको नामबाट नागरिकता प्राप्त गर्न नसक्नाले बालबालिकाको राष्ट्रियताको अधिकारलाई कुण्ठित बनाएको छ। आमाको नामबाट नागरिकता प्राप्त गर्ने कुरा महिला अधिकारको मात्र कुरा नभई प्रथमत बालबालिकाको राष्ट्रियताको अधिकार हुन पुगेको छ।"

**नागरिकता प्राप्ति सम्बन्धी अन्य केही समस्याहरू :**

**प्रक्रियागत समस्या**

वंश खुल्ने प्रमाणको अभाव- खाते सकुम्वासी, सन्त, मजदुर, साधु, भिक्ष आदिको व्यक्तिगत घट्ना दर्ता प्रभावकारी नभएको, बसाइँ सराइ गरेकालाई समस्या, विवाहिता महिलालाई पति वा पिताको नागरिकताको प्रतिलिपी जरुरी हुनु, कानुनी व्यवस्था नभए पनि सनाखतको चलन, सिफारिशको अनिवार्यता, वंशजको नाताले योग्यलाई पनि नातेदारको प्रमाण पुऱ्याउनु पर्ने समस्या, ससुरा र बाबु एकै मानिदिँदा सामाजिक विवाद उत्पन्न, सम्बन्ध विच्छेद, दोश्रो विवाह गरेका वा छुट्टिई बसेका महिलाको नागरिकता सच्याउन समस्या, सम्बन्ध विच्छेद, दोस्रो विवाह गरेका बाबु आमाका बालबालिकाहरूको सनाखतको समस्या।

२०३२ र २०३४ को अस्थायी लगतमा छुटेकालाई वितरण गर्ने कठिनाइ, गैर जिल्लाबाट पनि नागरिकता लिन पाउने चलनले दोहोरो तथा गैर नागरिकले पनि लिने खतरा बढेको।

**कानुनी समस्या**

अनाथालय, बाल आश्रम र बाल गृहमा हुर्केका बालबालिकाहरू सडक बालबालिकाहरू, कुनै समयका जोगी, एकल आमाबाट जन्मेका

> "०३७ चैत्र मसान्तभित्र कुनै एक मुलुकको नागरिकता रोज्नुपर्ने प्रावधान भएकोमा त्यसरी नागरिकता नरोजी कतैको पनि नागरिकता नलिई बसेर म्याद नाघेका व्यक्तिहरू नागरिकताबाट बञ्चित रहेका छन् ।"

सन्तान, बाबुको ठेगान नलागेका वालवालिकाहरू, बाबुले मान्यता नदिएका बालवालिकाहरू, झुमा, देउकी आमाबाट जन्मेका बालबालिकाहरू, प्रेम सम्बन्ध, जबर्जस्ती करणी, बेचविखनबाट जन्मेका बालबालिकाहरूलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्ने प्रक्रियाको निर्धारण हुन नसकनु ।

- नागरिकता सच्याउन पाउने स्पष्ट व्यवस्था नहुनु।
- दोहोरो नागरिकता लिनेलाई कारवाहीको स्पष्ट व्यवस्था नहुनु ।
- सिफारिश र लामो प्रक्रियाले झन्झटिलो हुनु।
- झुटो विवरण दिने र सिफारिश गर्नेलाई एकै प्रकारको सजायको व्यवस्था हुनु ।

**जन्मसिद्धको समस्या**

वंशजको नाताले नेपालको र जन्मेको नाताले विदेशको नागरिक एक साथ हुने भएकोमा १६ वर्ष पुगेको ५ वर्षभित्र र ऐन प्रारम्भ हुनुभन्दा पहिलाकोमा ०३७ चैत्र मसान्तभित्र कुनै एक मुलुकको नागरिकता रोज्नुपर्ने प्रावधान भएकोमा त्यसरी नागरिकता नरोजी कतैको पनि नागरिकता नलिई बसेर म्याद नाघेका व्यक्तिहरू नागरिकताबाट बञ्चित रहेका छन् ।

**संस्थागत समस्या**

- पर्याप्त जनशक्ति र भौतिक सुविधाको अभाव,
- कर्मचारीहरूलाई कानुन र नीतिको ज्ञान दिने पर्याप्त तालिमको अभाव,
- व्यक्तिगत घट्ना दर्ता अभिलेख व्यवस्थित हुन नसक्नु,
- सम्बन्धित निकायमा सिफारिशकर्ताको लगत हुन नसक्नु,
- जिल्ला प्रशासन कार्यालयमा नागरिकताको अभिलेख व्यवस्थित हुन नसक्नु,
- नागरिकता प्रमाणपत्रमा वैज्ञानिकता र एकरूपता हुन नसक्नु,

**अन्य समस्याहरू**

- नागरिकता लिन बाँकी वालिगको संख्या निश्चित हुन नसक्नु,
- नागरिकता प्रमाणपत्र सच्याउने व्यवस्था हुन नसक्नु,
- जन्मसिद्धका भाइ बहिनीको समस्या रहनु,
- गैर कानुनी तवरले नागरिकता बनाउने प्रवृति देखिनु,
- दोहोरो नागरिकता लिने प्रवृत्ति देखिनु,
- आर्थिक वोझ,
- वितरण प्रक्रियामा एक रूपता हुन नसक्नु,
- निर्देशन कार्यान्वयनमा एक रूपता कायम हुन नसक्नु,
- नागरिक र गैर नागरिक छुट्याउन कठिन हुनु र
- समस्या समाधानकोलागि सुझावहरू

**क्षमता**

राष्ट्रको वहन क्षमता (Charring Capacity) लाई वृद्धि गर्नुपर्ने । जस्तै : भू-राजनीतिक स्थिति, खुल्ला सीमाना, जनसंख्या वृद्धिदर, शरणार्थीको प्रवाह, श्रोत र साधन राष्ट्रिय हित, नागरिकको हितको सुरक्षा

**अभिलेख व्यवस्थापन**

- व्यक्तिगत घटना दर्तालाई स्थानीयस्तरमै व्यवस्थित गर्ने।
- नागरिकता दर्ता अभिलेखमा सिफारिशकर्ता सहितको सबै विवरणहरू राख्ने व्यवस्था गर्ने।
- व्यक्तिगत घट्ना दर्ता अभिलेख जिल्लास्तरमा पनि राख्ने व्यवस्था गर्ने ।
- नागरिकता वितरण जिल्ला अभिलेख व्यवस्थापन अधिकारीद्वारा गराउने व्यवस्था गर्ने।
- जिल्ला अभिलेख व्यवस्थापनको आधारमा केन्द्रीय अभिलेख व्यवस्थापन कार्यालय खोली अभिलेख पनि व्यवस्थित गर्ने व्यवस्था मिलाउने।
- अंगिकृत नागरिकको छुट्टै अभिलेख राख्ने व्यवस्था गर्ने ।
- आमाको नामबाट पनि नागरिकता दिन सकिने व्यवस्था गर्ने ।
- कारण सहित विना सिफारिश आवेदन दर्ता हुन आएमा प्रमुख जिल्ला अधिकारीले स्थानीय निकायमा बुझी नागरिक भएमा प्रमाणपत्र दिनसक्ने व्यवस्था गर्ने ।
- टोली खटाई योग्यलाई नागरिकता वितरण गरी २०३२ र २०४४ को लगत अध्यावधिक गर्ने।
- वंशजको आधारमा नागरिकता माग गरी आवेदन परेकोमा शंकाको कारण नभए सिफारिशको आधारमा दिने व्यवस्था गर्ने ।
- नागरिकता वितरण Manual लागू गर्ने ।
- केन्द्रीय नागरिकता Monitoring Cell ले अनुगमन गर्ने व्यवस्था मिलाउने ।
- नागरिकता वितरण गर्ने कर्मचारीलाई Orientation Training दिने ।
- प्रमाणपत्र वितरण अधिकारीको दस्तखत नमूना केन्द्रमा Micro Filing गरी राख्ने । ●

# महिला तथा बालबालिका बेचबिखन र आमाको नामबाट नागरिकताको सम्बन्ध

❑ **भगवती नेपाल,** उपाध्यक्ष गैसस महासंघ



राष्ट्रले आफ्नो नागरिक हो भनेर पहिचान गराउने प्रमाण भनेको नागरिकता हो। नेपालमा नागरिकता दिने धेरैवटा तरिका छन्। तर नेपालको संविधान र ऐन कानुन अनुसार नागरिकता प्रदान गर्दा अपनाइने प्रक्रिया र पुऱ्याउनु पर्ने प्रमाणमा जन्म दिने आमाको स्थान छैन। जसले गर्दा धेरै बालवालिकाले आफ्नो राष्ट्रिय पहिचानको प्रमाण (जन्मदर्ता र नागरिकता) पाउन सकिरहेका छैनन्। नेपालको कानुन अनुसार ( जग्गा खरिद विक्री, नोकरी, व्यवसाय, बैकिङ कारोवार जस्ता महत्वपूर्ण कार्य आदि) कुनै पनि स्थानमा वयस्क व्यक्तिले कानुनी प्रक्रियामा काम गर्न आवश्यक पर्ने परिचयको माध्यम भनेको नागरिकताको प्रमाणपत्र मात्र एक हो। एक जना व्यक्तिले नागरिकताको प्रमाणपत्र नपाउँदा व्यक्ति, समाज र राष्ट्रलाई पर्ने धेरै प्रकारका असरहरू हुन्छन् र धेरै स्थानमा नागरिकताको सम्वन्ध हुने गर्दछ। तर यहाँ महिला तथा बालवालिकाको वेचविखनसँगको सम्वन्धवारेमा थोरै चर्चा गर्न खोजिएको छ। काम गर्ने दौरानमा आएको समस्या, प्रभावितले पोखेका भावना र आफूलाई भएको अनुभूतिलाई लिपिवद्ध गर्न खोजेको मात्र छु। यसले नीतिनिर्माणकर्ता, कार्यान्वयन गर्ने र वच्चा जन्माउन विर्य प्रदान गर्ने तर उक्त वच्चा स्वीकार्य गर्न नसक्ने प्रवुद्ध व्यक्तिहरूलाई एक पटक घोत्लिन सहयोग गर्न सक्छ भन्ने विश्वास गरेकी छु।

आमालाई आफ्ना छोराछोरीको वावु को हो थाहा भएर पनि सामाजिक मान्यता, संस्कार र सामाजिक व्यवहारको डरले, वावु थाहै नहुने अवस्थाको कारण वावु चिनिएको पनि छ र स्वीकार नगरेको कारण देशको कानुन अनुसार जन्मदर्ता हुन सक्दैन। जन्मदर्ता नहुने बित्तिकै नाम राख्न पाउने अधिकार र पढ्न पाउने अधिकारबाट वञ्चित हुन्छन्। यदि पढ्ने कुनै तरिकाले पढिहाले पनि सरकारी सुविधावाट वञ्चित हुन्छ। यस्तो परिस्थितिमा वालवालिकाको आर्थिक स्थिति मजवुत हुने त कुरै भएन साथसाथै शैक्षिक स्तर अगाडि वढाउन पनि सक्दैनन्। अर्कोतिर सामाजिक रूपमा अपहेलित र घृणित हुने पनि वातावरण सिर्जना गरिएको हुन्छ। जसको परिणाम कस्तो होला? तपाई हामी सवै जना पटक पटक आफू त्यो अवस्थामा उभिएर सोचौं त। यस्तो स्थितिको सिर्जना भएपछि किशोरावस्थामा विद्रोही भएर अपराधिक क्रियाकलापमा नलागिएला त? मायाको खोजीमा अपराधीको फन्दामा नपरिएला त? त्यसकारण त्यो व्यक्ति वेचविखनमा पर्ने र वेचविखन गर्ने दलालको समूहमा पुग्ने सम्भावना वढी देखिन्छ। हालसम्म भेटिएका स्थानीय स्तरका दलालहरू कति त साथीको संगतले गर्दा थाहै नपाई दलाल भइसकेको अवस्था पनि छ। यी कुरा सवैले अध्ययन गरेर आमाको नामबाट पनि जन्मदर्ता हुने कानुन र वातावरण तयार गरेमा त्यस्ता धेरै वालवालिकालाई बेचविखनको शिकार हुनवाट र अपराधिक कार्यवाट वचाउन सकिन्छ। यतातिर हामीले सोच्नु आवश्यक छ।

**नागरिकता र बेचबिखनको सम्बन्ध**

माथि उल्लेख गरिएको कारणबाट जन्मदर्ता नभएका व्यक्तिले नागरिकताको प्रमाणपत्र पाउन त्यति सजिलो छैन। वावुको किटान भएकालाई पितृत्वको ठेगान नभएको भनेर गाह्रै गरी भए पनि दिलाउन सकिने वैधानिक प्रावधान त छ। वावुले अस्वीकार गरेकाहरूको लागि त्यो पनि अवस्था छैन।

नागरिकता नहुने बित्तिकै त्यो व्यक्तिसँग क्षमता र योग्यता भए पनि उक्त योग्यता र

"आमाको नामबाट पनि जन्मदर्ता हुने कानुन र वातावरण तयार गरेमा त्यस्ता धेरै बालबालिकालाई बेचबिखनको शिकार हुनेबाट र अपराधिक कार्य गर्नबाट बचाउन सकिन्छ कि ? एक पटक सबैले सोच्ने हो कि त ?"

> "नागरिकता नहुने बित्तिकै त्यो व्यक्तिसँग क्षमता र योग्यता भए पनि उक्त योग्यता र क्षमता अनुसारको रोजगारीबाट बञ्चित हुन्छ । क्षमता भए पनि जग्गा खरिद बिक्री गर्ने प्रक्रियाबाट बञ्चित हुन्छ । त्योबाट बञ्चित हुन्छ । उद्योग व्यवसाय गर्नबाट बञ्चित हुन्छ ।"

क्षमता अनुसारको रोजगारीवाट वञ्चित हुन्छ । क्षमता भए पनि जग्गा खरिद विक्री गर्ने प्रक्रियावाट वञ्चित हुन्छ । नेपाल सरकारले अहिले वैदेशिक रोजगारीको लागि श्रम शक्ति तयार गरी श्रम वजार पठाउने नीति लिएको अवस्था छ । त्योवाट वञ्चित हुन्छ । उद्योग व्यवसाय गर्नवाट वञ्चित हुन्छ । अव हामी आफै विचार गरौं उसको जिविकोपार्जनको उपाय के हुन्छ होला ? यस्तो अवस्थामा रोजगारीको खोजीमा लाग्दा पढेलेखेको होस वा नपढेको, धनी होस वा गरिव, ठूलो वा सानो जात, दलालको फन्दामा परेर वेचविखनको शिकार हुन सक्ने खतरा अन्य वैधानिक अधिकार प्राप्तवालालाई भन्दा वढी हुन्छ । वेचविखनमा परिसकेपछि स्वदेशमा भए त्यो ठाउँवाट उम्कने कसरी ? कानुनी प्रक्रियामा जान उ आफैं देशको नागरिक हो भन्ने प्रमाण उसले कसरी दिने र उसको पक्षमा कसले नै वोलिदिने ? आफू वेचविखनमा पनि पऱ्यो, न्यायको ढोका ढक्ढकयायो न्याय पाएन त्यसपछि उसमा अपराधिक मानसिकताको विजारोपण भएर उ आफू पनि फेरि त्यही दलाल काममा नलाग्ला भन्न सकिन्न । त्यसकारण यतातिर राज्यले गम्भीर भएर सोच्नु पर्छ । यो त भयो एउटा पाटो जुन वेचविखनमा नपरेका तर जोखिममा रहेकाको स्थिति ।

अव वेचविखनमा परिसकेकाको पनि चर्चा गरौं । 'मैले वावुलाई घुस खुवाएर नागरिकता वनाएकी हुँ' यो भनाई हो वेचिएर घर फर्केपछि वावुले नागरिकता वनाई दिन नमानेको र वावुलाई पैसा दिएपछि नागरिकता लिन सफल महिलाको । यो त उदाहरण मात्र हो । यो क्षेत्रमा यस्ता कयौं घटना फेला पर्छन् । एकजना महिलाले वेचविखनमा परेर यौन व्यवसाय गर्न वाध्य भएकी हुन्छिन् तर आफ्नो जन्मघर फर्केपछि यदि उनले त्यो अपराधको उजागर गरेर अपराधीलाई कारवाही गराउने प्रयत्न गरिन भने सामाजिक र धार्मिक मान्यताको आडमा अविवाहित भएमा आफ्नै वावुले पनि वनाइ दिन अस्वीकार गर्दछन् र यदि विवाहित हो भने त झन न श्रीमानले वनाइदिने कुरै भएन । अपराधीको जालमा परेर वेचिएकी भए पनि यस्तो अवस्थामा आफ्नै देशभित्र राज्यविहीन भएर वस्नुपर्ने हुन्छ । यदि आमाको नामवाट पनि नागरिकता दिने व्यवस्था भएको खण्डमा यो समस्या समस्या कसैले भोग्नु पर्दैन थियो भने यो अवस्थामा कमी आई समतामूलक र शोषणरहित समाज वन्नेतर्फ राज्य उन्मुख हुने थियो ।

अन्तमा पाठकवर्गमा एकातिर यस्तो समस्या कतिनै होला र यो कुरा गर्नु पऱ्यो भन्ने पनि लाग्न सक्छ भने अर्कोतिर विदेशीसँग महिलाले विवाह गरेर देशको सम्पत्ति सवै वाहिर पुऱ्याउँछन् भन्ने पनि तर्क उठिरहेको छ । त्यसैगरी सामाजिक संरचना खल्वलिने तर्कले पनि ठाउँ पाइरहेको अवस्था छ । संख्यात्मक रुपमा कुरा गर्दा म महिला आत्मनिर्भरता केन्द्रले काम गर्ने क्रममा आफ्नो कार्यक्रम क्षेत्रको अवस्था के देखिँदोरहेछ भने थाङ्गपालधाप गाविसका पनि सम्पर्कमा आएका व्यक्तिको मात्र अभिलेख राख्ने जमर्को **गर्दा........ जनाको** जन्मदर्ता हुन सकेका छैनन् । यसले के स्पष्ट हुन्छ भने कार्यमूलक अनुसन्धान गर्ने हो भने विकराल अवस्था नभेटिएला भन्न सकिदैन । त्यसैगरी विदेशीसँग विवाहको कुरा गर्दा यो महिला पुरुष दुवैको वरावर भइरहेको छ । त्यसकारण महिलाको वैवाहिक सम्वन्धको मात्र कुरा गर्दा सरकारले गरेको अन्तराष्ट्रिय सन्धि सम्झौताविरूद्ध हुन जाने हुन्छ । त्यसकारण अध्ययन गरेर वास्तविक रूपमा राष्ट्रको विरूद्धमा देखिएमा छुट्टै कानुनी व्यवस्था वनाउन उचित होला न कि नावालकको नाम राख्न पाउनेदेखि लिएर कुनै पनि व्यक्तिको नागरिकता, राजनैतिक, आर्थिक, शैक्षिक, सामाजिक र स्वास्थ्य अधिकारवाट वञ्चित गर्नु भन्दा समतामूलक कानुनको निर्माण गरेर मात्र सवैले न्याय पाउने व्यवस्था हुन्छ र देशमा अन्तर्विरोध र अन्तरद्वन्द्व कम हुन्छ । साथै मानिस, समाजको सोच र दृष्टिकोणमा परिवर्तन गर्नु आवश्यक छ अनि मात्र देशको प्रगतिलाई सहयोग पुग्छ । ●

**बेचबिखन विरुद्धमा प्रभावकारी कानुन, आजको ज्वलन्त आवश्यकता हो ।**

# आमाको नामबाट नागरिकता पाउनु सन्तानको नैसर्गिक अधिकार हो

❑ उषा खड्का, अध्यक्ष, महिला विकास स्वरोजगार प्रशिक्षण केन्द्र

जुनसुकै देशको पनि विकास महिला र पुरुषको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ। महिला र पुरुष भनेका एक रथका दुई पाङ्ग्रा अथवा एक सिक्काका दुई पाटा हुन्। महिला वर्गलाई कुनै पनि क्षेत्रमा अलग राख्न मिल्दैन। आधा आकाश आधा पृथ्वी ढाक्ने महिला वर्गको सहभागिता प्रत्येक विकास क्षेत्रमा समानरूपले संलग्न भयो भने मात्र त्यो क्षेत्रको विकास सम्भव हुन्छ।

महिलाको वर्तमान स्थिति हेर्ने हो भने दयनीय छ। आफूले जन्माएको छोराछोरीलाई वंशजको नाताले पनि आमाले नागरिकता दिलाउन सक्दिनन्। पतिसँग पत्नी छोराछोरीलाई नागरिकता दिलाउन बिन्ती भाउ गर्नुपर्छ। पतिले रिस उठेको मन नपरेको पत्नीको छोराछोरीलाई, मेरो छोराछोरी होइन भनेर नागरिकता प्रमाणपत्र नदिन पनि सक्छ। मानवीय अधिकारबाट नै बञ्चित हुन पुगेकी महिलाको अवस्था दयनीय मात्र नै छ। नेपाल अधिराज्यको संविधान २०४७ भाग ३ को दफा (११) उपदफा (१) मा 'सबै नागरिक कानुनको दृष्टिमा समान हुने छ। कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन' भन्ने प्रष्ट लेखिएको छ।

यसैगरी उपदफा (२) मा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने उल्लेख भएको छ। यसरी संविधानले नै लिङ्गको आधारमा (महिला-पुरुष) भेदभाव नगर्ने प्रतिबद्धता व्यक्त गरे पनि व्यवहारमा भेदभाव हुनु अत्यन्तै दुःखद घटना हो। व्यवहारमा यी मौलिक अधिकारबाट महिला बञ्चित हुन गएकाले नेपालमा महिलाको नैसर्गिक अधिकार हक कुण्ठित हुन पुगेको छ। महिला पनि नागरिक नै हुन्। यसरी नागरिक हक अधिकारमा पुरुष र महिलाबीच यति ठूलो फाटो व्यवहारमा देखिँदा कतिपय नेपाली महिलाका छोराछोरी नेपालको नागरिक हुनबाट बञ्चित हुन पुगेका छन्। छात्रवृति पाउन, पढ्न देशवाहिर जान, कलेज भर्ना हुन, जागिर खान, बैंकमा खाता खोल्न यी सबै गतिविधिका लागि नागरिकता नै चाहिन्छ। "आज के जमाना आयो, महिलाहरू पुरुषका प्रतिद्वन्द्वी भए" भनेर हाँसो गर्छन्। यस विषयमा एकजना छोरा र छोरी वयस्क भइसकेका महिलाले आफ्नो कथा सिडिओ कार्यलयमा भएकै घटना सुनाएकी थिइन्।



"तपाईं यी केटा केटीको आमा कि बाउ, बाउ जस्तो त लाग्दैन। तपाईंलाई थाहा हुनुपर्ने छोरा छोरीलाई नागरिकता दिलाउन त जुँगा भएको बाबु नै आउनु पर्छ। तपाईंको नागरिकताले कहाँ बन्छ नागरिकता ?"

आफ्नो नागरिकता लिएर छोराछोरीको नागरिकता बनाउन गएकी महिलालाई जिल्ला प्रशासन कार्यालयका कर्मचारीले "तपाईं यी केटाकेटीको आमा कि बाउ, बाउ जस्तो त लाग्दैन। तपाईंलाई थाहा हुनुपर्ने छोराछोरीलाई नागरिकता दिलाउन त जुँगा भएको बाबु नै आउनु पर्छ। तपाईंको नागरिकताले कहाँ बन्छ नागरिकता ?" ती महिलाले अहिलेसम्म पनि छोराछोरीको नागरिकता बनाउन पाएकी छैनन्। उनको पति छोराछोरी सानै हुँदा विदेश गएका थिए, पछि अर्की स्वास्नी विवाह गरेर उतै बसे। विवाह गर्दा कुनै लिखित प्रमाण पनि छैन। अहिले छोरा २२ वर्ष र छोरी १९ वर्षकी भई, दुवैको नागरिकता छैन। बाबु नभएमा, बाबुले नागरिकता नबनाएपछि आमाका छोराछोरीले नागरिकता नपाएका धेरै मुद्दा छन्। यस विषयमा चर्चा प्रस्तुत भएको छ।

महिला अधिकारवादीहरू, कानुनविज्ञहरूले

यसमा छलफल एवं पहल नगरेका पनि होइनन् । जे जति पहल गरे पनि यस विषयमा एकल महिलाहरू निरुत्साहित भएका छन् । महिलालाई यस मुद्दाले गर्दा अयोग्य, निर्बल, आश्रित, असमर्थ बनाएको छ । महिलामा आश्रित निरपराध, अवोध, निर्दोष बालबालिका पीडित र अशिक्षित मात्र होइन नागरिक नै हुन नपाएपछि उपेक्षित हुन पुगेका छन् । यो अभिशापको दोषी महिला पनि होइनन् तिनले जन्माएका छोराछोरी पनि होइनन् । यो दोष कानुनविदहरूको हो, संविधानलाई मिच्ने र संविधानलाई नमान्नेहरूकै हो । शास्त्रमा "मातृ देवी भव" भनेर पहिला उच्चारण गरेर "पितृदेव भव" भनेर पछि उच्चारण गरिन्छ । शास्त्रको परिधिमा उच्च देवीको रूपमा महिलालाई आशिन गराएको छ तर नेपाली समाजमा सवभन्दा पछाडि महिलालाई उभ्याएको छ । सन्तानप्रतिको हक पनि उसलाई प्रदान गरिएको छैन । आफ्नो छोराछोरीको हक दिलाउन नसक्ने अवस्थामा महिलाको स्थिति हुँदा के होला ? छोराछोरीको आमा पनि हुन् तर कानुनले यो हक खोसेको छ ।

आमाको नागरिकताको आधारमा छोराछोरीलाई नागरिकता दिनुपर्छ । राज्यले संविधान प्रदत्त अधिकार खोस्नु हुँदैन । यसमा अविलम्ब श्री ५ को सरकारको ध्यान जाने छ भन्ने कुरामा आशा र विश्वास राख्दै भोलिका दिनमा कोही पनि नेपाली आमाका छोराछोरीले नागरिकतावाट वञ्चित हुनु नपरोस । ●

## नारीलाई सन्देश

**– नारद सिंह बिष्ट,**

*कार्यक्रम संयोजकमानवअधिकार तथा समाज सेवा केन्द्र*

*बाशुलिङ्ग गाविस- ३ ग्वानी बैतडी*

*सुदूरपश्चिमेली लोक देउडा गीत (ठाडो भाका)*

१. चेली वेची पैसा खायो मेरा वाउले पनि ।
दुःख पाउनसम्म पाए मेरा जिउले पनि ॥

२. नाताका चिफला स्वर मुईलाई लाग्यो माया ।
गाउँघर अनारो भईग्यो दलालीका छाया ॥

३. स्वदेशमा हास्ने खेल्ने थियो मेरो रहर ।
दलालीले वेचिदियो वम्वैइका सहर ॥

४. बम्वैमा कोठीका वीच राख्यो दलालीले ।
आजभोलि भउतै लाग्छ जन्म्या झलालीले ॥

लिंगमा आधारित कुनै पनि पीडादायी र हिंसात्मक कार्य, जुन सार्वजनिक वा निजी जीवन दुवैमा घटन सक्छन् र जसले महिलाहरूलाई शारीरिक, मानसिक वा यौनजन्य पीडा वा हानी पुर्याउँन सक्छ, त्यस्ता कार्यहरू महिला विरुद्ध हुने हिंसाहरू हुन् । महिलाहरूलाई यस्ता कार्य सहन बाध्य पारिने, धम्की दिइने र उनीहरूलाई आफ्नो स्वतन्त्रताबाट बञ्चित पार्न गरिने कार्यहरू पनि यसै अन्तर्गत पर्दछन् ।

**हिंसामुक्त जिन्दगी हाम्रो अधिकार, हिंसाको विरुद्धमा आवाज हाम्रो हुंकार ।**

## कार्यशाला गोष्ठीहरू

मानव बेचविखनका सन्दर्भमा अवधारणात्मक स्पष्टताका निमित्त एटविनले आफ्ना सदस्य संस्थाहरू एवं सरोकारवालाहरू वीच समय समयमा कार्याशाला गोष्ठी एवं अन्तर्रक्रिया गोष्ठीहरूको आयोजना गर्ने गरेको छ । यसै सन्दर्भमा ६ महिनाको अवधीमा २ वटा क्षेत्रीय र २ वटा जिल्लास्तरीय कार्यशाला गोष्ठी गोष्ठीहरूको आयोजना गऱ्यो ।

## क्षेत्रीय गोष्ठीहरू

### सुदुर पश्चिमाञ्चल

मिति २०६२ मंसिर २ र ३ गते एटविनको आयोजना एवं इन्सेक धनगढीको व्यवस्थापनमा सुदुर पश्चिमाञ्चल क्षेत्रस्तरीय दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरियो । महिला तथा बालबालिका बेचविखनका चुनौतीहरू शीर्षकमा आयोजित उक्त कार्यक्रममा एटविनका संयोजक विष्णु ओभा र अधिवक्ता भोला ढुङ्गाना स्रोत व्यक्तिका रूपमा हुनुहुन्थ्यो । उक्त कार्यशाला गोष्ठीमा सुदुर पश्चिमाञ्चलका ९ वटै जिल्लाबाट ८५ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्तममा मानव बेचविखनका सन्दर्भमा व्यापक बहस र छलफल भएको थियो भने बदलिंदो परिस्थिति अनुरूप मानव बेचविखनमा देखिएका थप जटिलता। यसका विरुद्धमा चालिनु पर्ने रणनीतिका बारेमा पनि कार्यक्रममा छलफल भएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरूले कार्यक्रमबाट आफूहरू लाभान्वित भएको वताएका थिए । यस क्षेत्रीयस्तरको कार्यक्रमबाट एटविनको संजाल बिस्तार कार्यक्रमलाई पनि सघाउ पुगेको देखिएको छ ।

### पश्चिमाञ्चल

मिति ०६२ मंसिर ७ र ९ गते एटविनको आयोजना एवं सिविन पोखराको व्यवस्थापनमा पश्चिमाञ्चल क्षेत्रस्तरीय दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरियो । महिला तथा बालबालिका बेचविखनमा नयाँ चुनौतीहरू शीर्षकमा आयोजित उक्त कार्यक्रममा एटविनका संयोजक विष्णु ओभा, कार्यक्रम संयोजक विमला ज्ञवाली र आर.आर.एनबाट अधिवक्ता लक्ष्मी कार्की स्रोत व्यक्तिका रूपमा हुनुहुन्थ्यो । उक्त कार्यशाला गोष्ठीमा पश्चिमाञ्चल क्षेत्रका मनाङ, मुस्ताङ, अर्घाखाँची, कपिलवस्तु र लम्जुङ वाहेकका ११ जिल्लाबाट ६५ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्तममा मानव बेचविखनका सन्दर्भमा व्यापक बहस र छलफल भएको थियो भने बदलिंदो परिस्थिति अनुरूप मानव बेचविखनमा देखिएका थप जटिलता, यसका विरुद्धमा चालिनु पर्ने रणनीतिका बारेमा पनि कार्यक्रममा छलफल भएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरूले कार्यक्रमबाट आफूहरू लाभान्वित भएको वताएका थिए ।

यस कार्यशालाको उद्‌घाटन शत्रका प्रमुख अतिथि पृथ्वीनारायण क्याम्पस पोखराका क्याम्पस प्रमुख डा. डिल बहादुर क्षेत्री रहनु भएको थियो ।

## जिल्लास्तरीय कार्यशाला गोष्ठीहरू सम्पन्न

### रामेछाप

मिति २०६२ मंसिर १२ गते एटविनको आयोजना र जागरण नेपालको संयोजनमा रामेछापका विभिन्न सरोकारवालाहरूबीच जिल्लास्तरीय एक दिने कार्यशाला गोष्ठीको आयोजना गरियो । कार्यक्रममा ५५ जनाको सहभागिता थियो । कार्यक्रमको स्रोत व्यक्तिका रूपमा डा. सुमन कर्माचार्य, अधिवक्ता पुष्करराज प्रसाई तथा हिमाल ढुङ्गेल हुनुहुन्थ्यो । रामेछापमा संचालित यस मानव बेचविखनमा अधिकारमुखी अवधारणा स्पष्टता गोष्ठीबाट एटविनको रामेछाप जिल्लासँग सम्पर्क र सम्बन्ध विस्तार भएको छ ।

### जनकपुर

मिति २०६२ माघ १६ गते एटविनको आयोजना र जिल्ला महिला सरोकार समूहको संयोजनमा जनकपुरमा विभिन्न सरोकारवालाहरूबीच जिल्लास्तरीय १ दिने कार्यशाला गोष्ठीको आयोजना गरियो । कार्यक्रममा एक सय दुई जना प्रतिनिधिहरूको सहभागिता थियो । कार्यक्रमको स्रोत व्यक्तिका रूपमा एटविनका संयोजक विष्णु ओभा र कार्यक्रम संयोजक विमला ज्ञवाली हुनुहुन्थ्यो । जनकपुरमा संचालित यस मानव बेचविखनमा अधिकारमुखी अवधारणा स्पष्टता गोष्ठीबाट

एटविनको जनकपुर जिल्ला सम्पर्क र सम्बन्ध विस्तार भएको छ । उक्त कार्यक्रमका प्रमुख अतिथि जिल्ला न्यायाधीश एकराज आचार्य रहनु भएको थियो ।

## क्षेत्रीय र अन्तराष्ट्रिय कार्यक्रमहरुमा सहभागिता

एटविनको तर्फबाट यस वर्ष विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा आयोजना भएका बेचबिखन विरुद्ध र महिला अधिकारका लागि भएका कार्यशाला गोष्ठीहरू भएका छन् ।

### चौथो जन सार्क

मिति २०६२ बंगलादेशको राजधानी ढाकामा सम्पन्न चौथो जनसार्कमा एटविनका तर्फबाट संजाल संयोजक विष्णु ओझा र सदस्य संस्था आर.आर.एनबाट लक्ष्मी कार्कीको सहभागिता रहेको थियो ।

तीन दिने उक्त कार्यक्रममा विशेषरूपमा विभेदपूर्ण विश्वव्यापीकरण र खाद्य सम्प्रभुताका बारेमा व्यापक छलफल र बहस भएको थियो ।

### GAATW बैठक

१४-१६ फरवरीमा २००६मा GAATW ले आयोजना गरेको क्षेत्रीयस्तरको बैठकमा एटविनका तर्फबाट संजाल संयोजक विष्णु ओभा र कार्यक्रम संयोजक विमला ज्ञवाली र एटविन सदस्य संस्था इन्हरेड इन्टरनेशनल/हिमराइट्सका तर्फबाट सुभाष श्रेष्ठको सहभागिता रहेको थियो । भारतको कोलकातामा आयोजित उक्त कार्यक्रममा मानव बेचबिखन विरुद्ध क्षेत्रीय स्तरका समस्याहरू र अनुभवहरूका बारेमा छलफल, बहस र निष्कर्षहरू निकालिएका थिए ।

## हामी सक्छौं अभियान

### १६ दिने कार्यक्रम

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्धको दक्षिण एशियाली "हामी सक्छौं" क्षेत्रीय अभियानमा एटविनले नेपालमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । विगतमा महिला अदालत जस्ता कार्यक्रम आयोजनामा नेतृत्वदायी भूमिका रहेको थियो । अभियानकै क्रममा नोभेम्बर २५ देखि १० डिसेम्बर, २००५ सम्म महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्धमा १६ दिने हस्ताक्षर संकलन अभियान कार्यक्रमको आयोजना गरियो । काठमाडौंका विभिन्न व्यस्त चोकहरूमा आयोजित उक्त कार्यक्रमको मूल लक्ष्य समाजमा चेतना फैलाउनु र मानिसहरूलाई "हामी सक्छौं" अभियान तर्फ आकर्षित गर्नु रहेको थियो ।

अभियानका क्रममा व्यापकरूपमा पर्चा वितरण गर्नुका साथै सयौं मानिसहरूलाई प्रत्यक्ष सूचना प्रवाह गरियो र हजारौं जनाको महिला हिंसा विरुद्धमा प्रतिबद्धता जनाउनका लागि हस्ताक्षर संकलन गरिएको उक्त १६ दिने कार्यक्रमको अन्तिम दिन वीरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्रमा समापन गरिएको थियो ।


महिलाको हिंडुडुलको स्वतन्त्रता, आवश्यक छ सुनिश्चितता

**मानव बेचबिखन विरुद्ध कार्यरत संघ-संस्था र संजालहरू बीच २०६३ सालले अझ एकजुट र प्रभावकारी रूपमा सहकार्य गर्ने सहज वातावरण सृजना गर्न प्रेरणा प्रदान गरोस् ।**

AATWIN

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटविन) ।
पो.ब.नं. १००८६, काठमाडौं, नेपाल ।
फोन : ४२२९७८७/४२४०७०९, फ्याक्स : ४२४०७०९
इमेल : aatwin@wlink.com.np वेबसाइट : www.aatwin.org

विष्णु ओभा
संयोजक
तथा
सम्पूर्ण एटविन परिवार

# एटविन गतिविधि



पश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, पोखरा



पश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, पोखरा




पश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, पोखरा



पश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, पोखरा



सुदूरपश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, धनगढी



सुदूरपश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, धनगढी




सुदूरपश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, धनगढी



सुदूर पश्चिमाञ्चल क्षेत्रीय गोष्ठी, धनगढी

# मानव बेचबिखन/ओसार-पसार कहिलेसम्म
# यस्ता विभेद रहन्छन् जहिलेसम्म











AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह-नेपाल**

एटविन सेक्रेटारियट, पो.ब.नं. १००८६, बिजुलीबजार, काठमाडौं, फोन नं. ४२४०७०९, ४२२७८७, फ्याक्स: ४२४०७०९

इमेल: aatwin@wlink.com.np,: वेबसाइट: www.aatwin.org

Oxfam